# पहिला मेरो बाइबल

अनुवादक - प्रकाश मानन्धर
शुद्धिकरण - धन बहादुर पुलामी



पहिलो वर्ष
त्रैमासिक ४


| | | विषय सूची | पाना नं. |
|---|---|---|---|
| ☐ | पाठ १ | समयका उतार चढावहरू | १ |
| ☐ | पाठ २ | गिदोनलाई बोलावट | ५ |
| ☐ | पाठ ३ | स-साना परीक्षाहरू | ९ |
| ☐ | पाठ ४ | शिमशोन | १३ |
| ☐ | पाठ ५ | विश्वासी रूथ | १७ |
| ☐ | पाठ ६ | हन्नाहको प्रार्थनाको सुनुवाई | २१ |
| ☐ | पाठ ७ | शमूएलले परमेश्वरको बोलावट सुन्छन् | २५ |
| ☐ | पाठ ८ | स्वर्गदूतहरूद्वारा परमेश्वरको सन्दूकको रक्षा | २९ |
| ☐ | पाठ ९ | अरूजस्तै हुने इच्छा | ३३ |
| ☐ | पाठ १० | राजा शाऊल घमण्डी हुन्छन् | ३७ |
| ☐ | पाठ ११ | परमेश्वरले चुन्नुभएको एउटा नयाँ राजा | ४१ |
| ☐ | पाठ १२ | दाऊद र गोल्यत | ४५ |
| ☐ | पाठ १३ | डाहले कस्तो परिणाम ल्याउँदछ | ४९ |

# याद गर्नुपर्ने पदहरू:

१. "तिमीहरूले कसको सेवा गर्ने आजै तिमीहरूले रोज, तर म र मेरो घरानाले परम्प्रभुकै सेवा गर्नेछौं ।" – यहोशू २४:१५

२. "जुन बेला मलाई डर लाग्छ, म तपाईंमा भरोसा राख्नेछु ।" – भजनसंग्रह ५६:३

३. "'न त बलले न शक्तिले, तर मेरो आत्माले,' सर्वशक्तिमान् परमेश्वर भन्नुहुन्छ ।" – जकरिया ४:६

४. "दुष्ट मानिसको खराब कामले त्यसलाई पासोमा पार्छ, र आफ्नै पापको बन्धनमा त्यो जेलिन्छ ।" – हितोपदेश ५:२२

५. "तपाईंका मानिसहरू मेरा मानिसहरू हुनेछन्, अनि तपाईंका परमेश्वर मेरा परमेश्वर हुनेछन् ।" – रूथ १:१६

६. "एउटा बालकलाई पनि उसको गतिविधिबाटै उसको चालचलन ठीक भए नभएको थाहा गर्न सकिन्छ ।" – हितोपदेश २०:११

७. " 'म त बालैक छु,' भनी नभन् । जसकहाँ म तँलाई पठाउँछु, ती हरेक कहाँ तँ जानैपर्छ, र जे-जे म तँलाई आज्ञा गर्छु, ती तैंले भन्नैपर्छ ।" – यर्मिया १:७

८. "म परमप्रभु हुँ, मेरो नाउँ त्यही हो! मेरो महिमा म अरूलाई दिनेछै नँ, अथवा मेरो प्रशंसा मूर्तिहरूलाई दिनेछैनँ ।" – यशैया ४२:८

९. "आफ्ना सारा मार्गमा उहाँलाई सम्फी, र उहाँले तेरा मार्गहरू सोभ्ा तुल्याइ दिनुहुनेछ ।" – हितोपदेश ३:६

१०. "होमबलि र बलिदानभन्दा बेसी परमप्रभुले आज्ञापालन नै रूचाउनु हुन्न र? आज्ञापालन बलिदान भन्दा उत्तम हो, र उहाँको वचन मान्नु भेंडाको बोसो भन्दा असल हो ।" – १ शमूएल १५:२२

११. "मेरो अर्ती सुन र बुद्धिमान् होओ, त्यसको अवहेलना नगर ।" – हितोपदेश ८:३३

१२. "तँ त मसँग लड्न तरवार, भाला र बर्छा लिएर आएको छस्, तर म तँसँग लड्न तैंले विरोध गरेको इस्राएलका फौजहरूका परमेश्वर, सर्वशक्तिमान् परमप्रभुको नाउँमा आएको छु ।" – १ शमूएल १७:४५

१३. "कुनै-कुनै मित्रचाहिँ दाजुभाइ भन्दा नजिक टाँसिन्छ ।" – हितोपदेश १८:२४

# पहिला मेरो बाइबल

पहिलो वर्ष

अध्याय–४, पाठ–१

# समयका उतार चढावहरू



## आइतबार

१ इस्राएलीहरूले सबै लडाईंहरू जित्दै थिए । सबैलाई यो कुरो थाहा थियो । हाम्रा सर्वशक्तिमान् परमेश्वरको सहयोगद्वारा तिनीहरूले ती लडाईंहरू जित्दै थिए भन्ने कुरा पनि तिनीहरूलाई थाहा थियो ।

जब तिनीहरूका शत्रुहरू युद्धका लागि निस्कन्थे, तब तिनीहरूले घोडा र रथहरू प्रयोग गर्थे । त्यसले गर्दा तिनीहरूलाई समातेर कैद गर्न इस्राएलीहरूलाई सहज हुन्थ्यो । तर परमेश्वरले इस्राएलीहरूलाई त्यसो गर्न मनाही गर्नुभएको थियो । घोडा र रथहरूको कारणले तिनीहरूले विजय हासिल गरेका हुन् भनी तिनीहरूले ठान्नेछन्, र तिनीहरू परीक्षामा पर्नेछन् भन्ने कुरा परमप्रभु जान्नुहुन्थ्यो । तर तिनीहरूले घोडा र रथहरूले गर्दा जितेको नभई परमेश्वरको सहयोगद्वारा जितेका थिए । त्यसै कारण इस्राएलीहरूले कनानका कमजोर शहरहरूसँग लडाईंहरू जित्दै थिए ।

कनानमा अझै पनि धेरै शक्तिशाली शत्रुहरू भए तापनि, परमेश्वरले तिनीहरूलाई सखाप पारिनुपर्छ भन्नुभएको थियो, अनि इस्राएलीहरू नै त्यहाँका शासक हुन् भन्ने कुरा सबैलाई थाहा भइसकेको थियो । त्यसैकारण लडाईं केही समयका लागि रद्द गरियो । भिन्ना-भिन्नै जातिहरूका बीचमा जग्गा-जमिन बाँडफाँड गर्न त्यही नै सही मौका थियो, र जग्गा-जमिन बाँडफाँड गरिसकेपछि, यदि इस्राएलीहरूले परमेश्वरको शक्तिमाथि भरोसा राखी आफ्नो काम गरे भने परमप्रभुले तिनीहरूका शत्रुहरूलाई धपाउनमा मद्दत गर्नुहुन्थ्यो ।

प्रत्येक जातिहरूले कहाँ बसोबास गर्नुपर्ने हो, सो कुरा परमेश्वरले भन्नु अघि, धेरै वर्ष अघि मोशाले कुनै व्यक्तिलाई गरेको प्रतिज्ञाको बारेमा यहोशूले सम्झना दिलाए । चलाक

**याद गर्नुपर्ने पदहरू:**

"तिमीहरूले कसको सेवा गर्ने आजै तिमीहरूले रोज, तर म र मेरो घरानाले परमप्रभुकै सेवा गर्नेछौं ।" – यहोशू २४:१५

जासूस कालेब भन्ने व्यक्तिलाई त्यो प्रतिज्ञा गरिएको थियो । पैंतालीस वर्ष अघि, यहोशूको साथमा उनले कनानबाट असल समाचारहरू ल्याएका थिए । अब इस्राएलमा यहोशू र कालेब नै पाको मानिसहरू थिए । कालेबले कनानको भूमिमा कब्जा गर्नुपर्नेछ भनी मोशाले कालेबलाई प्रतिज्ञा गरेका थिए, र अब त्यो प्रतिज्ञालाई पूरा गर्ने बेला आएको थियो ।

कालेबले के कुराको माग गरे त, के तपाईंलाई थाहा छ? तिनले सोचे जस्तै कसैले जित हासिल गर्न नसक्ने एउटा जमिनको माग गरेको थियो । त्यस ठाउँमा धेरै शक्तिशाली मानिसहरू बसोबास गर्थे, र शहर धेरै नै शक्तिशाली थियो । तर त्यस शहरलाई कब्जा गरेर शत्रुहरूलाई त्यहाँबाट सजिलैसँग धपाएर कालेबले आफ्नो जवान सिपाहीहरू र सारा इस्राएलीहरूलाई साबित गरी देखाउन चाहन्थ्यो । तिनीहरूले केवल हाम्रा महान् परमेश्वरमाथि भरोसा राख्नु जरूरी थियो । यहोशू १४:१०–१४ पढ्नुहोस् ।

**सोच्नुहोस्:** के आज परमेश्वर केवल शक्तिशाली मात्र हुनुहुन्छ र? यदि तपाईंले परमेश्वरमाथि भरोसा राख्ने कोही पाको मानिसहरूलाई चिन्नुहुन्छ भने, परमेश्वरले

तिनीहरूलाई सहायता गर्नुभएको समयहरूको बारेमा तपाईंलाई बताउन तिनीहरूलाई किन अनुरोध नगर्ने त?

## सोमबार

२

यो समय पवित्रस्थान कहाँ थियो? लेवीहरू कहाँ बसोबास गर्दै थिए? त्यहाँ शरण-नगर भन्ने ठाउँ हुनुपर्थ्यो भनी मोशाले भनेका थिए। ती शहरहरू के-का लागि थियो?

पवित्रस्थान "गिलगाल" भन्ने ठाउँमा थियो, जहाँ इस्राएलीहरूले यर्दन नदी तरेर छाउनी बनाएका थिए। तर अहिले त्यो पवित्रस्थानलाई कनानको मुख्य ठाउँ 'शिलोमा' सारेका थिए। शिलोमा शत्रुहरू थिएनन्, त्यसैकारण परमेश्वरको स्तुति-आराधना र महिमा र प्रशंसा चढाउनका निम्ति त्यो नै सुरक्षित ठाउँ थियो।

लेवीहरू अरू जातिहरूको बीचमा बसोबास गर्थे, र तिनीहरूले अझै पनि परमेश्वरको पवित्रस्थानको रेखदेख गरिरहेका थिए। तिनीहरूका कतिवटा शहरहरू थिए? यहोशू २१:४१ पढ्नुहोस्।



लेवीहरूका छ वटा शहरहरूलाई शरण-नगर भनिन्थ्यो। गन्ती ३५:६ पढ्नुहोस्। ती मध्ये तीन वटा शहरहरू यर्दन नदीको वारीपट्टि थिए भने तीन वटा चाहिँ यर्दन नदीको पारीपट्टि थिए।

ती शहरहरू त्यस्तो ठाउँमा थिए, कि मानिसहरू कनानका कुनै ठाउँबाट केवल एकदिन हिँडेरै त्यहाँ पुग्न सक्थे। ती शहरहरू के-का लागि थिए? यहोशू २०:९ पढ्नुहोस्।

मानिसहरूलाई शरण नगरहरूको बारेमा जानकारी गर इएको थियो। कुनै निर्दोष व्यक्ति शत्रुहरूबाट भागेर सुरक्षित साथ त्यस ठाउँमा लुकेर बस्न सकिन्छ भन्ने कुरा मानिसहरूलाई थाहा थियो।

**सोच्नुहोस्:** दुष्ट शैतानबाट बच्नको निम्ति परमेश्वरले हामीलाई शरण दिनुहुन्छ भनी ती शरण-नगरले मानिसहरूलाई सम्झना दिलाउँथ्यो। हामी कुनै पनि बेला भागेर त्यस ठाउँमा जान सक्छौं, र शैतानले सोचे जस्तै हामी हरेक जना दोस्रो मृत्युबाट सुरक्षित बन्न सक्छौं। भजनसंग्रह ९:९; १२१:७, ८ पढ्नुहोस्।

## मंगलबार

३

अहिलेसम्म, यहोशूको उमेर १०० वर्ष नाघिसकेको थियो, तर उनी चिन्ताले ग्रसित भई इस्राएलका जनहरूलाई कुनै सहायता गर्न सकिरहेका थिएनन्। तिनीहरूमध्ये धेरैले परमेश्वरको आज्ञालाई पालना गरिरहेका छैनन् भन्ने कुरा तिनलाई थाहा थियो। दुष्ट कनानीहरूलाई सखाप पारी इस्राएलीहरूलाई सहायता गर्न परमेश्वरले वाचा गर्नुभएको थियो, तर इस्राएलीहरू हिम्मतवाला भएर अगाडि नबढ्नका लागि अनेक किसिमका वहानाहरू बनाइरहेका थिए। अनि तिनीहरूले धेरै कनानीहरूसँग मित्रता पनि गाँसिसकेका थिए, र कोही-कोहीले गोप्य रूपले तिनीहरूका मूर्तिलाई पूजा गर्दथे। यहोशू चिन्तित बन्नु कुनै अचम्मको विषय थिएन! तिनले मानिसहरूलाई धेरै प्रेम गर्थे, र परमेश्वरले तिनीहरूलाई झन् बढी प्रेम गर्नुहुन्थ्यो भन्ने कुरा तिनलाई थाहा थियो।

यहोशूले मिश्र देश छोडेपछि, तिनले धेरै वर्षसम्म सोचविचार गरे। तिनले त्यहाँ भइरहेका धेरै कुराहरूको बारेमा विचार गर्दै थिए। परमेश्वरलाई साँचो हृदयले विश्वास गर्न त्यहाँका मानिसहरूलाई निकै नै गाह्रो भएको कुरा तिनले महसूस गरिरहेका थिए। कति सजिलैसँग तिनीहरूले परमप्रभुलाई भुलेका थिए भनी तिनलाई थाहा थियो। परमेश्वर तिनीहरूसँग कति धैर्यवान् बन्नुभयो भन्ने कुरा तिनले मनमा बुझिलिएका थिए।

तिनको मृत्यु पश्चात्, मानिसहरूको के हालत होला भनी यहोशूले चिन्तित भएर मनमा विचार गर्दै थिए। मानिसहरूसँग एकचोटि बातचित गर्नुपर्छ भनी तिनले सोचे, त्यसैले तिनले धर्म-गुरूहरू र अरू सबै अधिकारीहरूलाई एकैसाथ भेलामा बोलाए। यहोशू २३:२, ३ पढ्नुहोस्।

परमेश्वरको आज्ञा बमोजिम अब्राहामले घर त्यागेको कुराहरूदेखि लिएर, इसहाक र याकूबको बारेमा पनि तिनीहरूलाई बताए। कुनै दिन परमेश्वरले कनानको भूमि, तिनी र तिनका सन्तानहरूको हातमा सुम्पिदिनेछु भनी परमेश्वरले वाचा गर्नुभएको थियो, र अब, उहाँले आफ्नो प्रतिज्ञा पूरा गर्न गइरहनु भएको छ भन्ने कुरा यहोशूले तिनीहरूलाई सम्झना दिलाए।

मानिसहरूले कति सजिलैसँग परमेश्वरको आज्ञा पालन गर्न बिर्सेका छन् भन्ने कुराको पनि यहोशूले सम्झना दिलाए। यदि तिनीहरूले निरन्तर रूपमा त्यस्तै गरिरहे भने, त्यसको नतिजा के हुनेछ भन्ने बारेमा पनि तिनले मानिसहरूलाई सतर्क गराउन खोजे। तब मानिसहरूले के भने? यहोशू २४:१६, २० :२४ पढ्नुहोस्।

**सोच्नुहोस्:** के तपाईंले कहिल्यै असल व्यक्ति बन्छु भनेर सङ्कल्प गर्नुभएको छ? कसम खान सजिलो छ,, होइन र? तर एउटा मात्र व्यक्ति को हुनुहुन्छ, जसले हामीले गरेका प्रतिज्ञाहरूलाई पूरा गर्नमा हामीलाई सहायता गर्नुहुन्छ? सहायताको लागि के हामीले हरेक दिन उहाँमा पुकारा गर्नु आवश्यक छ?

## बुधबार

४ यहोशूले मानिसहरूसँग छलफल गरिसकेपछि, सबैजना आ-आफ्नो घर गए, र यहोशू पनि घर गए । के यहोशूले राम्रो काम गरे? यहोशू ११:१५ पढ्नुहोस् ।

जब यहोशूको मृत्यु भयो, त्यतिबेला उनको उमेर ११० वर्ष थियो । अनि, मानिसहरूले एउटा विश्वासी अगमवक्तालाई गुमाउन पुगे । तर अगमवक्ताहरू जीवित रहुञ्जेल, मानिसहरूले के गरे त? यहोशू २४:३१ पढ्नुहोस् । यहोशूसितको अन्तिम भेलामा, मानिसहरूले गरेका प्रतिज्ञाको बारेमा के तपाईंलाई याद छ? पद २४ पढ्नुहोस् ।

के तिनीहरूले आफ्नो प्रतिज्ञालाई कायमै राखे होलान् त? के परमेश्वरले पनि आफ्नो प्रतिज्ञालाई कायम राख्नुभयो होला त? न्यायकर्ता १:१९ पढ्नुहोस् ।

पद १९ को बीचमा कुनचाहिँ सानो शब्दलाई तपाईंले याद गर्नुभएको छ, त्यो शब्द हो "तर" के साँच्चै नै परमेश्वरले तिनीहरूलाई भन्नुभएको काम तिनीहरूले पूरा गर्न नसेकेको कुरा सत्य नै थियो? तिनीहरू घोडा र रथहरूदेखि डराउनु आवश्यक छैन भनी परमेश्वरले पहिले नै साबित गरेर देखाउनु भएको थियो । परमप्रभु परमेश्वर स्वयम् तिनीहरूको संरक्षक हुनुहुन्थ्यो । तर परमेश्वरको निम्ति कुनै पनि काम असम्भव छैन भन्ने कुरालाई तिनीहरूले बिर्सिसकेका थिए । परमप्रभु परमेश्वर नै सर्वशक्तिमान् हुनुहुन्छ । जबसम्म तिनीहरूले परमेश्वरमाथि भरोसा गर्ने र उहाँको आज्ञा पालन गर्दैनन्, तबसम्म तिनीहरूले केही पनि कामहरू गर्न सक्ने छैनन् ।

विस्तारै-विस्तारै इस्राएलीहरूले फेरि पुरानै आदतहरूलाई पछ्याउँदै गए । दुष्ट कनानीहरूसँग सङ्गत नगर भनी परमेश्वरले भन्नुभएको थियो, तर तिनीहरूले परमेश्वरको आज्ञालाई नमानी दुष्ट कनानीहरूसँगै सङ्गत गरे । अरू देवताहरूको पूजा नगर्ने प्रतिज्ञा गरे तापनि तिनीहरू त्यसै कार्यमा लागिरहे । न्यायकर्ता १:३२ र २:११–१३ पढ्नुहोस् ।



इस्राएलीहरूको शत्रुहरू झन्-झन् शक्तिशाली हुँदै गए, शत्रुहरूले इस्राएलीहरू र परमेश्वरको पटक्कै भय मानेनन् । अनि खुशी र आनन्दित हुनुको सट्टामा इस्राएलीहरू धेरै नै सतावटमा पर्न थाले । तर त्यो कसको गल्ती थियो त? परमेश्वरको वा तिनीहरूको आफ्नै?

**सोच्नुहोस्:** हुन सक्छ, कुनैबेला तपाईंको अभिभावकहरूले तपाईंलाई यसो भनेर सम्झाउनु भएको होला, "याद गर, यदि मैले भनेको कुरा तिमीहरूले मानेनौ भने, कस्तो परिणाम भोग्नुपर्छ, सो तिमीहरूलाई थाहा छ" यदि हामीले पनि आज्ञा पालन गरेनौं भनेदेखि, के हामी पनि सतावटमा पर्छौं?

## बिहीबार

५ बाइबलमा यहोशूको पुस्तकपछि अर्को कुन पुस्तक आउँछ? त्यो पुस्तकको नाम किन "न्यायकर्ता" भनेर राखिएको होला? "न्यायकर्ताहरू" को थिए त?

यहोशू र अरू अगुवाहरूको मृत्युपश्चात, मानिसहरूले परमेश्वरलाई प्रेम गर्ने, उहाँमाथि भरोसा राख्ने र उहाँको आज्ञा पालन गर्ने प्रतिज्ञालाई बिर्सँदै गए । परमेश्वरले तिनीहरूलाई कनानको दुष्ट मानिसहरूसँग सङ्गत नगर्नू भनेर चेतावनी दिनुभएको थियो । के तिनीहरूले उहाँको त्यो आज्ञालाई पालन गरे त? न्यायकर्ता ३:५–७ पढ्नुहोस् ।




समय नबित्दै, सबैले शैतानको आज्ञालाई मानिरहेको जस्तो लाग्थ्यो । अनि जसरी परमेश्वरले तिनीहरूलाई चेतावनी दिनुभएको थियो, त्यसरी नै तिनीहरूमाथि ठूलो विपत्ति आइपर्‍यो । तर परमेश्वर अझै पनि धैर्यवान् हुनुभयो ।

जब मानिसहरूले पश्चात्ताप गरेर क्षमाप्रार्थीको निम्ति परमेश्वरसँग विन्ती चढाए, तब परमेश्वरले तिनीहरूको विन्ती सुन्नुभयो, र प्रत्युत्तर दिनुभयो । उहाँले तिनीहरूलाई साँचो प्रेम गर्नुभएको कारण तिनीहरूको निम्ति एउटा बलियो अगुवा 'न्यायकर्ता' चुन्नुभयो । तिनको नाम ओत्नीएल थियो । तिनी न्यायकर्ता भनी चिनिए । मानिसहरूले शान्ति र सुरक्षा पाए, र धेरै आभारी बन्न पुगे! पदहरू ९–११ पढ्नुहोस् ।

तर ओत्नीएलको मृत्युपछि के भयो? जब परमेश्वरको आज्ञा उल्लङ्घन हुन पुग्छन्, तब परमेश्वरले दिनुभएको चेतावनीहरू सत्य साबित बन्न पुग्छन् भन्ने कुरालाई के इस्राएलीहरूले बुझ्न सके त? पद १२ पढ्नुहोस् ।

यहोशूको मृत्यु पश्चात्, इस्राएलीहरूलाई धेरै पल्ट न्यायकर्ताको आवश्यकता पर्‍यो । वास्तवमा, मानिसहरू ३०० वर्ष भन्दा पनि बढी समयसम्म गलत मार्गमा हिँडिरहे ।

न्यायकर्ता मरेपछि, तिनीहरूले छोटो समयमा नै परमेश्वरको आज्ञा



दबोरा एउटा महिला अगमवा दिनी थिइन्, जसले इस्राएलीहरू लाई न्याय दिलाइन् । (न्यायकर्ताहरू ४)

विपरीत कार्यहरू गर्थे । त्यसपछि फेरि तिनीहरूलाई नराम्रो सतावटहरू आउँथ्यो । त्यसपछि तिनीहरूले दयाको निम्ति परमेश्वरसित प्रार्थना गर्थे, अनि फेरि परमेश्वरले तिनीहरूमाथि दया देखाएर अर्को न्यायकर्ता चुन्नुहुन्थ्यो । फेरि केही समयको लागि शान्ति आउँथ्यो । तर जब न्यायकर्ताको मृत्यु हुन्थ्यो, तब फेरि उही पुरानो प्रथाहरू शुरू हुन्थ्यो ।

**सोच्नुहोस्:** कतिपय बाल-बालिकाहरूले भनेको कुरा मान्दैनन् र चोट लागेपछि रून्छन्, अनि पछुतो गरेर सहयोगको निम्ति आमाकहाँ जान्छन् । तर घाउहरूमा औषधी लगाइदिएपछि सञ्चो पाएर आनन्दित हुन्छन्, तर के तिनीहरूले त्यो काम फेरि दोहोऱ्याउँछन्? तपाईंको आमाबुबा तपाईंप्रति धैर्यवान् हुनुहुन्छ भन्ने कुरामा के तपाईं खुशी हुनुहुन्छ? परमेश्वर इस्राएलीहरूप्रति धैर्यवान् बन्नुभए झैं, हाम्रो निम्ति पनि धैर्यवान् बन्नुहुन्छ ।

## शुक्रबार

**६** यहोशूको मृत्युपछि पनि धेरै न्यायकर्ताहरूले इस्राएलीहरूलाई मद्दत गरे । कहिलेकाहिँ कसैले पनि परमेश्वरमाथि भरोसा गर्ने र उहाँको आज्ञा पालन गरिरहेको जस्तो लाग्दैनथ्यो । तर त्यहाँ कोही मानिसहरू विश्वासिला पनि थिए, र त्यहाँ भइरहेका कामहरूप्रति दु:ख मान्थे ।

आज पनि त्यस्तै नै छ । त्यहाँ अझै पनि परमेश्वरलाई विश्वास गर्ने र उहाँको दश आज्ञाहरूको पालन गर्ने मानिसहरू धेरै छन् । अनि तिनीहरूले परमेश्वरको सहयोगद्वारा उहाँको आज्ञा पालन गर्ने अठोट गर्दछन् । परमेश्वरले मनाही गर्नुभएको कामहरू गर्ने र गलत कार्यहरू गर्ने अरू इसाईहरूलाई देखेर ती मानिसहरू दु:खी बन्थे । त्यस्तो गलत कार्य गर्नेहरूले दश आज्ञाको बारेमा अझै पनि सिक्न सकेका छैनन् । अनि कहिलेकाहिँ जानी बुझिकन त्यसलाई त्यति महत्व दिँदैनथे ।

मानिसहरूले के सोच्छन्, र तिनीहरूले आफ्नो हृदयभित्र कस्तो महसूस गर्दछन् भन्ने कुरा परमेश्वर जान्नुहुन्छ, तर के कुनै मानिसले मानिसको मनभित्रको कुरालाई बुझ्न सक्छ? अँहँ, बुझ्न सक्दैनन् । उहाँ मानिसको हृदय जान्न सक्ने परमेश्वर हुनुहुन्छ । अनि हामीलाई सबै कुराको ज्ञान छ भनी सोच्नु हाम्रो मूर्खता हो । मानिसहरूले गलत कार्यहरू गरेको देख्दा हामीलाई दु:ख महसूस हुन्छ । तर हामीले तिनीहरूको मनलाई बुझ्न सक्दैनौं । तर परमेश्वरले सबै कुराहरू बुझ्न सक्नुहुन्छ ।

त्यसैले हामीले के गर्नुपर्छ त? एउटा कुरा याद राखौं, हामीले अरूले गरेका गलत कामहरूको नक्कल गर्नुहुँदैन । चाहे तिनीहरू जो सुकै हुन्, केही फरक पर्दैन । हामीले यो पनि याद राख्नुपर्छ, कि हाम्रा नराम्रा आदतहरूमा परिवर्तन ल्याउनका लागि निरन्तर रूपमा परमेश्वरसित प्रार्थना गर्नुपर्छ, ताकि हामी येशू जस्तै हुन सक्छौं । हामीले अरूको निम्ति पनि र साथै आफ्नो निम्ति पनि प्रार्थना गर्नुपर्छ । अनि अरूको निम्ति हामी एउटा राम्रो उदाहरण बन्ने कोसिस गर्नुपर्छ । धेरै जसो समय, हाम्रो असल चरित्रद्वारा तिनीहरूलाई सही निर्णय लिनमा मद्दत पुग्दछ ।

धेरैजसो न्यायकर्ताहरू अरूका निम्ति राम्रो उदाहरण बन्न पुगे । साना पापहरू गर्दैमा केही फरक पर्दैन, तर मानिसहरूलाई कुमार्गमा धकेल्नका लागि शैतानले त्यसैलाई ढाल बनाइरहेको हुन्छ भन्ने कुरा ती अगमवक्ताहरूद्वारा परमेश्वरले मानिसहरूलाई बुझाउन खोज्नुभयो ।

## अधिक अध्ययनका निम्ति:

यहोशू १३-२४; न्यायकर्ता १-५; पेट्रिआर्कस् एण्ड प्रोफेटस्, पेज ५१०-५४५; द स्टोरी अफ रिडेम्पसन्, पेज १८१, १८२; द बाइबल स्टोरी, भोल्युम ३, पेज १०२-११३ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्र:

# पहिला मेरो बाइबल

पहिलो वर्ष

अध्याय–४, भाग–२

## गिदोनलाई बोलावट

### आइतबार

**१** इस्राएलीहरू फेरि ठूलो समस्यामा परे । तिनीहरूलाई सहयोगको खाँचो परिरहको थियो, र तत्कालै सहयोग चाहिएको थियो ।

दुष्ट र कठोर मिद्यानीहरूले सबै बालीहरू नष्ट गर्ने अथवा लिएर जाने गर्थे । तिनीहरूले जनावरहरूको हत्या पनि गरिरहेका थिए । हरेक समय इस्राएलीहरूले तिनीहरूसँग युद्ध गर्थे, र मिद्यानीहरूलाई त्यहाँबाट धपाउने कोशिस गर्थे, तर शत्रुहरूले जित्थे, र धेरै इस्राएलीहरू मारिन्थे । अब इस्राएलीहरू आफ्नै घरबाट भागेर लुकेर बस्नु परिरहेको थियो ।

तिनीहरू कहाँ लुकिरहेका थिए? किन तिनीहरूलाई यति धेरै समस्याहरू भोग्नु परिरहेको थियो त? न्यायकर्ता ६:१, २ पढ्नुहोस् ।

त्यस पदमा शुरूको शब्दले वास्तविक समस्यालाई के लाउँदछ, होइन र? परमेश्वरले इस्राएलीहरूलाई धेरैपटक चेतावनी दिनुभएको थियो, तर तिनीहरू शैतानको बाटोमा हिंडेका कारण परमेश्वरले तिनीहरूलाई मद्दत गर्नुभएन, र आशिष् पनि दिनुभएन ।

के तिनीहरूले गरेका कार्यहरू हामीले पहिले पनि सुनेको जस्तो लाग्छ? हो, हामीले अवश्य सुनेका छौं ।

फेरि त्यही पुरानो कार्यहरू दोहोरिएका थिए । पहिला तिनीहरूले परमेश्वरको आज्ञा उल्लङ्घन गर्दछन्, अनि समस्यामा अल्झिन्छन्, र दु:खी बन्न पुग्छन्, र फेरि सहयोगको लागि परमेश्वरमा पुकारा गर्दछन् । अनि मानिसहरूले दश आज्ञाहरूको पालना गर्ने प्रतिज्ञा गर्दछन् । त्यसपछि परमेश्वरले तिनीहरूमाथि दया देखाउनु हुन्थ्यो, र सहयोग पनि गर्नुहुन्थ्यो, अनि केही समयका लागि तिनीहरूले शान्ति पाउँथे । तर पछि गएर पहिलेको जस्तै आज्ञाको उल्लङ्घन गर्दथे, अनि पहिलेको जस्तै पुरानै कार्यहरू गर्न पुग्थे । यो पटक परमेश्वरले के गर्नुभयो त? पदहरू ७–१० पढ्नुहोस् ।

सबै अगमवक्ताहरूद्वारा बोलिएका कुराहरू साँचो थियो । तर यस घडी पनि के परमेश्वरले तिनीहरूलाई विपत्तिमा त्यतिकै छाड्न लागिरहनु भएको थियो? तिनीहरूले पाउनु पर्ने दण्ड त्यही नै थियो, तर के परमेश्वरले त्यसो गर्नुहुनेछ होला त? हामी भोलिको पाठमा हेर्नेछौं ।

**सोच्नुहोस्:** के तपाईंले कहिलेकाहिँ केही पाउने इच्छा गर्नुभएको छ? यदि कसैले हाम्रो मन दुखाउँछन् भने, के हामी पनि तिनीहरूसित बद्‌ला लिन तम्सिन्छौं? तर के परमेश्वरले कहिल्यै बदलाको भावना राख्नुहुन्छ? के उहाँले आफ्ना जनहरूलाई आशिष् दिन नसक्नुको कारण पनि त्यही नै थियो?



**याद गर्नुपर्ने पदहरू:**
"जुन बेला मलाई डर लाग्छ, म तपाईंमा भरोसा राख्नेछु ।" — भजनसंग्रह ५६:३

### सोमबार

**२** गिदोन एकदमै बलियो र साहसी इस्राएली थियो । एकदिन तिनी शान्तिसित गोप्य रूपले काम गरिरहेका थिए । कोही पनि मिद्यानीहरूले तिनलाई देखोस् भनी

तिनले चाहेनन् । तिनले केही गहूँहरू त्यस्तो ठाउँमा लुकाइ राखेका थिए, जहाँ मिद्यानीहरूले देख्न सक्दैनन् भन्ने कुरामा उनी निश्चिन्त थिए ।

इस्राएलीहरू किन समस्यामा परिरहेका थिए भन्ने कुरामा गिदोनले अचम्म मानिरहेका थिए । इस्राएलीहरूले मिद्यानीहरूलाई किन धपाउन सकिरहेका थिएनन्? मिद्यानीहरूसँग लडाईं गर्दागर्दै तिनका सबै दाजुभाइहरू मरिसकेका थिए, र तिनको परिवारमा ऊ मात्र बाँकी थियो । इस्राएलीहरूलाई युद्धमा विजय पाउनका लागि परमप्रभुले किन सहायता गर्नुभएन त?

गिदोन यी कुराहरू सोच्दै व्यस्त देखिन्थे । एउटा अपरिचित व्यक्ति रूखमुनि बसिरहेको तिनले देखेनन् । जब त्यो अपरिचित व्यक्तिले बोल्न थाल्यो, तब गिदोनले उनीमाथि झट्टै नजर लगाए । त्यो अपरिचित व्यक्तिले के भन्यो? गिदानेले के जवाफ दिए? न्यायकर्ताहरू ६:११–१३ पढ्नुहोस् ।

अनि जब त्यो अपरिचित व्यक्तिले गिदोनलाई हेरे, तब उसले गिदोनलाई के भने त? पद १४ पढ्नुहोस् ।

वास्तवमा, गिदोनले पहिले नै साहससित मिद्यानीहरूसित युद्ध लडिसकेका थिए । सबै मिद्यानीहरूलाई तिनको बारेमा थाहा थियो । तर तिनले आफू इस्राएलीहरूको सेनापति हुन्छु भनेर कहिल्यै पनि सोचेका थिएनन् । तिनले नम्र भएर त्यो अपरिचित व्यक्तिसँग बोले । अनि ती अपरिचित व्यक्तिले कसरी जवाफ दिए त? पदहरू १५, १६ पढ्नुहोस् ।

जब गिदोनले सुने, तब त्यो अपरिचित व्यक्ति कोही विशेष व्यक्ति हुनुपर्छ भनी गिदोनलाई लाग्यो । तर त्यो अपरिचित व्यक्ति को थियो त? के तिनले साँच्चै नै परमेश्वरको सुसमाचार सुनाएको हो त? के त्यो अनौठो व्यक्ति स्वर्गदूत हुन सक्थ्यो? गिदोनले अर्को के प्रश्न गरे? अनि त्यो व्यक्तिले के जवाफ दिए त? पदहरू १७, १८ पढ्नुहोस् ।

**सोच्नुहोस्:** जब गिदोन भेटी लिनको निम्ति हतार-हतार मा घर गए, तब तिनले कस्तो महसुस गर्दै थिए होलान् भनी तपाईंलाई लाग्छ? के तिनी द्विविधामा थिए? के तिनलाई डर लागिरहेको थियो? के तिनी उत्साहित भइरहेका थिए? अथवा त्यो अनौठो व्यक्ति को होला भनेर अचम्म मान्दै थिए?

## मंगलबार

**३**

गिदोनले त्यस अनौठो व्यक्तिको लागि भेटी लिन जाँदा मनमा धेरै कुराहरू खेलाइरहेका थिए होला, र भेटी लिएर फर्कंदा धेरै समय लाग्यो होला । तर अन्तमा तिनले भेटी तयार पारे ।

जब गिदोन फर्कर रूखनेर आइपुगे, तब त्यस व्यक्तिले प्रतिज्ञा गरे बमोजिम ऊ त्यहीं ठाउँमा बसिराखेको थियो । न्यायकर्ताहरू ६:१९, २० पढ्नुहोस् ।

गिदोनले नम्र भएर त्यो खाना ढुङ्गामाथि राखिदिए, र झोल पनि राखिदिए, अनि त्यस व्यक्तिले आफ्नो लहुरो पसारेर त्यसको टुप्पाले त्यस खानालाई छोएको गिदोनले हेर्दै थिए । त्यति नै बेला के भयो त? पद २१ पढ्नुहोस् ।

त्यति नै बेला गिदोनलाई आफू परमेश्वरसितै कुरा गरिरहेको थाहा लाग्यो । त्यस्तो परमेश्वर, जसले इस्राएलीहरूलाई बादलले डोऱ्याउनु भएको थियो, र आफ्नो जनहरूको निम्ति महान् र चमत्कारका कामहरू गर्नुभएको थियो । गिदोनले कस्तो महसुस गरे होलान् त? पदहरू २२, २३ पढ्नुहोस् ।

यदि परमेश्वरले आफ्नै ज्योति देखाउनु भएको भए गिदोन मर्न सक्थे । तर परमेश्वरले त्यसो गर्नुभएन । गिदोनले भय मान्नुपर्ने आवश्यकता थिएन; उनी मर्न गइरहेका थिएनन् । यदि तिनले परमेश्वरमाथि भरोसा गर्ने अठोट गरे भने, इस्राएलीहरूलाई दुष्ट मिद्यानीहरूबाट स्वतन्त्र पार्ने कामको निम्ति परमेश्वरले तिनलाई चुन्नुहुन्थ्यो । कसरी गिदोनले परमेश्वरको सामु कृतज्ञता जाहेर गरे? पद २४ पढ्नुहोस् ।

**सोच्नुहोस्:** गिदोनले आफूले बनाएको वेदीको नाम "परमप्रभु-शालोम" राखे । जसको अर्थ हो-"परमेश्वर शान्तिप्रिय हुनुहुन्छ" हाम्रो संसारमा शान्ति छैन, छ र? यदि हामीले प्रभु येशूलाई चुन्यौं भनेदेखि, उहाँको दश आज्ञाहरू पालन गर्नलाई उहाँले हामीलाई सहयोग गर्नुहुनेछ, त्यसकारण के हामीले कुनै डर मान्नुपर्ने आवश्यकता छ?

## बुधबार

**४**

इस्राएलीहरूलाई कठोर मिद्यानीहरूबाट स्वतन्त्र पार्नलाई परमेश्वरले गिदोनलाई सहयोग गर्छु भन्नुभएको थियो । तर त्यस रात फेरि परमेश्वरले गिदोनसँग कुरा गर्नुभयो । परमेश्वरले गिदोनलाई अर्को के आज्ञा गर्नुभएको थियो? न्यायकर्ताहरू ६:२५, २६ पढ्नुहोस् ।

परमेश्वरले गिदोनलाई जुन काम अह्राउनु भएको थियो, त्यो एकदम डरलाग्दो काम थियो । प्रत्येक बिहान, शहरका मानिसहरू तिनको बुबाले बनाएको वेदीमा बाल देवताको पूजा गर्नलाई जान्थे । जब तिनीहरूले त्यहाँ भएको घटनालाई देख्नेछन्, र त्यो कसले गरेको हो भनी पत्ता लगाउनेछन्, तब तिनीहरूले उनलाई मार्नका लागि तम्सिनेछन् भन्ने कुरा गिदोनलाई थाहा थियो ।

तर नयाँ अगुवा गिदोनले कुनै देवी-देवताहरूलाई मानिरहेको वा भर परिरहेको छैन भन्ने कुरा इस्राएलीहरूले बुझ्नुपर्ने पहिलो कुरा थियो । तिनले केवल साँचो परमेश्वरको आज्ञा पालन गरिरहेका थिए ।

त्यस रात, गिदोनले आफ्ना दस जना चाकरहरूलाई उठाए, र तिनीहरूले के-के काम गर्नुपर्ने हो, सो गर्नका लागि सिकाए । किन तिनले बिहानसम्म कुर्न सकेनन् भनी तपाईंलाई लाग्छ? पद २७ पढ्नुहोस् ।

अर्को बिहान, जब मानिसहरू सधैं झैं बाल देवतालाई पूजा गर्न गइरहेका थिए, त्यतिखेर तिनीहरूले आफ्ना आँखाले देखेका कुराहरूलाई विश्वासै गर्न सकेनन् । तिनीहरूको मूल्यवान्

मूर्ति हराएको थियो, र साथै वेदी पनि ढालिएको थियो । त्यहाँ छुट्टै किसिमको काठको वेदी राखिएको थियो, र त्यसमाथि पहिलाको काठको मूर्ति बलिरहेको थियो । त्यो दृष्य देखेर मानिसहरूले गिदोनको पितालाई के भने? पदहरू २८–३० पढ्नुहोस् ।

जब मानिसहरूले तिनले गरेको काम थाहा पाउनेछन्, तब तिनीहरूले कस्तो अनुभव गर्नेछन्, र तिनीहरू के गर्नका लागि तम्सिनेछन् भन्ने बारेमा गिदोनको सोचाइ सही थियो । तर तिनले परमेश्वरमाथि भरोसा राख्ने र उहाँको आज्ञा पालन गर्ने अठोट गरेका थिए, र परमेश्वरले मानिसहरूको हृदयलाई सजिलैसँग परिवर्तन गर्न सक्नुहुन्छ भन्ने कुरामा गिदोन छक्क परेको हुनुपर्छ ।

**सोच्नुहोस्:** के तपाईं पनि गिदोन झैं साहसी बन्न मन पराउनु हुन्छ? बाल-बालिकाहरू कसरी साहसी बन्न सिक्छन् भनी के तपाईंलाई थाहा छ? अरू बाल-बालिकाहरूले गलत कार्य गरेको देखे तापनि, तिनीहरूले परमेश्वरको आज्ञा पालन गरेमा धेरै कुराहरू सिक्न सक्छन् । तपाईंलाई आज्ञा पालन गर्न गाह्रो लागेको समयहरूको बारेमा के तपाईंले सोच्न सक्नुहुन्छ?



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

## बिहीबार

**५**

ओप्रा भन्ने ठाउँका मानिसहरू क्रोधित भएर गिदोनलाई मार्ने कोशिस गर्दै थिए, किनकि तिनले तिनीहरूको वेदीलाई नष्ट गरिदिएका थिए । "तिम्रो छोरालाई बाहिर लिएर आऊ ।" तिनीहरूले तिनका बुबा योआशलाई भने । "तिनले गरेको कामको निम्ति ऊ मारिनैपर्छ ।" न्यायकर्ताहरू ६:३० पढ्नुहोस् । तर योआशले केही सोचिरहेका थिए । अनि योआशले तिनीहरूको आँखामा हेरेर एउटा प्रश्न सोधे, र त्यसको उत्तर कसरी दिने भनी तिनीहरूलाई थाहा भएन । पद ३१ पढ्नुहोस् ।

मानिसहरूले एक-अर्कालाई हेराहेर गरे । योआशले भनेको कुरा साँचो थियो । बाल देवता साँच्चै नै शक्तिशाली हुनुपर्थ्यो, तर बाल देवताले काठका मूर्तिहरू र वेदी नभत्काइयोस्


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

भन्नाका खातिर सुरक्षाका लागि केही मानिसहरू राख्न सकेनन् । कस्तो लज्जास्पद कुरा! तिनीहरूले गिदोनलाई मार्ने सोंचलाई परिवर्तन गरे ।

जब तिनीहरू आ-आफ्नो घर फर्के, तब तिनीहरूले मनमा यो सोचे, कि बाल देवतालाई पुज्नु कति मूर्खता रहेछ । यदि बाल देवताले आफ्नै सुरक्षा गर्न सकेन भने, तिनले मानिसहरूलाई के सुरक्षा दिन सक्ला र? र त्यतिखेरै, तिनीहरूलाई विशेष सुरक्षाको आवश्यकता परिरहेको थियो । तिनका शत्रुहरूले के गरिरहेका थिए त? पद ३३ पढ्नुहोस् ।

त्यो राम्रो समाचार थिएन । मिद्यानीहरू कति दुष्ट, निर्दयी र शक्तिशाली थिए भन्ने कुरा सबैलाई ज्ञात भइसकेको थियो ।

मिद्यानीहरू र अमालेकीहरूसँग परमेश्वर धैर्यवान् बन्नुभएको थियो । तिनीहरूले गरेका नराम्रा कार्यहरूको निम्ति पश्चात्ताप गर्न परमेश्वरले तिनीहरूलाई धेरै वर्षसम्म बारम्बार मौका दिइरहनु भएको थियो । तर तिनीहरूले अस्वीकार गरिरहेका थिए । तिनीहरूले परमेश्वरको खिल्ली उडाउँथे । जब तिनीहरूले मौका पाउँथे, तब इस्राएलीहरूलाई धेरै नै सताउँथे, र अब तिनीहरूले इस्राएलीहरूलाई सखाप पार्न चाहन्थे । परमेश्वरले तिनीहरूलाई त्यसो गर्न दिनुहुन्छ होला भनी के तपाईंलाई लाग्छ? अँहँ, परमेश्वरले त्यसो गर्न दिनु हुनेछैन ।

**सोच्नुहोस्:** शत्रुहरू कति शक्तिशाली छन् भन्ने कुरा गिदोनलाई थाहा थियो । परमेश्वरले तिनलाई जे काम गर्न आदेश दिनुभएको थियो, त्यसलाई सम्झेर तिनले कस्तो अनुभव गरे होला भन्ने तपाईंलाई लाग्छ? कसरी साँचो रूपले परमेश्वरमाथि भरोसा गर्ने भनी के तिनलाई थाहा थियो?

## शुक्रबार

**६**

हजारौं हजार सेनाहरूको साथमा शत्रुहरू अगाडि बढिरहेका थिए । अब इस्राएलीहरूको निम्ति लडाईं गर्ने उपयुक्त समय यही हो भन्ने कुरा गिदोनलाई थाहा थियो । तिनले के गरे? न्यायकर्ताहरू ६:३४, ३५ पढ्नुहोस् । अबीएजरीहरू पनि तिनीहरूकै गोत्रका थिए, र तिनीहरू


गिदोनको फौजमा सामेल हुने पहिला मानिसहरू थिए ।

हजारौं हजार इस्राएली सेनाहरू जम्मा भए । यदि त्यो समयमा हामी त्यहाँ भएको भए, गिदोनको फौज कति ठूलो थियो भनी हामीले सोच्थ्यौं होला । तर यदि हामीहरूले शत्रुहरूको सेनाहरूको संख्या देखेको भए, तुलनात्मक रूपमा गिदोनको फौज कम थिए भनी हामीले अनुमान लगाउन सक्थ्यौं होला । मिद्यानीहरूको फौज गिदोनको फौजको तुलनामा धेरै नै बढी थिए ।

गिदोन एउटा साहसी र शक्तिशाली सेना भए तापनि, परमेश्वरले कुनै चमत्कार नगरूञ्जेल तिनका सेनाहरूले शत्रुहरूको विरूद्धमा विजय हासिल गर्न कुनै उपाय देखिंदैन भनी गिदोनलाई थाहा थियो । परमेश्वरले तिनको साथमा रहने प्रतिज्ञा गर्नुभएको कुरा तिनलाई थाहा थियो, तर अहिले इस्राएली सेनाहरूलाई नेतृत्व गर्ने परमेश्वरको योजना हो कि होइन भनी निश्चिन्त हुनु जरूरी छ भनेर तिनले विचार गरे । त्यसैले तिनले परमेश्वरसँग के चिन्ह मागे? त्यो चिन्ह के थियो त? पदहरू ३६, ३७ पढ्नुहोस् ।

सम्भवतः त्यस रात गिदोन राम्रोसँग निदाउन सकेनन् होला, र बिहान चाँडै उठे । तिनले शुरूमा के गरे होला भनी तपाईंलाई लाग्छ? तिनले जे मागेका थिए, के तिनले त्यसको जवाफ पाए होलान् त? पद ३८ पढ्नुहोस् । गिदोनले जे कुराको निम्ति पुकारा गरेका थिए, परमेश्वरले त्यसको प्रत्युत्तर दिनुभयो ।

तर गिदोनको मनमा अर्को सोंच उत्पन्न भयो । के साँच्चै नै परमेश्वरले ऊन भिजाउनु भयो? अथवा सबैलाई थाहा भए जस्तै के ऊनले पानी सोस्ने भएकाले भिजेको हो? सायद ऊन पानीमा भिज्नु प्राकृतिक रूपले नै स्वभाविक कुरा हो । त्यो चाहिँ सुकोस् भनी तिनले परमेश्वरसँग माग्नुपर्थ्यो । अनि त्यो चाहिँ साँच्चैको चमत्कार लाग्नेछ । परमेश्वरले अर्को एउटा चिन्ह देखाउनमा अफसोस् नमान्नु भएको भए हुन्थ्यो भनी तिनले सोचे । तिनले सोध्नलाई अप्ठ्यारो महसुस गर्नु परे तापनि, तिनले आफू सुनिश्चित बन्नु जरूरी थियो । पद ३९ पढ्नुहोस् ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

**सोच्नुहोस्:** परमेश्वरमाथि भरोसा राख्नमा गिदोनलाई सहायता गर्न परमेश्वरले पहिले नै के गर्नुभएको थियो? जब हामी परमेश्वरसँग कुनै चिन्ह माग्छौं, के उहाँले हामीलाई त्यो चिन्ह दिनुहुन्छ?

## अधिक अध्ययनका निम्ति:

न्यायकर्ताहरू ६; पेट्रिआर्कस् एण्ड प्रोफेटस्, पेज ५४५–५४८; द बाइबल स्टोरी, भोल्युम ३, पेज ११५–१२० ।


My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्र:

# पहिला मेरो बाइबल

पहिलो वर्ष
अध्याय–४, पाठ–३

## स–साना परीक्षाहरू



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

### आइतबार

१ दुष्ट र निर्दयी मिद्यानीहरूबाट इस्राएलीहरूको उद्धार गर्न परमेश्वरले गिदोनलाई आज्ञा दिनुभएको थियो । वरिपरिको सुख्खा जमीनलाई नभिजाई शीतले ऊनलाई मात्र भिजाएर परमेश्वरले गिदोनको प्रार्थनाको उत्तर दिनुभयो । तर गिदोनले अर्को एउटा चिन्ह मागे । यसपटक, ऊन चाहिँ सुख्खा होस् र वरिपरिको जमिन चाहिँ भिजोस् भनी परमेश्वरसँग मागे । जब तिनले अर्को बिहान हेरे, त्यो के जस्तो देखिएको थियो त? न्यायकर्ताहरू ६:४० पढ्नुहोस् ।

अब गिदोनलाई अरू कुनै कुराको शंका भएन । तिनले के गरे त? न्यायकर्ताहरू ७:१ पढ्नुहोस् ।

इस्राएलीहरूले पहाडतिर छाउनी हालेका थिए, र मिद्यानीहरूले तिनीहरूको तलतिर बेंसीमा छाउनी हालेका थिए । जब गिदानेले शत्रुहरूतिर नजर लगाए, तब त्यस ठाउँलाई तुरून्तै छोडेर जानका लागि गिदोन परीक्षामा परेको हुनुपर्छ । शत्रुहरूका सेनाहरू तिनीहरूका सेनाहरूभन्दा धेरै थिए । तर तिनले परमेश्वरमाथि भरोसा राख्ने अठोट गरेका थिए । परमप्रभु परमेश्वर तिनकै साथमा रहनुहुनेछ भनी उहाँले तिनलाई एउटा चिन्ह दिनुभएको थियो ।

अनि परमेश्वरले बोल्नुभयो । उहाँले गिदोनलाई के भन्नुभयो त? पद २ पढ्नुहोस् ।

आफ्नै कानले सुनेका कुराहरूलाई गिदोनले विश्वासै गर्न सकेनन् । परमेश्वरले भन्नुभयो, कि तिनीहरूसित सेनाहरू धेरै छन् । आफूसँग थप १००० जना सेनाहरू भएको भए हुन्थ्यो भनी गिदोनले मनमा सोचे । त्यहाँ १,००० भन्दा बढी सेनाहरू छन् भनी परमेश्वरले कसरी भन्न सक्नुभयो त?

अनि उहाँले मोशालाई दिनु भएको एउटा ब्यवस्थाको बारेमा गिदोनलाई याद दिलाउनुभयो । कतिजना इस्राएली सेनाहरूले शत्रुहरूसित लड्नुपर्नेछ, र कतिजना इस्राएली सेनाहरू घर फर्कनुपर्नेछ भनी त्यसमा बताइएको थियो । युद्धमा निस्कनु अघि, सेनाहरूलाई त्यस व्यवस्थाको बारेमा दोहोरो याद दिलाउनु पर्थ्यो । तर गिदोनले त्यसो गरेका थिएनन्, र तिनले आफ्ना सेनाहरूमध्ये एउटालाई पनि गुमाउन चाहेका थिएनन् ।

तर, अब परमेश्वरले बोल्नुभयो, र गिदोनले त्यसलाई पालना गर्नुपर्ने थियो । जब तिनले उहाँको आज्ञालाई पालना गरे, तब के भयो? पद ३ पढ्नुहोस् ।

जब तिनका दुई तिहाई जति सेनाहरू आ-आफ्नो सामान बोकेर घरतिर लम्कन थाले, तब गिदोनको हृदय साह्रै नै गह्रुंगो हुन थाल्यो । यो युद्ध जित्न सकिएला कि भनी कसरी इस्राएलीहरूले सोच्न सके होलान् त? एकपल्ट फेरि, गिदोन सुनिश्चित गर्न गइरहेका थिए । के तिनले निरन्तर रूपमा परमेश्वरमाथि भरोसा राख्नेछन् होला अथवा के तिनले हिम्मत हार्नेछन् होला? तिनले कस्तो खालको निर्णय लिनेछन् होला त?

**याद गर्नुपर्ने पदहरू:**
"'न त बलले न शक्तिले, तर मेरो आत्माले,' सर्वशक्तिमान् परमेश्वर भन्नुहुन्छ ।" – जकरिया ४:६

**सोच्नुहोस्:** गिदोनले झैं, के बाल-बालिकाहरूले पनि दृढ निश्चय गर्नुपर्छ? के कहिलेकाहिँ साहसी भएर सत्य कुरा बोल्नलाई गाह्रो हुन्छ? अथवा कहिलेकाहिँ कोही व्यक्तिले सही कामहरू गर्ने निश्चय नगरे तापनि आफूले मात्र सही कामहरू गर्नलाई गाह्रो हुन्छ?

## सोमबार

२ करिब १०,००० सेनाहरू गिदोनको साथमा थिए । तिनीहरू संख्यामा असंख्य थिए, तर साँच्चै भन्ने हो भने शत्रुहरूको तुलनामा आफूसित भएका सेनाहरू कमै हो भन्ने कुरा गिदोनलाई थाहा थियो । परमेश्वरले कुनै चमत्कार नगरूञ्जेल तिनीहरूले अर्को दिनमा युद्ध जित्ने कुनै छाँटकाँट देखिएन, र यो कुरा गिदोनलाई थाहा थियो ।

अनि परमेश्वरले फेरि बोल्नुभयो । यो समय उहाँले के बोल्नुभयो त? न्यायकर्ताहरू ७:४ पढ्नुहोस् ।

गिदोनले परमेश्वरमाथि भरोसा गर्ने र उहाँको आज्ञा मान्ने अठोट गरेका थिए । तिनले खोलाको पानीमा नजर लगाए, र आफ्ना सेनाहरूलाई त्यस खोलामा जाने आदेश दिए । कुन चाहिँ सेना तिनको साथमा रहनेछन्, र कुन चाहिँ सेना घर फर्कनेछन् भन्ने कुराको निर्णय कसरी गर्ने भनेर परमप्रभुले तिनलाई भन्नुभएको थियो । पद ५ पढ्नुहोस् ।

जब तिनका १०,००० सेनाहरूले खोलाको पानी पिए, तब गिदोन चिन्तित हुँदै हेरिरहेका थिए । तिनीहरूलाई दुई समूहमा अलग्याएर किन कष्ट झेल्ने भनी तिनले मनमा चिन्ता गरे । तिनीहरू सबैजना खुशीसाथ घर जान पाउलान्, किनकि तिनीहरू सबैजनाले घुँडा टेकेर आरामले पानी पिइरहेका थिए । केवल थोरै व्यक्तिहरूले मात्रै आफ्नो हातको अँजुलीले पानी पिइरहेका थिए, किनभने तिनीहरूले अघि बढेर शत्रुहरूलाई आक्रमण गर्ने भनी सोचिरहेका थिए ।

जब पछिका सेनाहरूले पानी पिई सिध्याए, तब गिदोनले परमेश्वरले भन्नु भए झैं, तिनीहरूलाई बाँकीहरू मध्येबाट अलग गरेर गन्ती गर्न थाले । त्यहाँ १०,००० सेनाहरूमध्येबाट कति जना बाँकी रहे त? परमेश्वरले तिनीहरूको बारेमा के भन्नु भयो? पदहरू ६, ७ पढ्नुहोस् ।

अब, पूरै सेनाहरूले आफ्नो सामान बोकेर घर जान थाले जस्तो देखियो । त्यहाँ केवल ३०० जना सेनाहरू मात्र बाँकी रहे, र जब तिनले डाँडाको टाकुराबाट बेंसीमा शत्रुहरूतिर नजर लगाए, तब गिदोनले के देखे? पद १२ पढ्नुहोस् ।

**सोच्नुहोस्:** यदि गिदोनले परमेश्वरमाथि भरोसा गर्ने निश्चय नगरेको भए, तिनले के गर्थे होलान् भन्ने तपाईंलाई लाग्छ? जब कहिलेकाहिँ हामीमा पनि डरको महसुस हुन्छ, तब हामीले के गर्न सिकेको होस् भनी परमप्रभुले इच्छा गर्नुहुन्छ?

## मंगलबार

३ अर्को दिनमा, मिद्यानीहरूसँग लडाईं जित्नलाई परमेश्वरले केवल ३०० जना सेनाहरू मात्र चुन्नु भएकाले गिदोनलाई विश्वास गर्न गाह्रो भइरहेको थियो । त्यो चाहिँ एकदम असम्भव लाग्थ्यो ।

गिदोनले कस्तो महसुस गर्दै थिए, सो कुरा परमप्रभु जान्नुहुन्छ भन्ने कुरा के तपाईंलाई लाग्छ? हो, उहाँले तिनको निम्ति दु:ख महसुस गर्नुभयो । उहाँले गिदोनलाई के गर्नका लागि भन्नुभयो? न्यायकर्ताहरू ७:९–११ पढ्नुहोस् ।

गिदोन र तिनका चाकर बिस्तारै चूपचापसँग पहाडको तलतिर गए । शत्रुहरूको छाउनीसम्मै जानका लागि स्वर्गदूतहरूले तिनीहरूलाई मार्गदर्शन गरेको हुनुपर्छ, र त्यहाँ तिनीहरूले आफ्ना शत्रुहरूको सोर पनि सुन्न पाए । तिनीहरूले बोलेका एउटा पनि शब्दलाई तिनीहरूले बिर्सन चाहेनन् । पदहरू १३, १४ पढ्नुहोस् ।


के एउटा रोटीको सानो टुक्राले समस्त सेनाहरूलाई



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

नष्ट गर्दै थियो? त्यहाँ कुनै कुराको निम्ति डर मान्नुपर्ने आवश्यकता छैन भन्ने कुरामा गिदोन सुनिश्चित बने । परमेश्वर तिनीहरूप्रति धेरै दयालु बन्नुभएको र उहाँले तिनीहरूप्रति सहानुभूति देखाउनु भएकोमा उहाँलाई मनमनै धन्यवाद दिए । अनि तिनी र तिनका चाकर चूपचापसँग फर्केर गए, र हतार-हतारमा पहाडमाथि उक्ले । पद १५ पढ्नुहोस् ।

परमेश्वरले गिदोनलाई अर्को काम अह्राउनुभयो । त्यसैले तिनले तुरुन्तै आफ्ना ३०० बहादुर सेनाहरूलाई उठाए । परमेश्वरले भन्नु भए झैं, तिनले हरेक सेनाहरूलाई केही चिज दिए, त्यो चिज लिएर तिनीहरूले जे गर्नुपर्ने थियो, त्यसका निम्ति तिनीहरू सबैजना छक्क परेको हुनुपर्छ । गिदोनले उनीहरूलाई के चिज दिएका थिए? पद १६ पढ्नुहोस् ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

त्यहाँ गएर सेनाहर टक्क उभिए । हरेक सेनाहरूको एउटा हातमा, रित्तो गाग्रीले छोपेको राँको र अर्को हातमा तुरही थियो । त्यस्ता चिजहरूको साथमा शत्रुहरूसित युद्ध गर्न गएको कसैले सुनेका होलान् त? परमेश्वरले आफूले प्रतिज्ञा गर्नुभए बमोजिम कसरी उहाँले त्यो काम गर्न गइरहनु भएको थियो त?

**सोच्नुहोस्:** अब, परमेश्वरले तिनीहरूको ख्याल राखिर हनु भएको छ भन्ने कुरा गिदोन र सेनाहरूले थाहा पाए । तिनीहरूले कुनै कुराको निम्ति चिन्ता गर्नुपर्ने जरूरत परेन । परमेश्वरले तपाईंको हेरचाह गर्नुहुन्छ भन्ने कुरालाई जब तपाईंले विश्वास गर्नुहुन्छ, तब तपाईंले पनि कुनै कुराको निम्ति चिन्ता लिनुपर्ने आवश्यकता छैन, छ र?

## बुधबार

**४** मध्यरातमा, गिदोनका ३०० जना सेनाहरू डाँडाको टाकुरामा उभिए, तिनीहरू युद्धका लागि तयारी भएर बसेका थिए । शत्रुका सेनाहरू डाँडामुनि बेंसीतिर मस्तसँग निदाइरहेका थिए । गिदोनको प्रत्येक सेनाहरूको एक हातमा भित्र राँको भएको एक गाग्री र अर्को हातमा तुरही थियो ।

के-कसो गर्नुपर्ने हो, सो कुरा गिदोनले तिनीहरूलाई सिकाए, र सबैजनाले ध्यानपूर्वक सुनिरहेका थिए । गिदोनको आज्ञा अनुसार गर्नुपर्छ भन्ने कुरा सबैलाई थाहा भयो । न्यायकर्ताहरू ७: १७, १८ पढ्नुहोस् ।

अनि गिदोनका सेनाहरू चूपचापसँग डाँडाको छेउमा गए । शत्रुहरूले भर्खर पहरा चौकीको पालो फेरेका थिए, तर जब इस्राएली सिपाहीहरूले शत्रुको छाउनीको छेउमा गएर वरिपरि घेरा हाले, त्यतिबेला त्यहाँको माहौल शान्तमय थियो । तिनीहरू छाउनी भित्र जानलाई तयार थिए ।



गिदोनले आफ्नो तुरही फुक्ने बित्तिकै अरूहरूले पनि आ-आफ्नो तुरही फुके । अनि तिनीहरूले आफ्ना हातमा भएका गाग्री फुटाए, र जसरी तिनीहरू तीव्र गतिमा शुत्रुहरूतिर अघि बढे, तब तिनीहरू जोर-जोरसँग कराए, "परम्प्रभुको निम्ति र गिदोनको निम्ति तरवार!" पदहरू १९, २० पढ्नुहोस् ।

जब मस्त निंद्रामा परेका शत्रुका सेनाहरू उठे, तब त्यहाँको माहौल पूरै काँप्न थाल्यो । त्यहाँ जताततै राँकोको ज्वालाहरू निस्किरहेको, गिदोनका सेनाहरू तुरही बजाउँदै ठूला-ठूला सोरले कराउँदै आइरहेको तिनीहरूले देखे । शत्रुका सेनाहरू अँध्यारोमा तितर-वितर हुँदै थिए । तिनीहरूले आफैंले एक-अर्कालाई पछारे, र एक-अर्कालाई मारे; किनभने जो जति कराउँदै एक-अर्कालाई पछार्ने काम गर्दै थिए, अँध्यारोमा तिनीहरूले एक-अर्कालाई चिन्न नसकेर त्यसो गरेका थिए, र सायद तिनीहरूलाई आक्रमण गर्ने इस्राएलीहरू नै हुन् भनी तिनीहरूले सोचेका थिए । अन्तमा, जतिजना बाँचेका थिए, तिनीहरू यर्दन नदी तर्नलाई छिटो-छिटो कुदेर गए । पदहरू २१, २२ पढ्नुहोस् ।

**सोच्नुहोस्:** परमेश्वरको निम्ति कुनै पनि कुरा असम्भव छैन भन्ने कुरा के परमेश्वरले प्रमाणित गरेर देखाइरहनु भएको थियो? के परमेश्वर पहिले झैं आज पनि उति नै शक्तिशाली हुनुहुन्छ? के त्यसका निम्ति तपाईं खुशी हुनुहुन्छ?

## बिहीबार

**५** परमेश्वरले गिदोनलाई युद्ध जिताई दिनुभएको कुरा घर फर्कंदै गरेका इस्राएली सेनाहरूले बीच बाटोमै खबर सुने । तिनीहरू फर्केर गए, र हजारौं हजार इस्राएली सिपाहीहरूले शत्रुहरूलाई त्यहाँबाट धपाइदिए ।

मिद्यानीहरू यर्दन नदीको पारिपट्टि तरेर जाने कोशिस गर्नेछन् भन्ने कुरा गिदोनलाई थाहा थियो । तिनीहरू त्यस्तो ठाउँमा भाग्दै थिए, कि जहाँ पानीको बहाव कम थियो । तिनीहरूमध्ये कसै-कसैले पहिले नै नदी पार गरिसकेका थिए । त्यसपछि गिदोनले के गरे त? न्यायकर्ताहरू ७:२४ पढ्नुहोस् ।

एफ्राईमका मानिसहरू यर्दन नदी पुगे । बाँकी मिद्यानीहरू जो यर्दन नदी तर्ने कोशिस गर्दै थिए, तिनीहरू पक्राउ परे ।

त्यसदिन युद्ध हारेपछि, बाइबलले मिद्यानीहरूको बारेमा के भन्दछ? न्यायकर्ताहरू ८:२८ पढ्नुहोस् ।

के तपाईंले एकै समयमा खुशी र थकावट दुईटै महसुस गर्नु भएको छ? त्यसरी नै गिदोन र ३०० जना सेनाहरूले पनि महसुस गर्दै थिए, र त्यसबाहेक, तिनीहरू भोकाएका पनि थिए । तर तिनीहरूमध्ये धेरैजना आभारी बने ।

निर्दयी मिद्यानीहरूको धेरै वर्षसम्मको अत्याचारपछि, कति समयसम्म इस्राएल देशमा शान्ति छायो भन्ने कुरा के तपाईंले विचार गर्नुभएको छ? पद २८ पढ्नुहोस् ।

**सोच्नुहोस्:** एकपल्ट फेरि, परमेश्वरले इस्राएलमा आफ्ना जनहरूको निम्ति आश्चर्यमय कामहरू गर्नुभएको थियो । के त्यो कुरा तिनीहरूले बिर्सनेछन् होला भन्ने तपाईंलाई

लाग्छ? अब, परमेश्वरले तपाईंलाई हरेक दिन दिनुभएको धेरै आशिष्हरूको बारेमा विचार गर्नुहोस् । केहीको नाम भन्नुहोस् । त्यसका निम्ति उहाँलाई धन्यवाद टक्र्याउने कुरालाई के तपाईंले याद गर्नुहुन्छ?

## शुक्रबार

**६** गिदोन र तिनका ३०० जना साहसी सिपाहीहरूको कथालाई हामी सबैले मन पराउँछौं, र दुष्ट मिद्यानीहरूलाई पराजित गर्न हाम्रो अचम्मको परमेश्वरले कसरी तिनीहरूलाई प्रयोग गर्नुभयो भनेर सुन्न पनि हामीलाई रमाइलो लाग्छ । ती दुष्ट मानिसहरू साह्रै नै कमजोर भइसकेका थिए । तिनीहरूले इस्राएलीहरूलाई सताउनका निम्ति फेरि कहिल्यै पनि आएनन् ।

बाँकी रहेका सबै सेनाहरू घर फर्कन थालेपछि, अरू बाँकी ३०० जना साहसी सेनाहरूलाई परमेश्वरले कसरी छान्नुभयो भन्ने बारेमा अब हामी विचार विमर्श गरौं । उहाँले त्यस्तो तरिकाले छान्नुहुँदा के त्यो अनौठो लाग्दैन र? त्यसदिन हरेक सेनाहरूले खोलाको पानी पिउने शैलीले के कुरा दर्शाउँदछ? दुई समूहको सेनाहरू बीच के भिन्नता थियो?

के हामीले बोल्ने वा हाम्रो स-साना व्यवहारले पनि हाम्रो चरित्र कस्तो छ भन्ने कुरा प्रष्टसँग देखाइरहेका हुन्छन्?

गिदोनको सेनाहरूको बारेमा एउटा सानो कुराले पनि धेरै अर्थ खुलाइदियो, होइन र? सानो व्यवहारले पनि हाम्रो बारेमा धेरै कुराहरू बताउँदछ । जब हामी शारीरिक रूपमा बढ्दै जान्छौं, तब हामी कस्तो बन्छौं भन्ने कुरा त्यस्ता खालको व्यवहारले देखाउँदछ । येशूले हामी खुशी भएको हेर्न रूचाउनुहुन्छ, र हाम्रा आमा-बुबाहरूले पनि हेर्न रूचाउनुहुन्छ । प्रत्येक दिन हामीले कसरी सिक्दै जाने भनी उहाँहरूले हामीलाई सहयोग गरिरहनु हुन्छ ।

**सोच्नुहोस्:** के मैले असल कुराहरू सिकिरहेको छु जब म ...

- बिहान बोलाउने बित्तिकै चाँडै उठ्छु?
- ढकेल्दिन अथवा फ्याल्दिन वा "पहिलो हुने" कोसिस गर्छु?
- बिना सिकायत, बिना रोईकराई आफ्ना स-साना कामहरूको जिम्मेवारी खुशीसाथ निभाउँछु?
- "सानो झूट" नबोल्ने अठोट गर्छु? (के त्यहाँ साना खालका झूटहरू पनि हुन्छन्?)
- कुनै व्यक्तिलाई ठूलो सेवा गर्नेछु?
- मलाई कसैले नभनिकन मैले देखेका स-साना सहयोग म गर्न चाहन्छु?
- मेरा सर सामानहरू सही ठाउँमा राख्छु?
- नम्र बन्ने कुरालाई याद राख्छु?
- अरूसित मीठो र नम्र बोल्ने अठोट गर्दछु?

के तपाईंले अरू नै केही कुराहरूको बारेमा सोच्नुभएको छ?

## अधिक अध्ययनका निम्ति:

न्यायकर्ताहरू ७; पेट्रिआर्कस् एण्ड प्रोफेटस्, पेज ५४८–५५९; द बाइबल स्टोरी, भोल्युम ३, पेज १२१–१२३ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्र:

# पहिला मेरो बाइबल

पहिलो वर्ष
अध्याय–४, पाठ–४

## शिमशोन



### आइतबार

**१** पहिले सुने झैं फेरि इस्राएलीहरूलाई त्यस्तै समस्याहरू आइरहेको थियो । यो समय कसले समस्याहरू निम्त्याइरहेका थिए? न्यायकर्ताहरू १३:१ पढ्नुहोस् ।

के सबै इस्राएलीहरूले परमेश्वरलाई भुलिसकेका थिए? अँहँ, भुलेका थिएनन् । त्यहाँ परमेश्वरमाथि भरोसा राख्ने र विश्वासिलो भएर उहाँलाई प्रेम गर्ने कोही न कोही हुन्थ्यो । तिनीहरूमध्ये मानोह र तिनकी पत्नी पनि थिए, जसले परमेश्वर माथि भरोसा गर्ने अठोट गरेका थिए ।

एकदिन, मानोहकी पत्नी हतार हतार गर्दै उनलाई भेट्न आइन् । तिनी केही खुशीको खबरहरू सुनाउन आतुर थिइन् । त्यो खबर के थियो त? पदहरू ६, ७ पढ्नुहोस् ।

अन्तमा, तिनीहरूले आफ्नै एउटा विशेष बालक जन्माउन गइरहेका थिए । तिनी हुर्केर बढेपछि, तिनले नै इस्राएलीहरूलाई पलिश्तीहरूका हातबाट छुटाउनेछ । कति चाखलाग्दो! तिनीहरू कति अचम्मित भए होलान् भनी के तपाईंले कल्पना गर्नुभएको छ?



त्यो व्यक्ति, जो मानोहकी पत्नी कहाँ आएका थिए, तिनले बालकलाई कसरी स्वस्थ, स्फूर्त र बलियो बनाउने भनी सिकाएर गएका थिए । तर तिनीहरूले गरिरहेका कामहरू सही छन् कि छैनन् भन्ने कुरा मानोहले बुझ्न चाहे । मानोहले परमेश्वरमा के-का लागि पुकारा गरे? के परमप्रभुले तिनको पुकार सुन्नुभयो त? पदहरू ८–१३ पढ्नुहोस् ।

गिदोन झैं, तिनीहरूले जो व्यक्तिसित कुरा गरेका थिए, त्यो व्यक्ति एउटा विशेष समाचारवाहक थियो भन्ने कुरा मानोह र तिनकी पत्नीलाई थाहा लाग्यो; तर उहाँ साँच्चिकै येशू हुनुहुन्थ्यो भन्ने कुरा मानोह र तिनकी पत्नीलाई थाहै थिएन । पदहरू १५–२३ पढ्नुहोस् ।

**सोच्नुहोस्:** त्यस विशेष समाचारवाहकले बालकलाई स्वस्थ, स्फूर्त र बलियो बनाउनलाई के-कसो गर्नुपर्छ भनी बालककी आमालाई सिकाउनु भएको थियो । तपाईंलाई स्वस्थ, स्फूर्त र बलियो रहन सिकाउने तपाईंको आमाबुबाले तपाईंलाई सहयोग गरिरहनु भएको छ भन्ने कुरामा के तपाईं खुशी हुनुहुन्छ?

**याद गर्नुपर्ने पदहरू:**
"दुष्ट मानिसको खराब कामले त्यसलाई पासोमा पार्छ, र आफ्नै पापको बन्धनमा त्यो जेलिन्छ ।" — हितोपदेश ५:२२

### सोमबार

**२** जब मानोहकी पत्नीले एउटा बालकलाई जन्म दिइन्; तब तिनीहरूले त्यस बालकको नाउँ के राखिदिए त? न्यायकर्ताहरू १३:२४ पढ्नुहोस् ।

जसरी तिनीहरूले शिमशोनलाई सक्दो मिहिनेत गरेर राम्रो शिक्षा-दिक्षा दिए, तब परमेश्वरले मानोह र तिनकी पत्नीलाई आशिष् दिनुभयो । परमप्रभुले इच्छा गर्नुभए झैं,

इस्राएलीहरूलाई सहयोग गर्नका निम्ति तिनी एउटा शक्तिशाली र साहसी व्यक्ति बन्नेछन् भन्ने कुरा मानोह र तिनकी पत्नीलाई थाहा थियो ।

तर जब शिमशोन हुर्कँदै बढ्दै गयो, तब उनले केही गलत मार्गहरूलाई पछ्याउन थाल्यो । तिनले परमेश्वरका शत्रुहरू पलिश्तीहरूसँग मित्रता गाँसेका थिए । उनले केही पलिश्ती स्त्रीहरूसँग पनि प्रेम सम्बन्ध राखे । त्यो स्त्री तिम्नामा बस्दथिन्, र शिमशोनले तिनीसित विवाह गर्ने इच्छा गरे ।

जब शिमशोनले त्यस बारेमा आफ्नो आमाबुबालाई बताए, तब तिनले गरेका निर्णयहरू गलत छन् भनी आमा-बुबाले तिनलाई सम्झाउने कोशिस गरे । तर उनले भने, "तिनले मलाई मन पराउँछिन् ।" र शिमशोनले परमेश्वरलाई खुशी पार्नुको सट्टामा आफ्नै स्वार्थको निम्ति त्यसो गर्न खोजे ।

शिमशोन शक्तिशाली मानिस थिए – धेरै नै शक्तिशाली । एक समय तिम्नाको यात्राको क्रममा के भयो? न्यायकर्ताहरू १४:५–९ पढ्नुहोस् ।

शिमशोनले सिंह र महको एउटा अड्को बनाए; र उनले पलिश्ती स्त्रीसँगको विवाहमा ३० जना पलिश्तीहरूलाई अड्को थापे । सात दिनको भोजको समयमा, यदि तिनीहरू त्यो अड्को फुकाउन मञ्जुर भए भने, शिमशोनले तिनीहरू प्रत्येकलाई केही वस्त्रहरू दिनुपर्ने थियो । तर यदि तिनीहरूले त्यो अड्को फुकाउन सकेनन् भने, तिनीहरू प्रत्येकले शिमशोनलाई केही वस्त्रहरू दिनुपर्ने थियो । के हुन्छ होला त? भोलि हामी हेर्नेछौं ।

**सोच्नुहोस्:** शिमशोनले आफू बलियो छ भनी कसरी देखाए? र आफू कमजोर छ भनी कसरी देखाए?

## मंगलबार

**३** शिमशोनले बनाएको अड्को यस प्रकारको छ; "खानेबाट खानेकुरा निस्क्यो, बलियोबाट गुलियो कुरो निस्क्यो ।"



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

जब ३० जना जवान पलिश्तीहरूले विवाहको भोजको समयमा त्यो अड्को फुकाउन सफल भएनन् । तिनीहरूले शिमशोनको पत्नीलाई त्यो अड्को फुकाउनलाई शिमशोनलाई मनाउन लगाए । यदि तिनले पनि त्यो अड्को फुकाउनका लागि शिमशोनलाई मनाउन सकेनन् भने तिनीहरूले के गर्छु भनेका थिए? न्यायकर्ताहरू १४:१५ पढ्नुहोस् ।

शिमशोनले आफ्नो आमाबुबालाई पनि त्यस अड्कोको अर्थ बताएका थिएनन् । तर अन्तमा, तिनले आफ्नो पत्नीलाई बताइदिए; र साँच्चै नै, तिनले गएर ती मानिसहरूलाई बताइदिइन्, जुन मानिसहरूले तिनलाई मार्ने धम्की दिएका थिए । जब ती मानिसहरूले शिमशोनलाई त्यस अड्कोको अर्थ बताए, तब ती मानिसहरूले कसरी थाहा पाए भन्ने कुरा शिमशोनलाई थाहा भयो । शिमशोनले के गरे त? पद १९ पढ्नुहोस् ।

समय नबित्दै, शिमशोन तिम्नामा फर्केर गए । जब तिनी त्यहाँ पुगे, तब तिनकी पत्नी अरू नै मानिसलाई दिइ पठाइएको कुरा तिनलाई थाहा लाग्यो । त्यस कुराले तिनलाई साह्रै नै क्रोधित बनाइदियो । तिनले अन्नका खेतहरू, बिटासमेत दाखबारी र भद्राक्षका बगैंचाहरू पनि डढाइदिए । न्यायकर्ताहरू १५:४, ५ पढ्नुहोस् ।

अब, पलिश्तीहरू पनि शिमशोनसँग साह्रै नै क्रोधित भए; र पलिश्तीहरूले त्यस स्त्रीलाई अर्कैसँग पठाएको कारणले शिमशोनले धेरैलाई मारे । अनि तिनी एतामको पहराको ओडारमा गएर बसे । पदहरू ६–१० पढ्नुहोस् ।

अन्तमा, शिमशोनको पलिश्ती स्त्रीसँगको विवाहको दुःखद् अन्त्य भयो, होइन र?

यदि त्यस समय इस्राएलीहरूले शिमशोनलाई साथ दिएको भए, तिनीहरूले दुष्ट पलिश्तीहरूबाट छुटकारा पाइसकेका हुन्थे । तर इस्राएलीहरू कायर थिए । शिमशोन कहाँ लुकिरहेका छन् भनी तिनीहरूलाई थाहा थियो; पलिश्तीहरूसँग युद्धका निम्ति तिनलाई साथ दिनुको सट्टामा, इस्राएलीहरूले उल्टै उनलाई पक्रन भनी ३००० मानिसहरू बटुलेर गए ।

शिमशोनले आफ्नै मानिसहरूको बिरूद्धमा युद्ध गर्न चाहेनन् । त्यसैले उनले आफ्ना मानिसहरूलाई एउटा मोटो डोरीले आफैंलाई बाँध्न लगाए, ताकि तिनीहरूले उनलाई पलिश्तीहरूका हातमा सुम्पिदिन सक्थे, र साँच्चै नै, पलिश्तीहरू धेरै खुशी थिए, तर के परमप्रभुले शत्रुहरूलाई जित्न दिनुभयो होला त? के भयो त? पदहरू १४–१६ पढ्नुहोस् ।

**सोच्नुहोस्:** पलिश्तीहरूसँग युद्ध गरी जित हासिल गर्नका लागि के परमेश्वरले नै उनलाई शक्ति दिनुभएको हो भनी शिमशोनले याद गरे? अथवा तिनले आफ्नै शक्तिद्वारा जितेको हो भनी घमण्ड गरे? के घमण्ड गर्नु राम्रो हो त?

## बुधबार

**४** जब शिमशोनले १००० पलिश्तीहरूलाई मारे, तब तिनले आफ्नै बल र शक्तिले मारेको हो भनी बताए । उनी एउटा शक्तिशाली व्यक्ति थिए । परमेश्वरले उनलाई सहायताको निम्ति विशेष शक्ति नदिनुभएको भए, के उनले लडाईं जित्न सक्थे र? बाइबलले के भन्दछ, के तपाईंलाई थाहा छ? शिमशोनले जे गरे, त्यसको निम्ति पवित्र आत्माले उनलाई शक्ति प्रदान गर्नुभएको थियो । न्यायकर्ताहरू १५:१४ पढ्नुहोस् ।

ती सबै पलिश्तीहरूलाई मारेपछि, शिमशोनलाई साह्रो तिर्खा लाग्यो । उनलाई थप शक्तिको लागि पानीको आवश्यकता पऱ्यो, र त्यहाँ नजिक कतै पनि पानी थिएन ।

परमेश्वरको सहायता बिना आफू सजिलैसँग मर्न सक्थे भन्ने कुरा शिमशोनलाई थाहा भयो । अब, पलिश्तीहरूसँग युद्ध गरी जित हासिल गर्नका निम्ति परमप्रभुले उनलाई सहायता नगर्नुभएको भए, उनी मारिन सक्थे भनी उनले पश्चात्ताप गरे । उनले के गरे त? पद १८ पढ्नुहोस् । परमप्रभुले शिमशोनको प्रार्थनाको जवाफ कसरी दिनुभयो त? पद १९ पढ्नुहोस् ।

जब हामी परमेश्वरमाथि पूर्ण रूपले भरोसा राख्छौं, तब हाम्रो हेरचाहको निम्ति उहाँमा कुनै पनि कुराहरू असम्भव छैन भनी के परमेश्वरले फेरि एकपल्ट प्रमाणित गरी देखाइदिनु भयो? उहाँका जनहरूले त्यस्ता कुराहरूलाई घरी-घरी बिर्सिरहेका थिए, कति दु:खलाग्दो!

के परमेश्वर शिमशोनसँग धेरै नै धैर्यवान् बनिरहनु भएको थियो? हो । परमेश्वरले उनलाई विजयी बनाउनु भएपछि, शिमशोनले पलिश्तीहरूसँग फेरि अर्के समस्याहरू झेल्नु पऱ्यो । तर परमेश्वरले उनलाई धेरै नै प्रेम गर्नुभयो, र अझै तिनीप्रति धैर्यवान् हुनुभयो । के परमेश्वर हामीसँग पनि धेर्यवान् बन्नुहुन्छ?

**सोच्नुहोस्:** के हामीहरूले आफैंप्रति घमण्ड गर्नु स्वभाविक हो? सधैंजसो हामीले पवित्र आत्माको शक्तिद्वारा असल कामहरू गर्छौं, त्यसका निम्ति परमेश्वरको महिमा र प्रशंसा गर्न बिर्सनलाई के सजिलो छ त?

## बिहीबार

**५** शिमशोन धेरै नै शक्तिशाली व्यक्ति थिए, तर उनी कमजोर पनि थिए । शैतानले हामीलाई सजिलैसँग परीक्षामा पारे झैं, जब शिमशोन कमजोर हुन्छन्, तब उनलाई कसरी परीक्षामा पार्नुपर्छ भन्ने कुरा पनि शैतानलाई थाहा थियो ।

एकदिन पलिश्तीहरूको शहर गाजामा गएर पलिश्ती स्त्रीहरूलाई भेट्न जानका लागि शैतानले शिमशोनलाई परीक्षामा पाऱ्यो । जब ऊ त्यस शहरमा गयो, तब गाजा शहरका मानिसहरू ऊ देखि खुशी भए, किनभने जब तिनी अर्को बिहान त्यस ठाउँबाट निस्कनेछन्, त्यतिबेला उनलाई पक्रन सजिलो हुनेछ भनी तिनीहरू ढुक्कसाथ कुरेर बसे । के तिनीहरूले उनलाई पक्रे त? न्यायकर्ताहरू १६:३ पढ्नुहोस् ।

तर अर्को बिहान, गाजाका मानिसहरूले अचम्म मानेको हुनुपर्छ । तिनीहरूका शहरको मूलढोकाको दैला उखेलिएका थिए । तर पलिश्तीहरूले हिम्मत हारेनन् । तिनीहरूले शिमशोनलाई अर्को स्त्रीकहाँ भेट्टाउन धेरै समय लागेन । त्यस स्त्रीको नाउँ दलीला थिइन्, र यदि त्यस स्त्रीले शिमशोनलाई पक्रनका लागि मद्दत गरेकी खण्डमा, पलिश्तीहरूले तिनलाई ठूलो ईनाम दिने घोषणा गरेका थिए । पदहरू ४, ५ पढ्नुहोस् ।

त्यस कुरामा दलीलाले सहमति जनाइन् । तर शुरूमा, तिनलाई शिमशोनको शक्तिमाथिको रहस्य जान्नुपर्ने थियो । तिनले दिनदिनै शिमशोनलाई सोधेर उनी बलवान् हुनुको रहस्य पत्ता लगाउने कोशिस गरिन्, र पलिश्तीहरूले उनलाई बाँधेर काबूमा पार्न हरदिन प्रतिक्षा गरेर बस्थे ।

शुरूमा धनुको सात ओटा नसुकेको ताजा ताँदाले उनलाई बाँध्न त्यस स्त्रीलाई भने । तिनले त्यस्तै गरिन् । तर के भयो त? पद ९ पढ्नुहोस् ।

अर्कोपल्ट, कहिल्यै नचलाइएका नयाँ डोरीले बाँध्न त्यस स्त्रीलाई भने । त्यस स्त्रीले त्यस्तै गरिन् । तर फेरि त्यस्तै भयो ।

अर्कोपल्ट, कपडा बनाउने धागो झैं, उनका कपालका सातवटा लट्टालाई तानमा बुनेर किलाले कसेर राख्न त्यस स्त्रीलाई भने । अनि उनी सुतिरहेको बेलामा त्यस स्त्रीले त्यस्तै गरी, र तिनले भने, "शिमशोन! पलिश्तीहरू तपाईंमाथि आइलागे है ।" यो समय, तिनी निंद्राबाट ब्युँझेर तान समेन किला उखेलिदिए ।

**सोच्नुहोस्:** कसैले "आगोसँग खेलेको" के तपाईंले सुन्नुभएको छ? के त्यो सुरक्षित छ? त्यसैगरी शिमशोन पनि परीक्षासँग खेलिरहेको थियो, होइन र? ऊ पनि आगोमा खेलिरहेको जत्तिकै थियो, र उनले त्यसलाई नरोकेसम्म त्यसले उनलाई पोल्न सक्थ्यो ।

## शुक्रबार

**६** दलीलाको दिनहुँको ख्यालठट्टाले शिमशोन वाक्क दिक्क भइसकेको थियो । अन्तमा, शिमशोनले विरक्त भएर आफ्नो शक्तिको रहस्यको बारेमा दलीलालाई गुप्त कुरा बताइदिए । उनले दलीलालाई के भने त? न्यायकर्ताहरू १६:१७ पढ्नुहोस् ।

आखिरमा, शिमशोनले आफ्नो शक्तिको रहस्यको बारेमा सत्य कुरा नै बताएको हो भनेर दलीला विश्वस्त हुन पुगिन् ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

तिनले तुरुन्तै शिमशोनको शत्रुहरूलाई बोलाइन् । पद १८ पढ्नुहोस् ।

जब शिमशोन निंद्रामा थिए, तब दलीलाले उनको

कपाल काटिदिइन् । अनि तिनले उनलाई निँद्राबाट व्युँझाएर भनिन्, "शिमशोन! पलिश्तीहरू तपाईंमाथि आइलागे है ।" यो समय के भयो त? पद २० पढ्नुहोस् ।

कपालबिना शिमशोनको शरीरको ढाँचा बद्लिएको मात्र होइन, उनी भिन्नै देखिए । उनलाई परमेश्वरको शक्तिले छोडिसकेको थियो ।

त्यसपछि जे भयो, त्यो एकदमै डरलाग्दो थियो ।



पलिश्तीहरूले उनलाई मार्न चाहेनन् । त्यसको सट्टामा, तिनीहरूले उनको आँखा निकालिदिए, र पशु सरह काम गर्न लाए । त्यसरी मानिसहरूले उनी र उनको परमेश्वरको खिल्ली उडाए । पद २१ पढ्नुहोस् ।

झ्यालखानामा, शिमशोनले आफू कति मूर्ख रहेछु भनी धेरै समयसम्म सोच्दै बसे । उनले परमेश्वरलाई निराश तुल्याएकोमा दुःख महसुस गरे, र साँच्चै नै उनी दुःखी भए । त्यही समयमा, के भयो त? पद २२ पढ्नुहोस् ।

एकदिन, पलिश्तीहरूले आफ्नो मन्दिरमा ठूलो उत्सव मनाउन लागे ; त्यहाँ करिब ३०,००० मानिसहरू खचाखच भरि एका थिए । तिनीहरूले के-का लागि उत्सव मनाउन लागेका थिए, र कसलाई होमबलि चढाउन गइरहेका थिए त? पदहरू २३, २४ पढ्नुहोस् ।

सारा भीडले उनको तमाशा हेरोस् भन्ने हेतुले तिनीहरूले अन्धा शिमशोनलाई झ्यालखानाबाट बाहिर मन्दिरमा ल्याए ।



केही समयपछि, तिनको हात समाती राख्ने ठिटालाई शिमशोनले के भने त? पद २६ पढ्नुहोस् ।

अनि शिमशोनले अनौठो तरिकाले परमेश्वरमा पुकारा गरे । शिमशोनलाई आफ्नै मूल्यवान् जीवन गुमाउन गइरहेको कुरा थाहा भए तापनि, कुनै आश्चर्यमय कामको निम्ति तिनले परमेश्वरसँग विशेष शक्ति मागे ।

जब हामी साँचो रूपले दुःखी हुन्छौं, के परमेश्वरले हामीलाई सधैं क्षमा दिनुहुन्छ? हो, उहाँले हामीलाई क्षमा दिनुहुन्छ, र उहाँले गरीब र दृष्टिविहीन शिमशोनलाई क्षमा दिनुभयो । परमेश्वरले शिमशोनको प्रार्थनाको उत्तर कसरी दिनुभयो त? पदहरू २९, ३० पढ्नुहोस् ।

**सोच्नुहोस्:** आफूलाई खुशी पार्नु भनेको साँच्चै नै शैतानलाई खुशी पार्नु जस्तै हो भनी शिमशोनले पछि गएर थाहा पाए । जब हामी एक सुरले आफ्नै मार्गमा हिंड्छौं, त्यसबेला के हामीले यस्ता कुराहरूलाई ध्यान दिनु आवश्यक छ त?

## अधिक अध्ययनका निम्ति:

न्यायकर्ताहरू १३–१६; पेट्रिआँर्कस् एण्ड प्रोफेटस्, पेज ५६०–५६८; द बाइबल स्टोरी, भोल्युम ३, पेज १३०–१३६ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्र:

# पहिला मेरो बाइबल

पहिलो वर्ष

अध्याय–४, पाठ–५

## विश्वासी रूथ

### याद गर्नुपर्ने पदहरू:

"तपाईंका मानिसहरू मेरा मानिसहरू हुनेछन्, अनि तपाईंका परमेश्वर मेरा परमेश्वर हुनेछन् ।" – रूथ १:१६

### आइतबार

१ प्रभु येशू ख्रीष्ट कहाँ जन्मनु भएको थियो, के तपाईंलाई याद छ? हो, उहाँ बेथलेहेममा जन्मनुभयो । यो हप्ताको हाम्रो कथा चाहिँ एउटा परिवारको बारेमा छ, जुन परिवार प्रभु येशू जन्मनु भन्दा धेरै समय अघिदेखि नै बेथलेहेम भन्ने शहरमा बसोबास गर्दथे । ती परिवारमा कति जना सदस्यहरू थिए, र तिनीहरूको नाम के-के थिए? रूथ १:१, २ पढ्नुहोस् ।

जब तिनीहरू बेथलेहेममा बसोबास गर्दै थिए, त्यतिबेला इस्राएलको त्यस प्रान्तमा अनिकाल परेको थियो । त्यसको मतलब त्यहाँ प्रशस्त मात्रामा अन्नहरूको उब्जनी भएको थिएन । त्यस्तो किन भयो होला त? त्यहाँ किन भारी मात्रामा वर्षात् भएन त? परमेश्वरले धेरै आशिष् दिने इच्छा गर्नु भए तापनि, उहाँले इस्राएलीहरूलाई आशिषीत् तुल्याउन सक्नुभएन । किन उहाँले तिनीहरूलाई आशिषीत् तुल्याउन सक्नुभएन त? किनभने उहाँको दश आज्ञाहरू पालन गर्नुको सट्टामा, तिनीहरूले दुष्ट कनानीहरूको चरित्रलाई नक्कल गरिरहेका थिए ।

त्यहाँ मोआबको भूमिमा प्रशस्त मात्रामा अनाजहरू छन् भनी एलीमेलेक र नाओमीले सुनेका थिए । त्यो ठाउँ प्रायः १२० किलोमिटर टाढा पर्दथ्यो । मोआबीहरू अब्राहामको भतिजो लोतको घरानाबाट आएका हुन् भनेर के तपाईंलाई थाहा छ? तिनीहरूले मूर्तिलाई पुज्दथे; तर अरू मानिसहरू झैं तिनीहरू एक–अर्काका शत्रु थिएनन् । तिनीहरूसित युद्ध नगर्न मोशाले इस्राएलीहरूलाई चेतावनी दिएका थिए । अनिकाल बन्द नभएसम्म, बेथलेहेममा बस्ने त्यो परिवारले मोआबमा गएर बस्ने निर्णय गरे ।

एलीमेलेक र तिनको परिवार मोआबमा गएर बसेपछि, के भयो त? पदहरू ३, ४ पढ्नुहोस् ।

तर अर्कै एउटा दुःखलाग्दो घटना घट्न पुग्यो । मोआबमा सरेको त्यो परिवारमा को चाहिँ एकजना बाँकी रह्यो त? पद ५ पढ्नुहोस् ।

अब नाओमी र तिनका दुईटी बुहारीहरू मात्र बाँकी रहे, तिनीहरूले अब के गर्लान् त?

**सोच्नुहोस्:** जब कुनै परिवारमा एकजना प्रिय व्यक्तिको मृत्यु हुन्छ, त्यसको अर्थ तिनीहरूलाई परमेश्वरले सजाय दिनुभएको हो भनी धेरै मानिसहरूले सोच्ने गर्दछन् । त्यस्तो सोचेर नाओमी पनि परीक्षामा परेकी थिइन्; तर के त्यो सत्य हो त? अँहँ, होइन । तर त्यही नै हो, त्यस्तै कुराहरू सोच्न शैतानले हामीलाई बाध्य बनाउँछ ।

### सोमबार

२ एलीमेलेक र तिनका परिवार इस्राएलबाट मोआबमा बसाइँ सरेको दस वर्ष बितिसकेको थियो । जब तिनीहरू त्यतातिर बसाइँ सरेका थिए, तब तिनीहरूको परिवारमा चारजना सदस्यहरू थिए । अब केवल नाओमी मात्र बाँकी भइन् ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

नाओमी एउटा दयालु र मायालु सासु-आमा थिइन्, र तिनका छोराहरूका पत्नीहरू ओर्पा र रूथ अझै तिनकै साथमा रहँदा नाओमी धेरै कृतज्ञ भइन् । तर जब तिनले बेथलेहेममा आफ्नो घर र आफ्नो स्वामित्वमा भएका जग्गा जमिनहरूको बारेमा सोचविचार गरिन्, तब तिनले के गर्ने निर्णय

गरिन् त? रूथ १:६, ७ पढ्नुहोस् ।

नाओमी र तिनका बुहारीहरूले एक-अर्कालाई धेरै नै प्रेम गर्थे, र तिनीहरू सबैजना साथमै बस्न चाहे । तर साँच्चै नै, रूथ र ओर्पा आफ्नै देशमा फर्कि जाऊन् भनी नाओमीले मनमा विचार गरिन् । सायद तिनीहरूले फेरि अर्को विवाह गरी भने, आफ्नै सुखी घर परिवार बनाउन सक्छिन् । तर जब नाओमीले त्यस बारेमा तिनीहरूसित छलफल गरिन्, तब ती दुई बुहारीहरूले के भने त? पदहरू ८, ९ पढ्नुहोस् ।

आफ्नो देश र आफ्नो मानिसहरूकहाँ फर्कनु ती बुहारीहरूको निम्ति ठीक लाग्नेछ भन्ने कुरा नाओमीले तिनीहरूलाई घरी-घरी सम्झाउने कोशिस गरिन् । तर बुहारीहरूले अझै पनि तिनलाई छोडेर जान चाहेनन् । अन्तमा, के भयो त? पदहरू १४, १५ पढ्नुहोस् ।

अन्तमा ओर्पाले आफूसँगै हुर्की बढेका मानिसहरूसित र हन आफ्नै जन्मघर मोआब जाने निर्णय गरिन् । तर रूथले साँचो परमेश्वरका बारेमा सिकेकी थिइन् । तिनले आफ्नो बाँकी जीवनकालभरि परमेश्वरप्रति र सासु-आमा नाओमीप्रति आज्ञाकारी बन्ने अठोट गरिन् । तिनले नाओमीलाई भनेका राम्रा कुराहरूको बारेमा बाइबलमा लेखिएका छन् । पदहरू १६, १७ पढ्नुहोस् ।

रूथ कति आज्ञाकारी र प्रेमिलो थिइन् । नाओमीले महान्ता देखाएर केही भएनन् । रूथले आफ्नो मन बदली गर्ने छैन भनी जानेर नाओमीले केही भनिनन् । पद १८ पढ्नुहोस् ।

**सोच्नुहोस्:** कुनचाहिँ बुहारीले राम्रो निर्णय गरिन् त? रूथले नाओमीलाई प्रेम गरे तापनि, के तिनी नयाँ देशमा गएर बस्नलाई तिनको लागि सहज होला, जहाँ तिनी एउटै मात्र व्यक्तिसँग (नाओमी) परिचित थिइन्? परमेश्वरलाई प्रेम गर्दा र उहाँमाथि भरोसा राख्दा, के त्यसले हाम्रो जीवनमा केही भिन्नता ल्याउँदछ?

जब नाओमीले आफ्नो बुहारीलाई अरू मानिसहरूसित परिचय गराइन्, र तिनी आफूसँगै बस्नेछिन् भनेर बताइन्, तब मानिसहरूले सोचेको हुनुपर्छ, कि रूथ धेरै नै असल बुहारी होलिन् । तर दस वर्ष अघिको जीवनस्तरको तुलनामा अहिलेको जीवनस्तर धेरै फरक हुन सक्छ भन्ने कुराको बारेमा जब नाओमीले विचार गर्दै थिइन्, तब नाओमीले के भनिन्? पदहरू २०,२१ पढ्नुहोस् ।

नाओमीको अर्थ "आनन्द" हो, र माराको अर्थ चाहिँ "तीतो" हो । परमेश्वरले तिनीमाथि विपत्ति ल्याइदिनुभएको हो भन्ने कुरालाई विश्वास गर्न के तिनलाई गाह्रो भइरहेको थियो?

अनिकालको अन्त भइसकेको थियो, र खेतमा प्रशस्त अन्नहरू उब्जनी भइरहेको थियो । जब नाओमी र रूथ बेथलेहेममा पुगे, तब मानिसहरूले के-को कटनी गर्दै थिए? पद २२ पढ्नुहोस् ।

रूथ अल्छिनी थिइनन् । तिनले नाओमीलाई के-का लागि अनुमति मागिन्? रूथ २:२, ३ पढ्नुहोस् ।

धेरै वर्ष अघि, परमेश्वरले दिनुभएको एउटा व्यवस्था यस्तो थियो, कि बाली काट्नेहरूले खेतमा कटनी गर्दा, जुन भूइँमा खसेको हुन्थ्यो, त्यो चाहिँ गरीब मानिसहरूलाई बटुल्न दिनुपर्थ्यो । तिनीहरूले बटुलेका अन्नहरू आफ्नै लागि घरमा लिएर जान पाउँथे । त्यसलाई "शिला-बाला" बटुल्ने भनिन्थ्यो ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

जब बोअज आफ्ना बाली काट्नेहरूसित कुरा गर्न लागे, तब रूथले शिला-बाला बटुलिरहेको उनले देखे; र बोअजले गएर तिनीसँग कुरा गरे । पदहरू ५–९ पढ्नुहोस् ।

## मंगलबार

**३** नाओमी र रूथलाई मोआब देखि बेथलेहेमसम्म यात्रा गर्न धेरै दिन लागेको हुनुपर्छ । जब तिनीहरू त्यहाँ पुगे, तब तिनीहरू आएको समाचार तुरुन्तै फैलियो । नाओमीका साथीहरूले नाओमीलाई फेरि भेट्न पाउँदा उत्साहित र खुशी महसुस गरे । रूथ १:१९ पढ्नुहोस् ।



बोअजले रूथको बारेमा पहिले नै सुनिसकेका थिए, र तिनी नाओमीका कुटुम्ब थिए । साँच्चै नै, तिनलाई रूथको बारेमा जान्ने इच्छा भयो । तिनले अर्को के कुरा भने त? पदहरू ११–१७ पढ्नुहोस् ।


रूथले दिनभर कडा मिहिनेत गरिन्, र साँझ परेपछि ५ पाथी शीला-बाला बोकेर घर फर्किन् । तिनले ती कुराहरू नाओमीलाई बताउन आतुर भइन् । जब नाओमीले ती कुराहरू सुनिन्, तब तिनका आँखाहरू खुशीका आँसुहरूले भरिएको हुनुपर्छ । पद २० पढ्नुहोस् ।

**सोच्नुहोस्:** परमेश्वरले तिनलाई प्रेम गर्नुहुन्छ या गर्नुहुन्न भन्ने बारेमा के नाओमीले अझै अचम्म मानेकी होलिन् भन्ने तपाईंलाई लाग्छ?

परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ या गर्नुहुन्न भन्ने बारेमा तपाईंले कहिल्यै पनि अचम्म मान्नुपर्दैन । जस्तो सुकै अप्ठ्यारो परिस्थितिहरूमा पनि उहाँले हामीलाई भरपूर प्रेम गर्नुहुन्छ ।

## बुधबार

४ कटनीको समयमा रूथले धेरै मिहिनेतका साथ परिश्रम गरिन् । अब रूथ र नाओमीले खानाको लागि कुनै चिन्ता गर्नुपर्ने आवश्यकता थिएन । तर त्यसबाहेक नाओमीले अरू नै केही कुराहरूको बारेमा सोच्दै थिइन् । तिनले एउटा व्यक्ति बोअजको बारेमा सोच्दै थिइन् । बोअजले रूथप्रति धेरै नै दया देखाइरहेका थिए, र उनी नाओमीको श्रीमान्को नातेदार थिए ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

आफ्नो शेषपछि रूथको के हाल होला भनी जब नाओमीले सोचिरहेकी थिइन्, तब तिनले परमेश्वरको अर्को एउटा व्यवस्थाको बारेमा विचार गरिन् । कुनै पनि सन्तानविहीन व्यक्तिको मृत्यु भयो भने, त्यो मृत मानिसको नजिकको नातेदारले तिनको विधवा स्त्रीलाई विवाह गर्न पाउँथ्यो ।

त्यसरी त्यो मृत मानिसको सम्पत्ति जग्गा-जमिन तिनकै परिवारको अधीनमा रहन्छन्, र तिनीहरूको आफ्नै रेखदेखको निम्ति अरू मानिसहरूमा निर्भर रहनु आवश्यक हुँदैन । ती सबै जग्गा-जमिनहरू मृत मानिसकै जातिले चलाइरहेका हुन्छन् ।

नाओमीले ती सबै कुराहरूको बारेमा सोच्दै थिइन् । अन्तमा, नाओमीले त्यस बारेमा रूथसँग बातचित गर्ने विचार गरिन् । के योजना थियो त? के रूथले सहमति जनाउँछिन् होली? रूथ ३:१–५ पढ्नुहोस् ।

नाओमीको योजना हाम्रो लागि अनौठो लाग्न सक्छ, तर त्यस बेलाको समयमा त्यो पूर्ण रूपले सही नै थियो ।

तिनीहरूको सबै जग्गा-जमिनहरू परिवारकै स्वामित्वमा रहोस् भनेर बोअजको सहयोग चाहिएको कुरा यदि रूथले बोअजलाई बताइन् भने, त्यसको अर्थ रूथले बोअजसँग विवाह गर्न चाहिरहेकी छिन् भन्ने कुरा बोअजले बुझ्नेछन् । नत्रता तिनीहरूको वंश नै नाश हुनेछन्, किनभने नाओमीका नाति-नातिनीहरू थिएनन्, र सारा सम्पत्ति अरू कसैको नाउँमा जान सक्थ्यो ।

**सोच्नुहोस्:** केही थोकहरूलाई सुरक्षित राख्न वा सहयोग नपाएर गुम्न लागेका थोकहरूलाई फिर्ता गराउनमा, यदि कसैले सहयोग गर्छन् भने त्यसलाई "उद्धार" भनिन्छ । के बोअजले नाओमी र रूथका लागि त्यसो गर्ने इच्छा राख्नेछन् होला त? हामी हेर्ने छौं ।

## बिहीबार

५ रूथले नाओमीमाथि भरोसा गरिन्, र नाओमीले तिनलाई जे काम अह्राइन्, तिनले त्यस्तै गरिन् । तिनले स्नान गरिन्, आफ्ना राम्रा र सफा लुगाहरू लगाइन् र बोअजको खलामा गइन्, जहाँ त्यसैले हावाले त्यसबाट भुसहरू उडाउँथ्यो । त्यसलाई "निफन्ने" भनिन्थ्यो । बोअजले बेलुकाको खानपान गरिसकेपछि, तिनी आफ्नो अन्नको भण्डार नजिकै सुत्नलाई गए ।

बोअजले थाहा नपाउने गरी रूथ चुपचापसँग गइन्, र उनी कहाँ सुतेका छन् भनेर हेर्न लागिन् । उनी मस्तसँग निदाइ सकेको जब तिनले थाहा पाइन्, तब तिनले के गरिन् त? रूथ ३:७ पढ्नुहोस् ।

दिनभरको कडा मिहिनेतपछि, बोअज मस्तसँग निदाएको हुनुपर्छ । तर मध्यरातमा, अचानक कोही एकजना आफ्नो खुट्टानेर ढल्किरहेकी उनले देखे । पदहरू ८, ९ पढ्नुहोस् ।

बोअजले रूथको अर्थ तुरुन्तै बुझिहाले । नाओमीले नै त्यसो गर्न लगाएकी हो भनेर तिनले थाहा पाए । रूथलाई उत्तर दिनु अघि, के तिनले धेरै बेर सोच्नुपर्ने जरूरत पऱ्यो? पदहरू १०, ११ पढ्नुहोस् ।

हुनसक्छ, रूथलाई विवाह गर्ने बारेमा बोअजले पहिले नै सोचिसकेको थियो । तर नाओमीको श्रीमान्को तर्फबाट घनिष्ठ नाता पर्ने अर्को एउटा व्यक्ति छन् भन्ने कुरा बोअजलाई थाहा थियो, र त्यही व्यक्तिले रूथसँग विवाह गर्ने पहिलो मौका पाउनु पर्थ्यो । पदहरू १२, १३ पढ्नुहोस् ।

उज्यालो हुनुभन्दा अघि, नाओमीको निम्ति बोअजले रूथलाई जौ उपहार दिएर घर पठाए ।

साँच्चै नै, नाओमीले त्यहाँ भएका सबै कुराहरूको बारेमा जान्न लालायित थिइन् । रूथले तिनलाई सबै कुरा बताएपछि, नाओमीले के भनिन्? पद १८ पढ्नुहोस् ।

**सोच्नुहोस्:** रूथको लागि नाओमी आफ्नै आमा जस्तै थिइन् । रूथ एउटी जवान स्त्री भए तापनि, तिनले नाओमीमाथि भरोसा गरेर खुशीसाथ अह्राएको काम गर्थिन् । तिनले दश आज्ञामध्ये कुन चाहिँ आज्ञा पालना गरिरहेकी थिइन् त?

## शुक्रबार

६ बोअजले त्यसदिन के गर्नेछन् होला भन्ने बारेमा के नाओमीको सोँच सही थियो? रूथ ४:१, २ पढ्नुहोस् ।
जब बोअजले जमिनको दावी गर्ने विषयमा अर्को नजिकको नातेदारलाई बताए, तब त्यो नजिकको नातेदारले तुरुन्तै त्यो जमिन लिनलाई राजी भए । रूथलाई विवाह गर्ने र जमिन रूथको छोराको नाउँमा गर्ने भनेको एक प्रकारको सम्झौता रहेछ भन्ने कुरा तिनलाई थाहा थिएन । जब बोअजले त्यो नजिकको

नातेदारलाई त्यस बारेमा बताए, तब तिनले के भने त? पद ६ पढ्नुहोस् ।

अनि बोअजले एउटा भेलाको कार्यक्रम राखे । त्यो चाहिँ एउटा महत्वपूर्ण कागजमा सही गराउनका लागि राखिएको थियो । पदहरू ७–९ पढ्नुहोस् ।



जग्गा-जमिनहरू सबै बोअजको नाउँमा जाने कुरालाई त्यहाँ बसेका सबै धर्म-गुरुहरूले सहमति जनाए । तिनले रूथलाई विवाह गर्ने प्रतिज्ञा गरेको कुरा पनि सबैजनालाई थाहा दिइयो । पदहरू १०–१२ पढ्नुहोस् ।

जब रूथले पहिलो शिशु जन्माइन्, तब तिनीहरूले उनको नाउँ ओबेद राखिदिए । बेथलेहेममा स्त्रीहरूले तिनीहरूका प्रिय मित्र नाओमीको साथमा खुशी र आनन्द मनाए । तिनीहरूले के भने, र नाओमीले के गर्न पाउनेछिन् त? पदहरू १४–१६ पढ्नुहोस् ।

अनि सानो ओबेद हुर्कंदै बढ्दै गएर राजा दाऊदका हजूरबुबा हुनेछन् भन्ने कुरा कसैलाई थाहा थिएन ।

हाम्रो संसारमा सदाका लागि जीवित रहनुहुने एकजना व्यक्तिको पूर्खा हुनेछन् । बेथलेहेमको सानो शहरमा त्यस व्यक्तिको जन्म हुनेछ, जहाँ बोअजले नाओमीको जमिन हासिल गरेका थिए । त्यो व्यक्ति को हनुहुन्छ त? हो, प्रभु येशू ख्रीष्ट हुनुहुन्छ । जो चाहिँ महान् उद्धारकर्ता हुनुहुनेछ, उहाँले हामीलाई दुष्ट शैतानबाट किन्नलाई मोल तिर्नुहुनेछ । अन्तमा, उहाँले हाम्रो संसारलाई नयाँ तुल्याउनुहुनेछ, र त्यो संसार हामीलाई नै फर्कादिनु हुनेछ ।

**सोच्नुहोस्:** हाम्रो निम्ति मरेर प्रभु येशूले दुष्ट शैतानबाट तपाईं हामीलाई छुटाउन पहिले नै मोल तिरी सक्नुभएको छ । हामीलाई उहाँको घरमा लगेर उहाँसँगै राख्नलाई उहाँ फेरि फर्कनुहुनेछ । अन्तमा, उहाँले हाम्रो संसारलाई फेरि नयाँ र सुन्दर बनाउनु भएको हामी सबैले देख्नेछौं; अनि उहाँ सदाको निम्ति हाम्रै साथमा रहनुहुनेछ । तपाईं पनि उहाँको साथमा रहने निर्णय तपाईं आफैंले गर्न सक्नुहुन्छ भन्ने कुरामा के तपाईं खुशी हुनुहुन्छ? तपाईंले नबिर्सनुहोस्, कि उहाँले तपाईंलाई शैतानबाट मुक्त गरि सक्नुभएको छ ।

## अधिक अध्ययनका निम्ति:

रूथ १–४; द बाइबल स्टोरी, भोल्युम ३, पेज १३७–१४२ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्र:

# पहिला मेरो बाइबल

पहिलो वर्ष

अध्याय–४, पाठ–६

## हन्नाहको प्रार्थनाको सुनुवाई

**याद गर्नुपर्ने पदहरू:**
"एउटा बालकलाई पनि उसको गतिविधिबाटै उसको चालचलन ठीक भए नभएको थाहा गर्न सकिन्छ ।"
– हितोपदेश २०:११

### आइतबार

१ के साना बाल-बालिकाहरूले पनि बाँचुञ्जेल जस्तोसुकै परिस्थिति आइपरे तापनि येशूलाई प्रेम गर्ने, उहाँमाथि विश्वास गर्ने र उहाँको आज्ञालाई पालन गर्ने अठोट गर्न सक्छन्? हो, तिनीहरूले पनि अठोट गर्न सक्छन् । बाइबलले एउटा सानो बालकको बारेमा बताउँदछ, जसले त्यस्तो अठोट गरेका थिए । उनको नाउँ शमूएल थियो ।

शमूएलको पिताको नाम एल्काना थियो । तिनी एउटा महत्वपूर्ण र धनाढ्य व्यक्ति थिए, र तिनी लेवी कुलका थिए । लेवीहरूले परमेश्वरको सन्दूकको हेरचाह गर्ने जस्ता महत्वपूर्ण कामहरू गर्थे । उच्च पूजाहारीहरू र पवित्रस्थानमा मद्दत गर्नेहरू सबै लेवी कुलका थिए ।

एल्काना र तिनका परिवार रामामा बसोबास गर्थे । त्यो ठाउँ शिलोबाट प्रायः २० किलोमिटर टाढा थियो । जहाँ धेरै वर्षसम्म सन्दूक राखिएको थियो ।

शमूएलको आमाकोनाम हन्नाह थियो, र हन्नाह एउटी असल स्त्री थिइन्, जसले आफ्नो सारा हृदयले परमेश्वरलाई प्रेम गर्थिन् ।

प्रत्येक वर्ष एल्काना एउटा चाडमा वार्षिक बलिदान चढाउन आफ्नो परिवारलाई शिलोमा लिएर जान्थे, जुन चाड धेरै दिनसम्म चल्थ्यो । तिनीहरूले सधैं परमप्रभुलाई बलिदानको निम्ति पशुहरू लिएर जान्थे, र बलि दिइसकेपछि तिनीहरूले साथमा बसेर विशेष भोजन ग्रहण गर्नु पर्थ्यो । त्यो चाहिँ हरेकको लागि खुशी र रमाइलो दिन हुन्थ्यो ।

तर खुशी हुनुको सट्टामा, प्रायः हन्नाह साह्रै दुःखी देखिन्थिन् । वर्षैपिच्छे एल्कानाले महत्वपूर्ण चाडको निम्ति आफ्नो परिवारलाई शिलोमा लिएर जान्थे, तर वर्षैपिच्छे हन्नाह जहिल्यै पनि निराश हुन्थिन् । वास्तवमा, हरेक समय चाडमा जाँदा तिनी दुःखी बन्ने गरेकाले धेरैपल्ट खाना पनि खाँदैनथिन् ।

एक समय विशेष भोजनपछि, तिनी आफैं सन्दूक राखिएको परमप्रभुको मन्दिरमा गइन्; र आफ्नो हृदय टुटेको झैं चिन्ताले व्याकुल भएर परमप्रभुको सामु रोइरहिन् । किन होला त? के गलत भइरहेको थियो त? हामी भोलि पत्ता लगाउनेछौं ।

**सोच्नुहोस्:** के तपाईंले कहिल्यै केही थोक पाउने इच्छा गर्नुभएको छ, जसलाई पाउनको निम्ति तपाईं चिन्ताले व्याकुल बन्नुहुन्छ? बाल-बालिकाहरू पनि केही थोक पाउनको निम्ति धेरै रून्छन्, जुन थोक वास्तवमा त्यति महत्वपूर्ण हुँदैनन् । तर हन्नाह चाहिँ धेरै नै महत्वपूर्ण थोकको निम्ति भाव विव्हल भएर रूँदै थिइन्; जुनचाहिँ केवल परमेश्वरले मात्रै तिनलाई दिन सक्नुहुन्थ्यो ।

### सोमबार

२ हन्नाह किन भाव विव्हल हुँदै थिइन् भनेर के तपाईंलाई थाहा छ? कारण यो थियो, कि तिनी र एल्कानाको आफ्नै सन्तान थिएनन् । तिनीहरूको आफ्नै जमिन र पैसाको हेर चाहको निम्ति सन्तानको इच्छा गरेका थिए ।


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

एल्कानाले परमेश्वरलाई प्रेम गर्ने र उहाँको महिमा र प्रशंसा गर्थे; र तिनले हन्नाह लाई आफूलाई भन्दा पनि बढी प्रेम गर्थे । तर जब

तिनीहरू निस्सन्तान भए, तब सन्तानको निम्ति परमप्रभुमाथि भरोसा गर्नुको सट्टामा, एल्कानाले अर्को एउटी स्त्री विवाह गरे । त्यो स्त्रीको नाम चाहिँ पनिन्नाह थियो । अनि साँच्चै नै, हन्नाह र पनिन्नाहको बीचमा इर्ष्याको भावना जागृत हुन थाल्यो ।

जब पनिन्नाहको सन्तान भयो, तब परमेश्वरले तिनलाई हन्नालाई भन्दा पनि बढी महत्वपूर्ण तुल्याउनुभयो भनी पनिन्नाहले सोचिन् । तर तिनी इर्ष्यालु स्त्री पनि थिइन्, किनभने एल्कानाले हन्नालाई बढी प्रेम गर्छन् भनी तिनलाई थाहा थियो । पनिन्नाह क्रूर बनिन्, र हन्नाहको भावनामाथि ठेस पुऱ्याउन तिनलाई दु:ख दिने र खसालेर कुरा गर्ने गर्थिन् ।

एल्कानाले वर्षेनी आफ्नो परिवारलाई कहाँ लिएर जान्थे भन्ने कुरा के तपाईंलाई याद छ?

तिनीहरूले त्यहाँ के गर्थे? १ शमूएल १:३ पढ्नुहोस् ।

तिनीहरूले बलिदान चढाएपछि, विशेष भोजनको समयमा, एल्कानाले आफ्नो परिवारको प्रत्येक व्यक्तिलाई परमेश्वरलाई चढाएको विशेष बलिदानको भाग दिन्थे । पदहरू ४, ५ पढ्नुहोस् ।

जब एल्कानाले हन्नाहलाई दोब्बर भाग दिन्थे, हुनसक्छ पनिन्नाहले पहिलेभन्दा झन् बढी इर्ष्या गर्न थालिन् ।

पनिन्नाहले हन्नाहप्रति कस्तो व्यवहार देखाइन्? पदहरू ६, ७ पढ्नुहोस् ।

हन्नाह सधै शान्त स्वभावको र धैर्यवान् स्त्री थिइन्; तर यो समय, एल्कानाले तिनलाई सान्त्वना दिन सकभर कोशिस गरे तापनि सहनशीलताको सीमा नाघेको देखिन्थ्यो । पद ८ पढ्नुहोस् ।

हन्नाहले एल्कानालाई कुनै गुनासो पोखिननन्; तर जब विशेष खानपान सकियो, तब तिनले के गरिन् त? पदहरू ९, १० पढ्नुहोस् ।

**सोच्नुहोस्:** परमेश्वरको योजना अनुरूप एउटी पत्नीको सट्टामा दुईटी पत्नी भएर परिवारमा अशान्ति छाएको कुनै घरपरिवारलाई के तपाईंले चिन्नुहुन्छ? अब्राहामको घरमा पनि सारा र हागारको बारेमा के तपाईंलाई याद छ? र याकूबको घरमा राहेल र लेआको बारेमा पनि के तपाईंलाई याद छ?

## मंगलबार

**३**

हन्नाहले भोजन ग्रहण गर्न पनि सकिनन् । आफू साह्रै नै दु:खी भएको कुरा व्यक्त गर्न परमेश्वरसँग बातचित गर्नलाई सन्दूक भएको परमेश्वरको मन्दिरको ढोका छेउमा गएर आफ्नो मनको पीर पोखिन् । जब तिनी ढोकानेर बसेर घुँडा टेकेर रोइन्, तब तिनले परमेश्वरमा के-का लागि पुकारा गरिन्? १ शमूएल १:९–११ पढ्नुहोस् ।

प्रधान पूजाहारी एली परमप्रभुको मन्दिरको ढोका छेउमा आफ्नो आसनमा बसिरहेका थिए । पूजाहारी एलीले कहिल्यै कसैले पनि हन्नाहले जस्तै प्रार्थना गरेको देखेका थिएन । धेरै जसो मानिसहरू त्यत्ति श्रद्धालु पनि हुँदैनथे । कहिलेकाहीँ कुनै-कुनै स्त्रीहरू परमप्रभुको मन्दिरमा मद्य पिएर पनि आउने गर्थे । पूजाहारी एलीले धेरै बेरसम्म हन्नाहप्रति नजर राखे । एलीले तिनी मद्यले मात्तेकी स्त्री हो भन्ठाने । पदहरू १२–१४ पढ्नुहोस् ।

दु:खी हन्नाहले डर महसुस गरेको हुनुपर्छ । आफ्नो बारेमा पूजाहारी एलीले नराम्रो सोचेछन् भन्ठानेर तिनले एलीलाई आफ्नो पीर बताइन् । पदहरू १५, १६ पढ्नुहोस् ।

पूजाहारी एलीले हन्नाहलाई जे सोचेर बोलेका थिए, त्यसप्रति एलीले तुरुन्तै दु:ख व्यक्त गरे । एउटा निर्दोष स्त्रीलाई चोट पुऱ्याउने उनको उद्देश्य थिएन । आफूले परमप्रभुसित के-का लागि प्रार्थना गरिरहेकी छु भन्ने कुरा तिनले पूजाहारीलाई बताइन्, तर तिनी परमेश्वरलाई साँचो प्रेम गर्ने असल स्त्री र हिछिन् भनी एलीले बुझे । पूजाहारी एलीले के भने त? पद १७ पढ्नुहोस् ।

अचानक हन्नाहले आफ्नो हृदय भारी भएको महसुस गर्न थालिन्, र जब तिनी हतारिँदै आफ्नो पालमा गइन्, तब परमेश्वरले तिनको पुकारा सुन्नुभयो भनी तिनले थाहा पाइन् । अब, तिनलाई भोक पनि लागेको थियो? पद १८ पढ्नुहोस् ।

अर्को बिहान, त्यो परिवार आफ्नो घर रामामा फर्केर गए । हन्नाह खुशी देखिएकी कारण एल्काना पनि खुशी भयो भनी तपाईं निश्चिन्त हुन सक्नुहुन्छ । हन्नाहमा त्यस्तो बद्लाव आउनुमा पनिन्नाह र तिनका छोराछोरीहरू पनि छक्क परेको हुनुपर्छ ।

**सोच्नुहोस्:** के हन्नाहले पनिन्नाहको व्यवहारप्रति कुनै गुनासो पोखिन् वा के तिनी रिसाएकी थिइन्? तिनले आफ्ना बोझहरू कसकहाँ लिएर गएकी थिइन्? हामीले पनि आफ्नो नैराश्यता र आफ्नो बोझहरू परमेश्वरकहाँ लान सक्छौं ।

## बुधबार

**४**

परमेश्वरले हन्नाहको प्रार्थना सुन्नुभयो । अनि तिनले मागे अनुसार उहाँले तिनलाई एउटा छोरा पनि दिनुभयो । १ शमूएल १:२० पढ्नुहोस् ।

हन्नाहले परमप्रभु परमेश्वरलाई गरेको प्रतिज्ञा के तपाईंलाई याद छ? यदि परमेश्वरले तिनलाई एउटा छोरो दिनुभयो भने, तिनले त्यसलाई के गर्नेछु भनी परमेश्वरसँग प्रतिज्ञा गरेकी थिइन्? फेरि पद ११ पढ्नुहोस् ।

सानो बालक शमूएललाई परमेश्वरमा समर्पण गरियो । त्यसको अर्थ विशेष रूपमा तिनी परमेश्वरको बालक कहलाइन्छ । शिमशोन पनि परमेश्वरलाई समर्पण गरिएको बालक थियो । तर शिमशोनले धेरै पल्ट परमेश्वरलाई दु:खी तुल्याएका थिए । अब, शमूएलले कस्तो प्रकारको अठोट गर्नेछन् होला त?

शमूएलले बोल्न जान्नु भन्दा पहिले नै, आमा हन्नाहले तिनलाई परमेश्वरलाई प्रेम गर्ने र उहाँको आज्ञाहरू पालन गर्ने जस्ता कुराहरू सिकाउन थालिन् । तिनलाई हरेक तरिकाले

परमप्रभु परमेश्वरको दश आज्ञाहरूको बारेमा बुझाउन आमा हन्नाहले मद्दत गरिन् । हन्नाहले तिनलाई परमेश्वरले सृष्टि गर्नुभएको राम्रा-राम्रा कुराहरू देखाइन्, र परमेश्वरले तिनको हेरचाह गर्नुभएकोमा कसरी उहाँमा प्रार्थना गर्ने र उहाँलाई धन्यवाद चढाउने भन्ने कुराहरू पनि सिकाइन् ।

शमूएलले कुराहरू बुझ्न सक्ने भएपछि, हन्नाहले तिनलाई सहयोगी हुन पनि सिकाइन् । सायद तिनले फोहोर भएको ठाउँलाई सफा गर्थे होलान्, आफ्ना गुडियाहरू पनि ठीक ठाउँमा राख्थे होलान्, र भारीहरू बोकेर आमालाई सहयोग पनि गर्थे होलान् ।

"इन्कार" को अर्थ के हो भनेर पनि आमाले तिनलाई सिकाइन्, र तिनले प्रेमपूर्वक आज्ञाको पालन गर्ने जस्ता कुरा पनि सिकाइन् । जब मानिसहरूले आज्ञाको पालन गर्दछन्, तब तिनीहरूको मन आनन्दित हुने रहेछ भन्ने कुरा तिनले चाँडै सिके ।

इस्राएलको निम्ति थालनी गर्नुपर्ने महान् कार्यको निम्ति शमूएललाई तयार पार्न पवित्र आत्माले हन्नाहलाई सहयोग गरिरहनु भएको थियो । परमेश्वरको दश आज्ञाहरूको पालन गर्ने बारेमा धेरै मानिसहरूले बेवास्ता गरिरहेका थिए, र परमप्रभुले इच्छा गर्नुभए झैं, उहाँले इस्राएलीहरूलाई त्यति आशिषीत् तुल्याउन सक्नुभएको थिएन ।


© Darrel Tank

**सोच्नुहोस्:** के तपाईंले त्यस्तो कुकुरलाई देख्नुभएको छ, जसले मान्छे को आज्ञा मान्छ? एउटा शिशु बस्न जान्ने भइञ्जेलमा एउटा चलाक कुकुरले भन्दा पनि धेरै कुराहरू बुझ्न सक्छन् भन्ने कुरा के तपाईंलाई थाहा छ? बुद्धिमान् आमा-बुबाहरूले आफ्ना छोराछोरीहरूलाई हन्नाहले जस्तै राम्रो कुराहरू सिकाउँछन् । जब शिशुहरू साना हुन्छन्, त्यतिखेर तिनका आमा-बुबाहरूले तिनीहरूलाई ज्ञानगुणका कुराहरू सिकाउन थाल्छन् ।

## बिहीबार

**५** शमूएल जन्मेको धेरै समय भएको थिएन, फेरि शिलोमा विशेष चाडमा जाने समय भएको थियो । तर हन्नाहले के गर्ने निधो गरिन् त? १ शमूएल १:२१–२३ पढ्नुहोस् ।

हन्नाहले आफूले गरेको भाकल बिर्सेकी थिइनन्, न त एल्कानाले नै बिर्सेका थिए । परमेश्वरले नै तिनीहरूलाई छोरा दिनुभएको हो भन्ने कुरा तिनीहरूलाई थाहा थियो । हन्नाहले तिनलाई प्रेमपूर्वक राम्रो शिक्षा-दिक्षा दिइरहेकी थिइन् । चाँडै नै, परमेश्वरलाई एउटा विशेष उपहार दिनुपर्छ भन्ने कुरा तिनीहरूलाई थाहा थियो । तिनीहरूले शमूएललाई शिलोमा लगेर पूजाहारी एलीको साथमा बस्न दिए ।

जब शमूएल आफैंले खान सक्ने भए, तब हन्नाहले आफूले गरेको भाकल पूरा हुने समय भएको थाहा पाइन् । शमूएल पूजाहारी एलीको साथमा बस्नेछन्, र पवित्र स्थानमा सहयोग गर्नको निम्ति पूजाहारी एलीले तिनलाई सिकाउनेछन् । हन्नाहले शमूएलको निम्ति पूजाहारीले लाउने वस्त्र जस्तै सानो वस्त्र सिलाएकी थिइन् । तिनले कपडा सिलाइ सकेपछि, परमेश्वरले तिनीहरूको सानो बालकलाई सुरक्षा देऊन् र तिनको ख्याल गरून् भनी परमेश्वरसित प्रार्थना गरे ।

हन्नाहले पूजाहारी एलीको घरको बारेमा सोचेको हुनुपर्छ । पूजाहारी एली एउटा दयालु मानिस हुन् भनी इस्राएलका सबै मानिसहरूलाई थाहा थियो । तर तिनले आफ्नो छोराहरूलाई चाहिँ परमेश्वरको विधि-विधानहरू मान्न सिकाएका थिएनन्, र तिनका छोराहरू धेरै नै दुष्ट थिए । के तिनका छोराहरू होप्नी र पीनहासले शमूएललाई आज्ञाहरू उल्लङ्घन गर्नका लागि उक्साउने छन् होला? शमूएल धेरै नै सानो थिए । आमा हन्नाहले सिकाएका कुराहरू के तिनले सम्झिरहेका होलान् त? के तिनले जीवनमा राम्रो कुराहरू रोज्नेछन् होला त? हो, तिनले सबै कुराको पालन गरोस् भनी हन्नाहले प्रार्थना गरेकी हुनुपर्छ!

**सोच्नुहोस्:** के हन्नाहले आफ्नो भाकल पूरा हुनेछ भनी मनमा विश्वास राखिन्? शमूएल परमेश्वरको विशेष उपहार हो भनी के शमूएलले पहिले नै बुझेका थिए भनी तपाईंलाई लाग्छ? तपाईंका आमा-बुबाहरूले पनि तपाईं शमूएल जस्तै भएको चाहनुहुन्छ भन्ने कुरा के तपाईंलाई थाहा छ?

## शुक्रबार

**६** अन्तमा, एल्काना र हन्नाहले शमूएललाई परमेश्वरको भवन शिलोमा लाने समय आयो । १ शमूएल १:२४, २५ पढ्नुहोस् । हन्नाह परमेश्वरको भवनमा गएको केही वर्ष मात्र बितेको थियो, र पूजाहारी एलीले तिनलाई चिन्न सक्दैनन्

होला भनी तिनलाई लाग्यो । तिनले पूजाहारी एलीलाई के भनिन् त? पदहरू २६–२८ पढ्नुहोस् ।

कसैले पनि यस किसिमले निःस्वार्थ काम गर्न सक्लान् भन्ने कुरा एलीलाई विश्वासै लागेन, जुन हन्नाहले गरेर देखाइरहेकी थिइन् । पूजाहारी एली आफैं एउटा बुद्धिमान् पिता बन्न सकेका थिएनन् । तिनले आफ्ना छोराहरूलाई पनि त्यस्तो शिक्षा दिन सकेका थिएनन्, र त्यसपछि, जब पूजाहारी एलीले हन्नाहले प्रार्थना गरेको सुने, (१ शमूएल २:१–१० पढ्नुहोस् ।)



तब तिनले खुशी र आनन्दित महसुस गरे । जसरी एलीले आफ्नै छोराहरूलाई राम्रो शिक्षा नदिएर गल्ती गरे, त्यसरी नै सानो बालक शमूएलप्रति त्यस्तो गल्ती नदोहोरियोस् भनेर सकेसम्म राम्रो गर्ने कोशिस गरे ।

चाँडै नै, बिदाइको समय भएको थियो । सायद शमूएल एकक्षण रोयो पनि होला । तर पवित्रस्थानमा पूजाहारी एलीको सहयोगी बनी परमेश्वरमा अघि बढ्न तिनकी आमा हन्नाहले तिनलाई पहिलेदेखि नै सिकाएकी थिइन् भन्ने कुरामा कुनै शंका गर्नुपर्दैन । पूजाहारी एलीले त्यो सानो बालकलाई धेरै नै प्रेम गरे ।

हुनसक्छ, हन्नाहको आँखा पनि आँसुले भरिएको होला, तर त्यतिखेर तिनी खुशी पनि थिइन् । तिनले परमप्रभुलाई गरेको भाकल पूरा गर्न गइरहेकी थिइन् । तिनले परमप्रभुलाई समर्पण गरेको महत्वपूर्ण उपहारको ख्याल उहाँले गर्नुहुनेछ भनी तिनले विश्वास राखेकी थिइन् । सायद शमूएल र तिनका आमाबुबाले एक-अर्कालाई अङ्‌माल र चुम्बन गरे होलान् । अनि तिनीहरू बिदा भए । १ शमूएल २:११ पढ्नुहोस् ।

**सोच्नुहोस्ः** सायद शमूएल चार या पाँच वर्षको हुनुपर्छ । त्यो धेरै नै कम उमेर हो, होइन र? तर शिशुहरूले पनि मनमर्जी बोल्न, कराउन र रिस पोखाउन सक्छन् भन्ने कुरालाई के तपाईंले कहिल्यै ध्यान दिनुभएको छ? शमूएल जन्मेको समयदेखि तिनलाई राम्रो शिक्षा-दिक्षा दिने काममा परमप्रभुले हन्नाहलाई सहयोग गरिरहनु भएको थियो । आफ्नो स्वेच्छाले आज्ञाको पालन गर्दा मन आनन्दित हुन्छ भन्ने कुरा शमूएलले पहिले नै सिकिसकेका थिए । आज्ञाको पालन गर्नाले अरूलाई पनि खुशी बनाउँदछ । प्रायः त्यस्ता कुराहरूले परमेश्वरलाई पनि खुशी पार्दछ । के तपाईंले पनि त्यस्तै गर्न सिकिरहनु भएको छ?

## अधिक अध्ययनका निम्ति

१ शमूएल १; २:१–११; १८–२१; पेट्रिआॅर्कस् एण्ड प्रोफेटस्, पेज ५६९–५७४ द बाइबल स्टोरी, भोल्युम ३, पेज १४५–१४८ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्रः

# पहिला मेरो बाइबल

पहिलो वर्ष

अध्याय–४, पाठ–७

# शमूएलले परमेश्वरको बोलावट सुन्छन्

**याद गर्नुपर्ने पदहरू:**

" 'म त बालैक छु,' भनी नभन् । जसकहाँ म तँलाई पठाउँछु, ती हरे ककहाँ तँ जानैपर्छ, र जे-जे म तँलाई आज्ञा गर्छु, ती तैंले भन्नैपर्छ ।"
— यर्मिया १:७

## आइतबार

१ शमूएलका आमाबुबाले उनलाई शिलोमा छोडेर घर फर्केको दिनदेखि, त्यस सानो बालकलाई कति कुराहरू फरक लागेको हुनुपर्छ! अहिले उनी उच्च पूजाहारी एलीको रेखदेखमा परमप्रभुको सेवा गर्नलाई बसेका थिए, र एलीले उनलाई आफ्नै छोरा झैं प्रेम गरे । शमूएल सधैं खुशीसाथ बसे, र उनी आज्ञाकारी पनि थिए ।

तर के त्यति सानो ठिटो सहयोगी बन्न सक्छन् र? साँच्चै नै, सबै बाल-बालिकाहरू बोल्न सिक्ने बित्तिकै अरूको निम्ति सहयोगी बन्न सक्छन् । शमूएलले गर्न सक्ने सबै कुराहरू तिनले छिटै नै सिके । सायद एलीले उनलाई बलिदान चढाउँदा बाँकी भएको खरानीहरू बोकेर लाने काम दिन्थे होलान् । त्यो चाहिँ फोहोर काम हुन सक्छ; तर शमूएलले सबै कामहरू खुशीसाथ रमाई-रमाई गर्थे होलान् ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

हुनसक्छ, उनले बलिको वेदी र पानी राख्ने बाटा सफा राख्न र चम्काउनमा मद्दत गर्थे होलान् । हुनसक्छ, उनले पानी बोक्न सहयोग गर्थे होलान्, अथवा हुनसक्छ, एउटा सानो कुचोले पवित्र स्थानको वरिपरिको आँगन बढार्थे होलान् । हुनसक्छ, उनले खबर पुर्‍याउने काम पनि गर्थे होलान् । त्यहाँ उनले गर्न सक्ने धेरै कामहरू थिए, र जब उनी बढ्दै गए, तब उनले झन् बढी कामहरू गर्न सिके ।

एलीका छोराहरू पनि पूजाहारी नै थिए, र तिनीहरू एलीका मुख्य सहायककर्ताहरू थिए । तर जब शमूएल बढ्दै गए, र धेरै कुराहरू सिक्दै गएको बेला, तिनीहरू कस्तो बन्न गइरहेका थिए? १ शमूएल २:१२ पढ्नुहोस् ।

"भ्रष्ट" भन्नाले भयानक अपराधहरू गर्नु हो । कति दु:खलाग्दो! त्यस्ता कामहरूको नक्कल गर्न के शमूएल पनि परीक्षामा परे होलान् भन्ने तपाईंलाई लाग्छ? अँहँ, होइन । उनी एउटा सानो बालक भए तापनि सही र गलत कुराहरू छुट्ट्याउन सक्ने भइसकेका थिए, र आफू बाँचुञ्जेल परमेश्वरलाई प्रेम गर्ने, उहाँमाथि भरोसा राख्ने र उहाँको आज्ञालाई मान्ने पहिले नै अठोट गरिसकेका थिए, अरूले जे सुकै गरे तापनि उनका लागि केही फरक पर्दैनथ्यो ।

**सोच्नुहोस्:** के शमूएलले झैं तपाईंले पनि उस्तै खालको अठोट गर्नुभएको छ? अहिले तपाईंले कस्तो खालको सहयोगहरू गरिरहनु भएको छ त? के तपाईं पनि धेरै नै राम्रो सहयोगी बन्न सक्नुहुन्छ? कसरी?

## सोमबार

२ उच्चपूजारीहरू परमेश्वरका जन इस्राएलीहरूका निम्ति शासक जस्तै हुनुपर्छ भनी परमप्रभुले भन्नुभएको थयो । कसरी परमेश्वरलाई प्रेम गर्ने र उहाँको आज्ञाहरू पालन गर्ने भनी तिनी एउटा राम्रो उदाहरण बन्नुपर्छ, र अरू मानिसहरूलाई पनि त्यस्तै गर्न सिकाउनुपर्छ । यदि तिनीहरूले त्यसो गर्न सकेको खण्डमा परमेश्वरले इस्राएलीहरूलाई आशिष् दिनुहुनेछ, र इस्राएललाई एउटा महान् राष्ट्र बनाउनु हुनेछ ।

परमप्रभुको महिमा र प्रशंसा गर्नु र उहाँको आज्ञा पालन

गर्नु एकदमै महत्वपूर्ण छ भनी पूजाहारी एलीलाई थाहा थियो । तर तिनले आफ्नै छोराहरूलाई त्यस्तो गर्न सिकाएका थिएनन् । यदि छोराछोरीहरू आफ्ना आमा-बुबाहरूप्रति अनाज्ञाकारी छन् भने तिनीहरू परमेश्वरप्रति पनि अनाज्ञाकारी बनिरहेका हुन्छन् ।

पूजाहारी एलीका दुईटा छोराहरू होफ्नी र पीनहासलाई परमप्रभुको आज्ञा मान्न सिकाइएको थिएन । जब तिनीहरूले आज्ञाको उल्लङ्घन गर्थे, त्यतिबेला पनि एलीले तिनीहरूलाई "मन्दिरभित्र पस्न" दिन्थे । तिनीहरूले इच्छा गरेका कुराहरू गर्न पनि एलीले अनुमति दिन्थे, जब कि त्यसो गर्नु ठीक होइन भन्ने कुरा एलीलाई थाहा थियो । किनकि तिनका छोराहरूले तिनलाई प्रेम गरून् भन्ने एलीले चाहन्थे । एलीले तिनीहरूलाई सजाय दिँदैनथे, जब कि तिनले त्यो गर्नुपर्थ्यो । कति दुःखलाग्दो र कस्तो मूर्खता!

अहिले होफ्नी र पीनहास दुष्ट र पापी पूजाहारी बन्न पुगेका थिए; र सबैलाई यो कुरा थाहा थियो । तिनीहरूले गरेका गलत कामहरूको बारेमा जब एलीले तिनीहरूलाई बुझाउने प्रयत्न गर्थे, तब तिनीहरूले बालकपनमा जस्तै बहाना गर्थे । तिनीहरूले एलीको कुनै पनि कुरालाई वास्ता गरेनन् ।

त्यसबखत, शमूएल के गरिरहेका थिए त? १ शमूएल २:१८ पढ्नुहोस् ।

**सोच्नुहोस्:** जब तपाईंले आफ्ना आमाबुबासँग केही थोक माग्नुहुन्छ, उहाँहरूले ती दिनुभएको होस् भनी के तपाईंले इच्छा गर्नुहुन्छ? जब तपाईंले केही गल्ती काम गर्नुहुन्छ, तब उहाँहरूले तपाईंलाई क्षमा देऊन् भनी के तपाईंले इच्छा गर्नुहुन्छ? तपाईंलाई क्षमा दिएर उहाँहरूले तपाईंप्रति धेरै नै प्रेम देखाइरहनु भएको हुन्छ, र उहाँहरूले तपाईंलाई नत्याग्दा र हरेक कामको लागि अनुमति दिँदा के तपाईं खुशी बन्नुहुन्न र?

## मंगलबार

**३** इस्राएलीहरूलाई सही कामहरू गर्न जहिले पनि गाह्रो हुन्थ्यो । तर जब तिनीहरूका धर्म-गुरूहरूले परमेश्वरको विधि-विधानलाई पछ्याइरहेका हुँदैनन्, तब तिनीहरूलाई कुनै गलत कामहरू गर्न र परमेश्वरको आज्ञा उल्लङ्घन गर्न सहज लाग्थ्यो । तर पूजाहारी एलीका दुई छोराहरूले गर्दै आएका गलत कामहरूले गर्दा धेरै नै मानिसहरू दुःखी बनिरहेका थिए ।

पवित्र स्थानमा बलिदान चढाउने जस्ता परमेश्वरको विधि-विधानको बारेमा मानिसहरू र पूजाहारीहरू सबैलाई थाहा थियो । शुरुमा सबै बोसोहरू वेदीमा जलाउनुपर्ने रीतिको बारेमा तिनीहरूलाई ज्ञान थियो । अनि केही टुक्रा मासुहरू पोलेर पूजाहारीलाई दिनुपर्थ्यो । तर बाँकी रहेका मासुहरू चाहिँ बलिदान चढाउन आएका मानिसहरूलाई नै फर्काई दिनुपर्ने प्रथा थियो ।

होफ्नी र पीनहासले ती नियमहरूलाई पछ्याइरहेका थिएनन् । जब मानिसहरूले बलिदान चढाउँथे, तब बलिदानको मासु उमाल्दा पूजाहारीका सेवकहरूले त्रिशूल लिएर आउँथे, र कराही वा ताप्केमा भएको मासु घोच्थे, र त्यसमा आएको जति चाहिँ पूजाहारीले लान पाउँथे, र कहिलेकाहिँ मासुका बोसोहरू वेदीमा जलाउनु अघि तिनीहरूले काँचो मासु माग्थे, ताकि तिनीहरूले मासुलाई उसिन्नुको सट्टामा पोलेर खान मिल्थ्यो । पूजाहारीका सेवकहरूले त्यस्तै गर्न कर गर्थे । १ शमूएल २:१३–१७ पढ्नुहोस् ।

होफ्नी र पीनहास दुबै दुष्ट पूजाहारी थिए, धेरैजसो इस्राएलीहरूले शिलोमा परमेश्वरको महिमा र प्रशंसा र बलिदान चढाउने चाहना गरेनन् ।

शमूएलको आमाबुबाको बारेमा के हो त? के वर्षेनी तिनीहरू बलिदान चढाउनका लागि आइरहे? पदहरू १८, १९ पढ्नुहोस् ।

अरू मानिसहरूले परमेश्वरप्रति श्रद्धाभाव नदेखाए तापनि, एल्काना र हन्नाहले परमेश्वरप्रति श्रद्धाभाव देखाइ नै रहे?

**सोच्नुहोस्:** जब होफ्नी र पीनहास सानो बालक थिए, त्यसबेला के एलीले तिनीहरूसँग कुरा गर्नु भन्दा पनि अरू नै केही थोक गर्नुपर्ने थियो? जब बाल-बालिकाहरूले आज्ञा मान्दैनन्, तब के तिनका आमा-बुबाहरूले तिनीहरूसँग कुरा गर्नु भन्दा अरू नै थोक गर्नु आवश्यक छ? जब कुनै धर्म-गुरूहरूले गलत काम गर्छन्, त्यतिबेला परमेश्वरको आज्ञाको बेवास्ता गरेर त्यस्ता कुराहरूको वास्ता गर्नु के राम्रो हो त?

## बुधबार

**४** शमूएल परमेश्वरको निगाहमा बढ्दै गए । हन्नाहले तिनको लागि बनाउने गरेको कुर्ता पहिलाको वर्षभन्दा ठूलो हुनुपर्थ्यो । आफ्नो छोराले सही निर्णय गरिरहेका थिए, र एलीका दुष्ट छोराहरूको नक्कल नगरेकोमा हन्नाह धेरै खुशी भएकी हुनुपर्छ ।


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

केही कुराले हन्नाहलाई खुशी बनाइरहेको थियो । जब शमूएलका आमाबुबा शिलोमा आए, तब पूजाहारी एलीले तिनीहरूलाई के भने? १ शमूएल २:२०, २१ पढ्नुहोस् ।

प्रत्येक वर्ष, शमूएलले नयाँ भाइ-बहिनीहरूलाई हेर्न उत्सुक भए होलान् भन्ने कुरामा तपाईं निश्चिन्त हुन सक्नुहुन्छ ।

एलीले शमूएललाई साँचो

प्रेम गर्थे । मोशाले लेखेको व्यवस्थाको पुस्तकबाट एलीले शमूएललाई केही ज्ञानहरू प्रदान गरेको हुनुपर्छ । त्यो पुस्तकमा उत्पत्तिदेखि व्यवस्थासम्म लेखिएका छन् । एलीले तिनलाई यहोशू र न्यायकर्ताहरूको बारेमा पनि बताए । गिदोनको कथा शमूएलको लागि मनपर्ने कथा हुन सक्छन् भन्ने के तपाईंलाई लाग्छ?

परमेश्वरले इस्राएलीहरूलाई दिनु भएको व्यवस्थाको साथै जब परमेश्वरका जनहरूले आज्ञाको पालन गर्थे, तब के हुन्थ्यो, र जब आज्ञाको उल्लङ्घन गर्थे, तब के हुन्थ्यो भन्ने कुरा शमूएलले सिकेका थिए । अब, एलीका दुष्ट छोराहरूको कारण धेरै इस्राएलीहरूले पनि परमेश्वरको आज्ञालाई उल्लङ्घन गरिरहेका थिए ।

इस्राएलको माहौल दिनानुदिन बिग्रँदै गइरहेको भए तापनि परमेश्वरलाई प्रेम गर्ने र उहाँको आज्ञा पालन गर्ने अझै केही मानिसहरू थिए ।

आफ्नो छोराहरूले के गरिरहेका छन् भन्ने कुरा एलीलाई थाहा थियो, र त्यस बारेमा एलीले तिनीहरूसँग फेरि बातचित गरे । तिनीहरूले परमेश्वरको बिरूद्धमा पाप गरिरहेको कुरा एलीले तिनीहरूलाई बारम्बार बुझाउने प्रयत्न गरे । यदि तिनीहरूले अझै पनि पश्चात्ताप गर्न र परिवर्तन हुन चाहेनन् भने, परमेश्वरले कहिल्यै पनि क्षमा दिनुहुने छैन भन्ने कुरा एलीले तिनीहरूलाई सम्झाई बुझाई गरे । के एलीको सल्लाह र सुझावले तिनीहरूमा केही बद्लाव आयो त? पदहरू २३–२५ पढ्नुहोस् ।

**सोच्नुहोस्:** के एलीले आफ्ना छोराहरूलाई महत्वपूर्ण पूजाहारी नै रहन दिनुपर्थ्यो? एलीले कसलाई खुशी बनाउने निधो गरिरहेका थिए, तिनका छोराहरू वा परमप्रभु परमेश्वरलाई? एलीले कसलाई खुशी बनाउनु पर्थ्यो?

## बिहीबार

**५** एकदिन, परमेश्वरले एलीकहाँ एउटा विशेष समाचारवाहक पठाउनु भयो । तिनका छोराहरूले गर्दै आइरहेको कामप्रति परमेश्वरको अनुभवको बारेमा त्यस समाचार वाहकले एलीलाई बताए । तिनीहरूले परमेश्वरका जनहरूलाई पापको मार्गमा डोर्‍याइरहेको कारण परमेश्वरले तिनीहरूलाई आशिष् दिन सक्नुभएन । अनि त्यसपछि, एलीका छोराहरूमाथि आइपर्ने विपत्तिहरूको बारेमा समाचार वाहकले के बतायो? १ शमूएल २:३४ पढ्नुहोस् ।

मानिसहरूका निम्ति एली आफैं पनि एउटा असल उदाहरण बन्न सकिरहेका थिएनन् । तिनले आफ्ना छोराहरूको मन पनि परमेश्वरतर्फ फर्काउन सकेका थिएनन् । र अब, तिनी बुढो पनि भइसकेका थिए, र आँखा पनि नदेख्ने भइसकेका थिए । एउटा विशेष धर्म-गुरू हुनको निम्ति परमेश्वरले शमूएललाई ज्ञान प्रदान गरिरहनु भएको छ भन्ने कुरा एलीलाई पक्का थाहा थियो । तर तिनले शमूएलप्रति कुनै इर्ष्या गरेनन् । तिनले अझै पनि शमूएललाई आफ्नै छोरा जस्तै गरी तिनीप्रति प्रेम र सद्भाव देखाए । तिनले शमूएलप्रति उस्तै खालको गल्तीहरू दोहोर्‍याएनन्, जसरी तिनले आफ्नै छोराहरूलाई राम्रो मार्गमा नहिंडाएर गल्ती गरेका थिए ।

तर एलीले त्यहाँ भइरहेका खराब कुराहरूलाई अझै पनि रोक्न सकिरहेका थिएनन्, र त्यसले गर्दा तिनले आफ्ना दुष्ट छोराहरूसित बातचित गरेर केही फाइदा नहुने देखे । त्यसैले हाम्रो प्रेमिलो र धैर्यवान् परमेश्वरले एलीलाई एउटा अर्को चेतावनी दिनुभयो; र उहाँले त्यो काम सानो बालक शमूएलद्वारा गर्नुहुनेछ, जो अझै पनि बालकै थिए ।

बाल्यावस्थादेखि नै, शमूएलले परमेश्वलाई प्रेम गर्ने, उहाँमाथि भरोसा राख्ने र उहाँको आज्ञा पालन गर्ने निश्चय गरेका थिए । तर अझै तिनले सुन्ने गरी परमेश्वरले तिनीसँग ठूलो सोरले बोल्नुभएको थिएन ।

**सोच्नुहोस्:** जब हामी अरूलाई सहयोग गर्छौं, त्यो चाहिँ परमेश्वरलाई सहयोग गर्नु जस्तै हो भनी येशूले भन्नुहुन्छ, के यो कुरा तपाईंलाई थाहा छ? हामी कहिलेदेखि सहयोगी हुन सिक्ने त? के हामी हुर्की बढी ठूलो भएपछि मात्र सहयोगी बन्न थाल्छौं, अथवा हामी बालकैदेखि सहयोगी बन्न सक्छौं?



## शुक्रबार

**६** रातको समय थियो । परमेश्वरको सन्दूक भएको मन्दिरको ढोका बन्द भइसकेको थियो । पूजाहारी एली र शमूएल दुबै ओछ्यानमा पल्टिन गइसकेका थिए । १ शमूएल ३:२, ३ पढ्नुहोस् ।

अचानक कसैले शमूएललाई नाम काढेर बोलाएको उनले सुने । उनी तुरून्तै ओछ्यानबाट उठेर गए । एलीलाई तिनको आवश्यकता परेको हुनुपर्छ । "म यहीं छु ।" भन्दै उनी एली भएको ठाउँमा गए । एलीको आँखा धमिलो भएकाले सायद शमूएलले

तिनलाई छोएर भने । "तपाईंले मलाई बोलाउनु भयो, म यहीं छु ।" शमूएलले सपना देखेको हुनुपर्छ भनी एली पक्का थिए ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

जब शमूएल दोश्रो पल्ट तिनी कहाँ गए, त्यतिबेला एलीले के भने त? पदहरू ५, ६ पढ्नुहोस् ।

जब शमूएलले तेश्रो पल्ट नाम काढेर बोलाएको सुने, तब एलीलाई के भयो भनेर तिनले अचम्म मानेको हुनुपर्छ । तर अब, परमेश्वरले नै शमूएललाई नाम काढेर बोलाउनु भएको हो भनी एलीले बुझे । पदहरू ८, ९ पढ्नुहोस् ।

शमूएल सुत्न गए होलान् भनेर के तपाईंले सोच्नुभयो? वास्तवमा के परमेश्वर आफैंले तिनीसित बोलिरहनु भएको थियो? अर्कोपल्ट जब शमूएलले उत्तर दिए, तब पक्कै पनि उनको आवाज डरले सानो र कामेको हुनुपर्छ । पद १० पढ्नुहोस् ।

अनि परमेश्वरले एली र तिनको परिवारमाथि आइपर्न लागेको विपत्तिको बारेमा शमूएललाई भन्नुभयो । परमेश्वरले अरू अगमवक्ताहरूसित बातचित गरे झैं उहाँले शमूएलसित बातचित गर्नुभयो । परमेश्वरले तिनीसँग कुराकानी गरिसकेपछि, के शमूएल ओछ्यानमा गएर सुत्न सके होलान् त? पद १५ पढ्नुहोस् ।

जब अर्को बिहान शमूएलले परमेश्वरको महिमा र प्रशंसा गरे, तब परमेश्वरले भन्नुभएको कुरामा एलीले कुनै प्रश्न नगरून् भनी शमूएलले आशा गरेको हुनुपर्छ । शमूएलले पनि एलीलाई प्रेम गर्थे, र तिनले परमेश्वरले भन्नुभएको कुरा एलीलाई बताएर उनलाई निराश बनाउन चाहेनन् । तर फेरि कसैले उनलाई नाम काढेर बोलाएको सुने । यो समय साँच्चै नै एलीले तिनलाई बोलाइरहेका थिए । जब शमूएलले परमेश्वरले भन्नुभएको सबै कुरा एलीलाई बताइदिए, तब एलीले शमूएलप्रति कुनै गुनासो गरेनन्, न त तिनी परमप्रभुसित रिसाए । एलीले के भने त? पदहरू १६–१८ पढ्नुहोस् ।

**सोच्नुहोस्:** पूजाहारी एली आफैं पनि मानिसहरूको निम्ति एउटा असल उदाहरण बन्न सकेनन् । तिनको समस्या यो थियो, कि तिनका छोराहरू सानो छँदादेखि नै तिनले आफ्ना छोराहरूलाई आदरभावका कुराहरू सिकाउन सकेनन् । के परमप्रभुको मन्दिरमा तिनका छोराहरूले गरेका गलत कार्यहरूलाई बन्द गर्न धेरै ढिलो भइसकेको थियो? अँहँ, होइन । के तिनले आफ्ना छोराहरूलाई त्यस्तो काम गर्नबाट रोक्न सके? अँहँ, सकेनन् । एलीलाई सही काम गर्नका लागि मद्दत गर्न के परमेश्वरमा शक्ति थियो? अवश्य थियो । जब हामी परमेश्वरको आज्ञा मान्ने निश्चय गर्छौं, तब हामीलाई सही कामहरू गराउनका लागि के प्रभु येशूमा शक्ति छ? अहिले नै, येशूले हामीलाई त्यो शक्ति प्रदान गरून् भनी हामी उहाँमा पुकारा गरौं ।

## अधिक अध्ययनका निम्ति:

१ शमूएल २:१२–३:२१; पेट्रिआर्कस् एण्ड प्रोफेटस्, पेज ५७५–५८२; द स्टोरी अफ रिडेम्पसन्, पेज १८३–१८५; द बाइबल स्टोरी, भोल्युम ३, पेज १४९–१५४ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com


## मेरो सोंच/चित्र:

# पहिला मेरो बाइबल

पहिलो वर्ष

अध्याय–४, पाठ–८

# स्वर्गदूतहरूद्वारा परमेश्वरको सन्दूकको रक्षा



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

**याद गर्नुपर्ने पदहरू:**
"म परमप्रभु हुँ, मेरो नाउँ त्यही हो! मेरो महिमा म अरूलाई दिनेछैनँ, अथवा मेरो प्रशंसा मूर्तिहरूलाई दिनेछैनँ ।" – यशैया ४२:८

## आइतबार

**१** जब परमेश्वरले शमूएलसँग पहिलोपटक बोल्नुभयो, त्यतिबेला तिनी बालकै थिए । जब मोशालाई तिनको सानो घरबाट फारोको महलमा लगिएको थियो, त्यतिबेला मोशा पनि सानै बालकै थिए । मोशा र शमूएल दुईटैले जस्तो सुकै परिस्थितिमा पनि परमेश्वरलाई प्रेम गर्ने, उहाँमाथि भरोसा राख्ने र उहाँको आज्ञा पालन गर्ने निश्चय गरेका थिए । तिनीहरूले गरेका छनोटहरू कति राम्रो! परमेश्वरले आफ्ना जनहरूको उद्धार गर्नको निम्ति ती दुईटैको काममा मद्दत गर्नुभयो ।

यदि शिमशोन र एलीले यस्तै छनोटहरू गरेका भए, तिनीहरूको नराम्रा बानीहरूलाई त्याग्न के परमेश्वरले तिनीहरूलाई सहायता गर्नुहुन्थ्यो होला? सायद पलिश्तीहरूले पहिले नै युद्धमा विजय हासिल गर्न सक्थे होलान् । तर अब, जसरी शमूएल परमेश्वरको अनुग्रहमा बढ्दै थिए, तब पलिश्तीहरू झन् शक्तिशाली बन्दै गइरहेका थिए ।

एलीको दुष्ट छोराहरूको बारेमा इस्राएलका सबै मानिसहरूलाई थाहा थियो । परमप्रभुले शमूएलसँग कुरा गर्नु भएपछि, चाँडै नै सबै मानिसहरूले उनलाई चिन्न थाले । परमेश्वरप्रति अझै विश्वास राख्ने मानिसहरू उहाँको महिमा र प्रशंसाको निम्ति शिलोमा आए । परमेश्वरले शमूएलसँग बोल्नुभएको कुरा तिनीहरूले घर गएर अरू मानिसहरूलाई सुनाए ।

समय नबित्दै, शमूएल परमेश्वरको अगमवक्ता भएछन् भन्ने कुरा सबै मानिसहरूलाई थाहा भयो । कुनैदिन, शमूएल तिनीहरूको अगमवक्ताको साथै तिनीहरूको न्यायकर्ता पनि हुनेछन् । तर अबको लागि, तिनी सानो बालकै थिए । १ शमूएल ३:१९–२१ पढ्नुहोस् ।

इस्राएलीहरूले तिनीहरूका शत्रु पलिश्तीहरूसँग युद्ध शुरू गर्ने घोषणा गरे । त्यसको लागि तिनीहरूले परमेश्वरमा पुकारा नगरिकन पलिश्तीहरूसित युद्ध गर्न गइरहेका थिए । १ शमूएल ४:१ पढ्नुहोस् ।

**सोच्नुहोस्:** इस्राएलीहरूले आफ्ना शत्रुहरू बिरूद्ध जित हासिल गर्नका निम्ति के परमेश्वरले योजना बनाउनु भएको थियो? साँच्चै नै, थियो । तर के उहाँले तिनीहरूलाई जित्नमा सहयोग गर्नुहुनेछ? किन होला? अथवा किन होइन त?

## सोमबार

**२** पलिश्तीहरूलाई परमेश्वर र उहाँको व्यवस्थाको बारेमा ज्ञान थियो । तर इस्राएलीहरूले मूर्तिलाई पूजा गर्दछन्, र तिनीहरूको कामहरू पलिश्तीहरूको जस्तै छन् भनी जब परिश्तीहरूले बुझे, तब इस्राएलीहरूका परमेश्वर शक्तिशाली हुनुहुन्न भनी पलिश्तीहरूले ठाने । चाँडै नै, तिनीहरूले इस्राएलीहरूलाई तिनीहरूको कमारा-कमारी हुन मजबूर बनाइदिए । अब इस्राएलीहरूले पनि तिनीहरूको बिरूद्धमा लडाई लड्ने निश्चय गरे । तिनीहरूले लडाई गरेको ठाउँ शिलोबाट धेरै टाढा थिएन । कुन पक्षले लडाईं जित्यो त? १ शमूएल ४:२ पढ्नुहोस् ।

पलिश्ती शत्रुहरूद्वारा चार हजार इस्राएली सेनाहरू मारिए । कति दु:खलाग्दो! र इस्राएलका धर्म-गुरुहरूले पनि किन त्यस्तो भयो भन्ने कुरा बुझ्न सकेनन् । परमेश्वरले

तिनीहरूलाई किन सहयोग गर्नुभएन भनी सबैजना आश्चर्यचकित भए । के परमेश्वरको प्रतिज्ञामा भनिएको त्यो ठूलो शब्द "यदि" लाई इस्राएलीहरूले बिर्सेका थिए ? यहोशू २३:१०–१३ पढ्नुहोस् ।

अनि तिनीहरूले एउटा योजनाको बारेमा सोचविचार गरे, र त्यस योजना अनुरूप युद्ध जित्नका लागि कुनै पनि कुराले तिनीहरूलाई छेक्ने छैन भनी तिनीहरू निश्चिन्त बन्न पुगे । १ शमूएल ४:३ पढ्नुहोस् ।

तिनीहरूले तुरुन्तै शिलोमा मानिसहरू पठाए, जुन ठाउँ प्रायः ३६ किलोमिटर टाढा थियो । त्यहाँ एलीका छोराहरू होप्नी र पीनहास उत्सुकताका साथ गए । त्यसबारेमा परमप्रभुलाई नसोधिकन र उहाँको अनुमतिबिना तिनीहरूले परमप्रभुको सन्दूकलाई छाउनीमा ल्याए, जहाँ इस्राएलीहरू र पलिश्तीहरू बीच लडाईं चलिरहेको थियो । होप्नी र पीनहासले सन्दूकलाई बोकेर छाउनीतिर ल्याइरहेको जब इस्राएलीहरूले देखे, तब तिनीहरूले के गरे त? पद ५ पढ्नुहोस् ।



परमप्रभुको सन्दूक छाउनीमा ल्याइएको खबर जब पलिश्तीहरूले थाहा पाए, तब तिनीहरूले कस्तो अनुभव गरे त? पदहरू ६–८ पढ्नुहोस् ।

**सोच्नुहोस्:** पलिश्तीहरूले इस्राएलीहरूलाई दृष्टि नजर लगाइरहेका थिए । ती मानिसहरू, जसले परमेश्वरलाई प्रेम गर्दैनन्, र उहाँको दश आज्ञालाई मान्दैनन्, तिनीहरूले हाम्रो चरित्र र हाम्रो कामहरूमाथि ध्यान दिइरहेका हुन्छन् भन्ने कुरा के तपाईंले सोच्नुभएको छ? तिनीहरूले झैं हामीले पनि अरूको चरित्रमाथि ध्यान राख्नु के हाम्रो निम्ति सहज छ? के हामी उस्तै खालका टि.भी. कार्यक्रमहरू हेर्छौं, के त्यस्तै खालका ठाउँहरूमा जान्छौं, के त्यस्तै खालका खानाहरू खान्छौं, के सांसारिक मानिसहरूले झैं कपडा लगाउँछौं? यस्ता खाले सबै कुराहरूमा ध्यान दिनुहोस् ।

## मंगलबार

३

जब इस्राएलीहरूले युद्धका निम्ति परमप्रभुको सन्दूकलाई यरिहोमा लगेका थिए, तब तिनीहरूले युद्ध जितेका थिए भन्ने कुरा पलिश्तीहरूलाई थाहा थियो । तिनीहरू डराएकोमा अचम्म मान्नुपर्दैन! त्यसदिन इस्राएलीहरूले युद्ध जिते का भए, पलिश्तीहरू तिनीहरूको कमारा-कमारी हुन्थे होलान् भनी पलिश्तीहरूले सोच्दै थिए । त्यसैले पलिश्तीहरूले के गर्ने निर्णय गरे त? १ शमूएल ४:९ पढ्नुहोस् ।

पलिश्तीहरूले त्यस युद्धमा पनि विजय हासिल गरे । तर अरू के भयो त? पदहरू १०, ११ पढ्नुहोस् ।

पहिलो युद्धमै ४,००० सेनाहरू रणभूमिमा मारिएको कुरा निकै नै दुःखलाग्दो थियो । तर ३०,००० मृत सेनाहरूको बारेमा सोच्नुहोस्! र शत्रुहरूद्वारा सन्दूक कब्जा गरेको बारेमा सोच्नुहोस्!

होप्नी र पीनहास पनि त्यही दिनमै मरे । परमेश्वरले जे भन्नुभएको थियो, त्यस्तै भयो, र उहाँको वचनमा केही पनि अपूर्ण रहेन, होइन र? १ शमूएल २:३४ पढ्नुहोस् ।

धेरै समय अघि, यदि मानिसहरूले परमेश्वरलाई प्रेम गर्ने, उहाँमाथि भरोसा गर्ने र उहाँको आज्ञा पालन गर्ने निश्चय गरेको भए, उहाँले आफ्ना जनहरूलाई के गर्छु भनी प्रतिज्ञा गर्नुभएको थियो? यहोशू २३:८–११ पढ्नुहोस् । जब मानिसहरूले परमप्रभुमाथिको विश्वासलाई कायमै राख्नेछु भनी प्रतिज्ञा गर्थे, तब के परमप्रभुले आफ्नो प्रतिज्ञालाई पूरा गर्नुहुन्थ्यो? यहोशू २१:४५ पढ्नुहोस् ।

तर यदि तिनीहरू शैतानको पछि लागे भने, र उसको आज्ञाको पालन गरेको भए, के परमेश्वरले तिनीहरूलाई सहयोग गर्न सक्नुहुन्थ्यो? अँहँ, कदापि सक्नु हुन्नथ्यो । अब, तिनीहरूको राज्य पहिलेदेखि स्थिर भए तापनि तिनीहरूले कहिल्यै नभोगेको दुःख कष्टहरू झेल्नु परिरहेको थियो । शत्रुहरूले तिनीहरूको सन्दूक कब्जा गरेर लगिएको थियो । तिनीहरूले परमेश्वरको करारको महत्वपूर्ण कुरा गुमाउन पुगेका थिए । सन्दूकलाई राखिएको ठाउँ पूरै खाली थियो ।

**सोच्नुहोस्:** सन्दूक इस्राएली हरूको परमेश्वर हुन् भनी पलिश्तीहरूले सोचेका थिए । सन्दूकभित्रको ढुङ्गामाथि परमेश्वरले लेख्नुभएको कुरालाई पालन गर्नु पनि महत्वपूर्ण छ भन्ने कुरा इस्राएली हरूले भुलिसकेका थिए । आज्ञा मान्नुले पनि युद्धको हार र जितमा भिन्नता ल्याइदियो । परमेश्वरले तिनीहरूलाई आशिष् दिने इच्छा गर्नुभएको थियो, तर उहाँले आशिष् दिन सक्नुभएन । परमप्रभुको दश आज्ञाको पालन गर्ने निश्चय गरे तापनि, जब हामीलाई शैतानले परीक्षामा पार्दछन्, तब के त्यसले हार्ने वा जित्ने कुरामा पनि भिन्नता ल्याउँदछ?

## बुधबार

४

धेरै बुढो र आँखा धमिलो भएर नदेखेका एली शिलोमा त्यहाँको मूलढोकामा बसिरहेका थिए, र युद्धको बारेमा हालखबर सुन्नलाई पर्खिरहेका थिए । सन्दूकको सुरक्षाको निम्ति धेरैपल्ट प्रार्थना गरे, त्यस बाहेक सन्दूकका कारण तिनी चिन्ताले व्याकुल बन्न पुगेका थिए । सन्दूक के भयो होला त? र तिनका दुई छोराहरूको के हालत होला त? एलीले आफ्नो जीवनकालभरि आफ्नो छोराहरूलाई परमेश्वरको दश आज्ञाहरूको

उल्लङ्घन गर्न लगाएको कुरा तिनलाई थाहा थियो ।

अन्तमा, एउटा समाचार वाहक रणभूमिबाट भागेर आयो । नराम्रो समाचार लिएर त्यो शहर भित्र पस्यो, र त्यतिबेला एली बाटोको छेउमै आसनमा बसेर हेरिरहेका थिए । १ शमूएल ४:१२, १३ पढ्नुहोस् ।



एलीले पूरै शहरले चित्कार गरेको सुने, र के भएको थियो भनी अचम्म मानिरहे । उनलाई थाहा भएको हुनुपर्छ, कि त्यो खबर सुनाउन समाचार वाहक हतारिँदै एलीकहाँ आएको थियो । पदहरू १४–१७ पढ्नुहोस् ।

जब त्यो समाचार वाहकले बोल्यो, तब एलीले सुन्दै थिए । इस्राएलीहरू युद्धमा पराजित भए । होफ्नी र पीनहास दुबै मारिए । तर पलिश्तीहरूले सन्दूक कब्जा गरेको कुरा जब एलीले सुने, तब त्यस कुराले एलीलाई साह्रै नै विचलित बनाइदियो । पद १८ पढ्नुहोस् ।

त्यसैदिन, पीनहासको पत्नीले एउटा शिशु जन्माइन् । तिनी परमेश्वरप्रति श्रद्धाभाव राख्ने स्त्री थिइन्, र जब तिनले पलिश्तीहरूले सन्दूक कब्जा गरेको र आफ्नो पति पीनहास र ससुरा एलीको मृत्युको खबर सुनिन्, तब तिनी झन् सिकिस्त भइन्, र तिनी मरिन् । पदहरू १९–२२ पढ्नुहोस् ।

**सोच्नुहोस्:** यदि एलीले आफ्ना छोराहरू सानै छँदा तिनीहरूलाई बोल्नुको सट्टामा सजाय पनि दिएको भए, त्यसले केही सहयोग पुग्थ्यो होला कि भन्ने के तपाईंलाई लाग्छ? तिनीहरूले आफ्ना पिताको कुरालाई ध्यान दिएको भए, परमेश्वरको आज्ञा पालन गर्नमा के तिनीहरूलाई सजिलो लाग्थ्यो? जब आमा-बुबाहरूले सजाय दिनुहुन्छ, के त्यसको कारण यही हो, कि आज्ञाकारी बन्नु महत्वपूर्ण छ भन्ने कुरा उहाँहरू जान्नुहुन्छ?

## बिहीबार

**५** परमप्रभुको मन्दिरको सबैभन्दा महत्वपूर्ण पवित्रस्थान खाली थियो । त्यहाँ रहने परमप्रभुको करारको सन्दूक अहिले कहाँ थियो त? १ शमूएल ५:१, २ पढ्नुहोस् ।

पलिश्तीहरू हर्षित थिए । इस्राएलीहरूले महिमा र प्रशंसा गर्ने परमप्रभुको करारको सन्दूक नै शक्तिशाली परमेश्वर हुन् भनी पलिश्तीहरूले विचार गरे । अब, तिनीहरूको देवता दागोनको साथै इस्राएलीहरूको सन्दूक पनि तिनीहरूसँगै भएकाले, तिनीहरूले हरेक युद्धमा विजय हासिल गर्न सक्नेछन् भन्ने कुरामा तिनीहरू सुनिश्चित भए ।

भोलिपल्ट अश्दोदमा तिनीहरूले आफ्ना देवता दागोनको मन्दिरमा परमप्रभुको सन्दूकलाई राखे, र बिहान सबेरै मानिसहरू त्यहाँ गए । तर तिनीहरूले त्यहाँको दृष्यलाई देखेर अचम्मित भए । तिनीहरूका देवता दागोन कहाँ थियो त? पद ३ पढ्नुहोस् ।

दागोनको माथिल्लो भाग मानिसको शरीर जस्तै देखिन्थ्यो; तलको भागचाहिँ माछाको शरीर जस्तै थियो । मानिसहरूले तुरुन्तै दागोनलाई उठाएर आफ्नै स्थानमा राखिदिए । तर अर्को बिहान पनि त्यस्तै भयो, दागोन चाहिँ सन्दूकको अघि घोप्टो परेर लडिरहेको थियो; केवल यो समय मात्र त्यस्तो नराम्रो हुन पुगेको थियो । पद ४ पढ्नुहोस् । तिनीहरूको देवता छिन्नभिन्न भएर संघारमा पडिरहेको थियो, त्यतिमात्रै नभई धेरैजसो पलिश्तीहरू गिर्खाका रूढीले सिकिस्त बिरामी भइरहेका थिए । त्यसैले अश्दोदका मानिसहरूले के गर्ने निधो गरे त? पदहरू ६–८ पढ्नुहोस् ।

गात र एक्रोनमा पनि के भयो त? पदहरू ९, १० पढ्नुहोस् ।

सन्दूकलाई लिएर गएको हरेक शहरमा, समस्या नै समस्या देखा परे, र अन्तमा, जब तिनीहरूले सन्दूकलाई शहर बाहिर खेतमा लगेर राखे, तब मूसाहरूले खेतका बाली-नालीहरू सबै नष्ट गरिदिए । मूसाहरूले तिनीहरूको ढुकुटीमा रहेको अन्नहरू पनि नष्ट गरिदिए ।

सात महिना पछि, सन्दूकले तिनीहरूलाई केही पनि सहयोग पुगिरहेको थिएन भन्ने कुरा पलिश्तीहरूलाई पक्का थाहा भयो । त्यहाँका पाँचजना शासकहरू मिलेर त्यस बारेमा छलफल गरे, र त्यहाँका बुद्धिजीविहरूले परमेश्वरले मिश्रीहरूमाथि विपत्ति ल्याइदिनु भएको हो भन्ने याद दिलाए ।

बुद्धिजीविहरूले तिनीहरूलाई यसो भनेर सल्लाह दिए, कि नयाँ गाडाको निर्माण गरेर सन्दूकलाई त्यसमाथि राख्नुपर्छ, र तिनीहरूको बाली नष्ट गर्ने मूसा जस्तै पाँचवटा सुनका मूसाहरू, तिनीहरूलाई सताउने रूढीको नमुनाको पाँचवटा सुनका गीर्खाहरू सौगात स्वरूप सन्दूकको साथमा राखेर पठाउनुपर्छ, र गाडा तान्नलाई कहिल्यै नजोतिएको बाछा र दुईटा दुहुना गाई प्रयोग गर्नुपर्छ, तर बाछा चाहिँ गोठमै थुनिनुपर्छ । यदि गाईहरू आफैंले बाछालाई छोडेर गाडालाई तानेर इस्राएलीहरू भएको ठाउँमा गए भने, परमेश्वरले सन्दूकलाई पलिश्तीहरूको ठाउँमा राख्न नचाहेका कारण परमेश्वरले तिनीहरूमाथि विनाश ल्याइदिएका हुन् भनी पलिश्तीहरूले बुझ्नेछन् ।

**सोच्नुहोस्:** सन्दूकभित्रको ढुङ्गाको पाटीमा परमेश्वरले आफ्नै हातले लेख्नुभएको दश आज्ञालाई के उहाँले

अझै सुरक्षा दिइरहनु भएको थियो? हो, के ती कुराहरू अझै पनि महत्वपूर्ण नै छन्?

## शुक्रबार

६ अब परीक्षाको घडी आयो । सन्दूकलाई नयाँ गाडामाथि राखिएको थियो; गाईहरू त्यसलाई तान्न तयार थिए, र तिनका बाछाहरूलाई चाहिँ गोठमै बाँधिए, ताकि तिनीहरूले पछ्याउने छैनन् । के गाईहरूले आफ्ना बाछाहरूलाई छोडेर जानेछन् होला त? पलिश्तीहरू ती सबै कुराहरू हेर्नलाई बसे ।

गाईहरू बाछालाई छोडेर बाटोभरि ठूलो सोरमा कराउँदै सीधै इस्राएलको बेथ-शेमेश शहरको दिशातिर हुइँकिए । अब, इस्राएलका परमेश्वर तिनीहरूको देवताभन्दा शक्तिशाली रहेछन् भन्ने कुरा पलिश्तीहरूले बुझे । १ शमूएल ६:११, १२ पढ्नुहोस् ।

समय नबित्दै, बेथ-शेमेशका वासिन्दाहरू खेतमा गहुँको फसल काटिरहेका थिए, अनि जब तिनीहरूले ठूलो सोरले गाई



कराइरहेको सुने । तिनीहरूले हेरे, र गाईले गाडा तान्दै आइरहेको देखे, र त्यसमाथि सन्दूक पनि देखे । तिनीहरूले के गरे त? पदहरू १३–१६ पढ्नुहोस् ।

त्यो समाचार चारैतिर फिँजियो; "सन्दूकलाई फर्काइयो!" शहरबाट मानिसहरू हतार गर्दै हेर्नलाई आए । त्यहाँको भीडले सन्दूकतिर हेरिरहे, र के भएको हो भनी एक-अर्कामा कानेखुशी गर्न लागे ।

तिनीहरूलाई सन्दूकको नीति-नियमको बारेमा थाहा भए तापनि, मानिसहरूले सन्दूकको भित्रपट्टि हेर्ने इच्छा गरे । आखिरमा, कसैले त्यसलाई छोपेको बिर्को खोलेर हेरे, र मानिसहरूले भित्रतिर हेरे । दुष्ट पलिश्तीहरूले पनि त्यसो गर्ने साहस गरेका थिएनन् ।

परमेश्वरले तुरुन्तै इस्राएलीहरूलाई आज्ञाकारिताको बारेमा पाठ सिकाउन जरूरी ठान्नुभयो । त्यतिखेरै धेरैजना मानिसहरू मरे, र बाँकी रहेकाहरू डराए । तिनीहरूले अरू शहरका मानिसहरूलाई सन्दूक लिएर जान अनुरोध गरे । त्यसैले त्यहाँबाट लेवीहरू आए, र अबीनादाब नाउँ गरेको लेवीको घरमा लगेर राखे, जहाँ बर्षौंसम्म सन्दूकलाई राखियो ।

**सोच्नुहोस्:** के हामी चर्चमा धेरै आज्ञाकारी हुन सिकेका छौं? कुनबेला हामी घरमा परमेश्वरको महिमा र प्रशंसा गर्छौं? कुनबेला हामी प्रार्थनाका लागि घुँडा टेक्छौं? हाम्रो भोजनको निम्ति आशिष् दिनुहोस् भनी कुनबेला हामी परमेश्वरमा पुकारा गर्छौं? यी कुराहरूको बारेमा तपाईंले के सोच्नुभएको छ?

## अधिक अध्ययनका निम्ति:

१ शमूएल ४–६; पेट्रिआॅर्कस् एण्ड प्रोफेटस्, पेज ५८२–५८९; द स्टोरी अफ रिडेम्पसन्, पेज १८१–१९१; द बाइबल स्टोरी, भोल्युम ३, पेज १५५-१५९ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्र:

# पहिला मेरो बाइबल

पहिलो वर्ष

अध्याय–४, पाठ–९

## अरूजस्तै हुने इच्छा

### आइतबार

१ पलिश्तीहरूले परमप्रभुको करारको सन्दूकलाई इस्राएलमा पुऱ्याइसकेपछि, त्यसलाई बीस वर्षसम्म एउटा लेवीको घरमा राखियो । त्यस समयावधिभर, पलिश्तीहरूले इस्राएलीहरूमाथि शासन गरिरहे ।

एलीको मृत्यु पश्चात्, शमूएल देशका विभिन्न प्रान्तहरूमा भ्रमण गरे । इस्राएलीहरूले आफ्ना परमेश्वरमाथि भरोसा गर्ने र उहाँको आज्ञाहरू पालन गर्ने प्रतिज्ञालाई कायम नराखेकाले तिनीहरूमाथि विपत्तिहरू आइपरेका हुन् भन्ने कुरा मानिसहरूलाई थाहा दिनलाई शमूएल एक शहरबाट अर्को शहरमा भ्रमण गरिरहे। १ शमूएल ७:३ पढ्नुहोस् । अन्तमा, शमूएलको कुरा सही हो भनी मानिसहरूले बुझे । तिनीहरूले के गरे त? पद ४ पढ्नुहोस् ।

शमूएल कति खुशी र कृतज्ञ भएको हुनुपर्छ! अब, तिनले एउटा भेलाको आयोजना गर्न गइरहेका थिए । त्यो भेला कुन ठाउँमा भएको थियो, र त्यहाँ तिनीहरूले के गरे त? पदहरू ५, ६ पढ्नुहोस् ।

परमेश्वरका जनहरूले उहाँको मन दुखाउने र शत्रुहरूले उहाँको गिल्ला गर्ने किसिमले गरेका पापहरूप्रति इस्राएलीहरू निकै नै दु:खी बने । अब अन्तमा, फेरि तिनीहरूले आफ्नो मन परमेश्वरतिर फर्काउने निश्चय गरे ।

पलिश्तीहरूसँगको युद्धको समयमा एलीका दुष्ट छोराहरूले सन्दूकलाई बोकेर ल्याएको ठाउँ नजिकै तिनीहरू भेला भएका थिए । एलीका छोराहरू पनि त्यहीं मारिएका थिए, र त्यसै ठाउँबाट शत्रुहरूले सन्दूक कब्जा गरेर लगेका थिए । अब इस्राएलीहरूले तिनीहरूलाई आक्रमण गर्नेछन् होला भनी पलिश्तीहरूले विचार गरिरहेका थिए । के भयो त? पद ७ पढ्नुहोस् ।



**याद गर्नुपर्ने पदहरू:**
"आफ्ना सारा मार्गमा उहाँलाई सम्झी, र उहाँले तेरा मार्गहरू सोझा तुल्याइ दिनुहुनेछ ।" — हितोपदेश ३:६

के इस्राएलीहरूले यो समयमा परमप्रभु तिनीहरूका परमेश्वरमाथि भरोसा राख्नेछन् होला त? भोलि हामी त्यसबारेमा विचार गर्नेछौं ।

**सोच्नुहोस्:** इस्राएलीहरूले परमप्रभुलाई व्यवहार गरे झैं, यदि कसैले तपाईंलाई पनि त्यस्तै व्यवहार गर्छन् भने, के तपाईंले त्यस्तो व्यक्तिलाई सहयोग र क्षमा दिने इच्छा गर्नुहुन्छ? जब हामी साँचो रूपले दु:खी हुन्छौं, तब परमप्रभुले हामीलाई क्षमा दिनुहुन्छ भन्ने कुरामा के तपाईं खुशी हुनुहुन्छ?

### सोमबार

२ बीस वर्ष अघि, पलिश्तीहरूले इस्राएलीहरूसित युद्ध जितेर सन्दूकलाई कब्जा गरेको ठाउँमा इस्राएलीहरूको शमूएलसँग बातचित भइरहेको थियो । अब पलिश्तीहरू तिनीहरूसित फेरि युद्ध गर्न आइरहेका छन् भन्ने कुरा इस्राएलीहरूले थाहा पाए ।

इस्राएलीहरू अरू समयमा शत्रुहरूबाट भाग्थे, अथवा सहायताका लागि परमप्रभुमा पुकारा नगरिकनै युद्धका लागि निस्कन्थे ।

तर यस समय, मानिसहरूले मूर्तिलाई पुज्न

छोडिसकेका थिए, र तिनीहरूले केवल साँचो परमेश्वरको मात्र सेवा गर्न थालेका थिए । तिनीहरू निरन्तर रूपमा उपवास बस्न थाले, र आफ्ना पापहरूको निम्ति पश्चात्ताप गरे । जब पलिश्तीहरू तिनीहरूमाथि आइलागे, तब बचाउको निम्ति परमेश्वरसँग प्रार्थना गरिदिन शमूएललाई अनुरोध गरे । १ शमूएल ७:६–८ पढ्नुहोस् ।

शमूएलले परमेश्वरका निम्ति होमबलि चढाए; र जब तिनले प्रार्थना गर्न शुरू गरे, तब परमेश्वरले तिनको पुकारा सुन्नुभयो, र उहाँले तिनलाई उत्तर दिनुभयो । पद ९ पढ्नुहोस् ।

अचानक, शमूएलले होमबलि चढाएको ठाउँको ठीक बीचमा बिजुलीको झट्का निस्क्यो । जताततै कालो बादल मडारिएको देखिन्थ्यो । जताततै बिजुली चम्केको देखिन्थ्यो, र एउटा भयानक आँधी-बेरी आएर पलिश्तीहरूलाई तितर-बितर पाऱ्यो । चाँडै नै, पलिश्ती सेनाहरूका लाशहरू जताततै भूइँमा छरिए । इस्राएलीहरूले पलिश्तीहरूलाई खेद्दै लगे, र भयभीत भएका सेनाहरू, जो बाँचेका थिए, तिनीहरू आफ्नो प्राण बचाउका निम्ति कुलेलाम ठोके । पदहरू १०, ११ पढ्नुहोस् ।

परमेश्वरले प्रतिज्ञा गर्नुभए झैं, उहाँले आफ्ना जनहरूलाई सहायता गर्नुभयो, र शमूएलले उहाँलाई धन्यवाद चढाउन बिर्सेका थिएनन् । पद १२ पढ्नुहोस् ।

जब मानिसहरू घर फर्केर गए, तब तिनीहरूले आफूहरू स्वतन्त्र भएको महसुस गरे, र खुशीले रमाए । पदहरू १३, १४ पढ्नुहोस् ।

**सोच्नुहोस्:** परमेश्वरले आफ्नो प्रतिज्ञा पूरा गर्नुभयो भन्ने कुरा सबैलाई सम्झना होस् भनी शमूएलले स्मारकको रूपमा ढुङ्गा खडा गरे । परमप्रभुले तपाईं र तपाईंको परिवारको निम्ति गर्नुभएको विशेष कामको बारेमा लेख्नुपर्छ भनी के तपाईंले कहिल्यै विचार गर्नुभएको छ? त्यसो गर्दा धेरै नै राम्रो हुन्छ ।

## मंगलबार

**३** शमूएल एउटा असल अगुवा थिए, र सबै कामहरू सही तरिकाले भइरहेका छन् कि छैनन् भनी जाँचबुझ गर्न वर्षेनी तिनले के गरे? १ शमूएल ७:१५–१७ पढ्नुहोस् ।

शमूएलले पूजाहारी एलीसँग धेरै समय बिताएपछि, बाल-बालिकाहरूले पनि आज्ञा पालन गर्नु कत्तिको महत्वपूर्ण छ भन्ने कुरा तिनले सिकेका थिए । के तपाईंले यसबारेमा सोच्नुभएको छ? जब तिनी एक ठाउँबाट अर्को ठाउँमा भ्रमण गर्थे, तब हरेक आमा-बुबाहरूले आफ्ना छोरा-छोरीहरूलाई परमेश्वरको दश आज्ञाहरूको बारेमा सिकाउन सल्लाह र सुझाव दिन्थे । जब परमेश्वरका जनहरूले पूर्ण रूपले उहाँमाथि भरोसा राख्ने र उहाँको आज्ञा मान्ने निश्चय गर्छन्, तब मात्र परमेश्वरले असाधारण आश्चर्यमय कामहरू गर्नुहुन्छ भनेर तिनीहरूलाई बुझाउने प्रयास गर्थे ।



शमूएलले दुईटा पाठशालाहरू पनि खोले, जसलाई अगमवक्ताहरूको पाठशाला भनिन्छ । ती पाठशालाहरूमा, जवान युवकहरूले परमेश्वरले इस्राएललाई दिनुभएको व्यवस्थाको बारेमा सिक्थे, जुन व्यवस्थाले इस्राएललाई एउटा शक्तिशाली राष्ट्र बनाउनमा मद्दत गर्नेछन् । तिनीहरूले परमेश्वरको निम्ति विशेष प्रचारक कसरी बन्ने भन्ने बारेमा पनि सिक्थे । सबै विद्यार्थीहरूले विभिन्न प्रकारको कामहरूको बारेमा सिक्थे, जुन कामहरूले आफू र आफ्नो परिवारको हेरचाह गर्न तिनीहरू आफैं सक्षम बन्न सक्थे ।

शमूएलले आफ्नो छोराहरूलाई त्यस्ता खाले राम्रा कुराहरूको ज्ञान प्रदान गरे; तर कहिलेकाहीँ तिनी उनीहरूसँग धेरै थियो, र उनीहरू आफ्ना पिताको चालमा हिँड्दैनथे । जब तिनी वृद्ध भए, र छोराहरूले तिनको काममा सहयोग गरून् भन्ने कुरामा तिनीहरूलाई सम्झाइ दिनका लागि इस्राएली धर्म-गुरूहरूसित विन्ती गरे । तिनको काम गरिदिन धर्म-गुरुहरू सहमत भए । १ शमूएल ८:१, २ पढ्नुहोस् ।

**सोच्नुहोस्:** केही बाल-बालिकाहरूको लागि घर नै पाठशाला हुन्छन्, र केही चाहिँ चर्च पाठशालामा जान्छन् । के सामुदायिक पाठशालाहरूमा बाल-बालिकाहरूलाई परमेश्वरको बारेमा सिकाइएका हुन्छन् त? किन त? धेरैजसो बाल-बालिकाहरूले आफूहरू बढ्दै गएपछि के बन्ने हो भन्ने बारेमा सोचविचार गर्छन्, र कयौंपल्ट तिनीहरूले आफ्नो मनलाई परिवर्तन गर्छन् । जब हामी परिपक्व हुन्छौं, तब हाम्रा आमा-बुबाहरूले हामीलाई त्यस्तो कामहरू रोज्न सिकाउँछन्, जुन कामहरू हाम्रा लागि उपयोगी हुन्छन्, र त्यसले हामीलाई खुशी पार्दछन् ।

## बुधबार

**४** शमूएलले आफ्ना छोराहरूलाई इमान्दार र आज्ञाकारी हुन सिकाए । तर जब तिनीहरू शमूएलको सहयोगी बने, तब गलत मार्गहरूमा हिंड्न शैतानले तिनीहरूलाई परीक्षामा पारे । के तिनीहरू परीक्षामा पर्न चाहे त? १ शमूएल ८:३ पढ्नुहोस् ।

भ्रष्टाचारको अर्थ असत्य कुराहरू बोल्न र नराम्रा अपराधहरू गर्नलाई मोल तिर्नु हो । जसले भ्रष्टाचार गर्छ, त्यसलाई कसैले पनि विश्वास गर्दैन ।

शमूएलले तिनका छोराहरूले कुनै त्यस्तो नराम्रो खाले कामहरू गरिरहेका छन् कि भन्ने बारेमा विचार पुऱ्याउन

सकेनन् । यदि तिनले थाहा पाएको भए, तिनले उनीहरूलाई तुरून्तै कामबाट अलग गर्न सक्थे । जब तिनले त्यस बारेमा सुने, तब तिनी आत्मामा व्याकुल भए । तर त्यसबाहेक, इस्राएलका धर्म-गुरुहरूले तिनलाई जे कुरा भनेका थिए, त्यसले तिनलाई झन् बढी भाव विव्हल बनाइदियो । पदहरू ४, ५ पढ्नुहोस् ।

शमूएलले परमेश्वरको योजनालाई पछ्याउन विश्वासी र ईमान्दार भएर काम गरिरहेका थिए । मानिसहरू तिनीहरूका शत्रुहरूबाट सुरक्षित भएका थिए, र धेरै वर्षसम्म शान्तिसित बाँचिरहेका थिए । के त्यसका निम्ति तिनीहरू कृतज्ञ बन्न पुगे त?

क्रोधित हुनुको सट्टामा शमूएलले के गरे त? तिनीहरूले राजाको माग गर्नुको मुख्य कारणको बारेमा परमेश्वरले तिनलाई के भन्नुभयो? पदहरू ६, ७ पढ्नुहोस् ।

एकपटक फेरि, तिनीहरू आफ्ना वरिपरिको राष्ट्र झैं हुने इच्छा गरिरहेका थिए । तिनीहरूमाथि शासन गर्ने राजाको बारेमा शमूएलले तिनीहरूलाई केही कुरा बताए । अन्तमा गएर तिनीहरूले त्यस राजालाई इन्कार गर्नेछन् । यदि तिनीहरूका राजा ज्ञानी नै भए तापनि, तिनीहरूका खेतहरू राजालाई दिनुपर्ने हुन्छ, र त्यस राजाले तिनीहरूका गाई-वस्तुहरूको दशौं अंश लानेछन्, तिनीहरूले राजालाई उच्च कर तिनुपर्ने हुन्छ, राजाले तिनीहरूका छोराहरूलाई सेनामा भर्ती गर्नका लागि लानेछन्, र तिनीहरूका छोरी चेलीहरूलाई खाना पकाउने र रोटी बनाउने काममा लाउनेछन् ।

तर केही कुराले पनि तिनीहरूको हृदयलाई परिवर्तन गर्न सकेनन् । त्यसकारण शमूएलले फेरि एकपल्ट परमेश्वरसँग कुरा गरे । पदहरू १९–२० पढ्नुहोस् ।

इस्राएलीहरूले एउटा राजाको माग राखेकाले परमेश्वरले एउटा दयालु व्यक्तिलाई चुन्नुभयो । इस्राएलमा तिनी आकर्षक, अग्लो र धेरै नै फूर्तिला मानिस थिए । तिनको नाउँ शाऊल थियो । तिनको बुबाको नाउँ कीश थियो, र तिनी बेन्यामीनको सानो कुलका थिए । १ शमूएल ९:२ पढ्नुहोस् ।

**सोच्नुहोस्:** के तपाईंले कहिल्यै त्यस्तो चिजको माग गर्नुभएको छ, जुन चिज तपाईंलाई त्यति आवश्यक छैन, तर पनि त्यो पाउनलाई तपाईंले तीब्र इच्छा गर्नुहुन्छ? सायद तपाईंले यसो भन्नु हुन्थ्यो होला, "सबै बच्चाहरूसित त्यो चिज छ, मलाई पनि चाहिन्छ ।"
के त्यही नै कारण हो?

## बिहीबार

**५**

एकदिन शाऊलका पिता कीशले तिनी र तिनका नोकरलाई केही थोकको खोजी गर्न पठाउनुभयो । किन होला त? १ शमूएल ९:३, ४ पढ्नुहोस् ।



जब तिनीहरूले गधा भेट्टाउन सकेनन्, तब तिनीहरूले घर फर्कने निर्णय गरे । किन होला त? पद ५ पढ्नुहोस् ।

तर त्यसपछि, शमूएल तिनीहरूको शहर नजिकै आएका छन् भन्ने खबर तिनीहरूले सुने । शमूएल एक अगमवक्ता भएका हुनाले तिनले उनीहरूका हराएका गधाहरू भेट्टाउन मद्दत गर्न सक्थे । शाऊल र तिनका नोकरले शमूएललाई शहरको बाटोमै विशेष खानपान गरिरहेको बेलामा भेट्टाए । शाऊलसँग तिनको भेट हुनेछ भनेर परमेश्वरले शमूएललाई अघिल्लो दिनमै भन्नुभएको थियो । जब शमूएलले अग्लो र फूर्तिलो शाऊललाई देखे, तब परमेश्वरले तिनलाई के भन्नुभयो त? पद १७ पढ्नुहोस् ।

शाऊलले शमूएललाई पहिले कहिल्यै देखेका थिएनन् । जब तिनीहरूको भेट भयो, तब के भयो त? पदहरू १८–२० पढ्नुहोस् ।


शमूएलको भनाइको अर्थ शाऊललाई थाहा भयो । शाऊल नै इस्राएलको राजा हुनुपर्छ भनी शमूएलले शाऊललाई भनिरहेका थिए । शाऊलले शमूएललाई के भने त? पद २१ पढ्नुहोस् ।

तिनीहरूले खानपान गरिसकेपछि, शमूएलले शाऊलको नोकरलाई अगि जानका लागि भने, किनकि तिनले शाऊलसित एक्लै बसेर कुराकानी गर्न चाहेका थिए । १ शमूएल ९:२७; १०:१ पढ्नुहोस् ।

शाऊल राजा बन्न गइरहेकोमा शमूएललाई डाह लागेको थिएन, थियो र? वास्तवमा तिनले शाऊललाई पहिले नै प्रेम गरिसकेका थिए, र तिनी एउटा असल राजा भएको हेर्न चाहन्थे ।

जब शाऊल घर पुगे, तब शमूएलले तिनलाई इस्राएलको राजा अभिषेक गरेको कुरा गुप्त राख्ने निर्णय गरे । जब तिनका काकाले ती सबै कुराहरू जान्न चाहे, तब शाऊलले के उत्तर दिए? १ शमूएल १०:१४–१६ पढ्नुहोस् ।

**सोच्नुहोस्:** कुन चाहिँ गुण स्वभाविक हो, स्वार्थी बन्नु वा निःस्वार्थी बन्नु? शमूएलमा कुनचाहिँ गुण थियो?



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

## शुक्रबार

६ इस्राएलीहरूकहाँ कहिल्यै पनि राजा थिएनन्, त्यसले गर्दा संसारको अरू कुनै राष्ट्रभन्दा इस्राएलीहरूलाई भिन्नै अनुभूति गराइरहेको थियो । हाम्रा सर्वशक्तिमान् परमप्रभु नै तिनीहरूको राजा हुनुहुन्थ्यो । जब इस्राएलीहरूले पर मप्रभुमाथि भरोसा गर्ने र उहाँको आज्ञाहरू पालन गर्थे, तब कुनै पनि राष्ट्रले तिनीहरूलाई सताउन सक्दैनन् भन्ने कुरा अरू राष्ट्रहरूले पनि बुझेका थिए ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

तिनीहरूका छिमेकी राष्ट्रहरूमा राजा थिए, जुन राजाले युद्धको समयमा नेतृत्व गर्थे । अब इस्राएलीहरूले पनि तिनीहरू



जस्तै हुने इच्छा गरेका थिए । तिनीहरूले कसैलाई राजा नियुक्त गर्न चाहेका थिए । कति दु:खलाग्दो कुरो!

इस्राएलीहरूको निम्ति राजा नियुक्त गर्नु परमेश्वरको योजना कहिल्यै थिएन । मानिसहरू उहाँमाथि भर नपरी राजामाथि भर पर्नेछन् भन्ने कुरा परमप्रभु इस्राएलका परमेश्वर जान्नुहुन्थ्यो, र तिनीहरूको हुनेवाला राजा परमप्रभुमा निर्भर नभएसम्म उहाँले स्वेइच्छाले इस्राएलीहरूलाई सहयोग गर्न र आशिष् दिन सक्नुहुन्नथ्यो ।

तर परमेश्वरको आज्ञालाई पालन गर्नका लागि उहाँले कसैलाई पनि कर गर्नुहुन्न । इस्राएलीहरूका निम्ति राजा चुन्नलाई उहाँले सहमति जनाउनुभयो । उहाँले तिनीहरूको इच्छा अनुसारको दयालु मानिस चुन्नुभएको थियो । तिनीहरूका राजा अग्ला, जोशिला र आँटिला थिए ।

जब इस्राएलीहरूले शाऊललाई भेट गर्ने समय आयो, तब शमूएलले सबै मानिसहरूलाई एकैसाथ भेलामा बोलाए । हरेक कुलका मानिसहरू त्यहाँ उपस्थित भएका थिए । शमूएलले तिनीहरूलाई के भने त? १ शमूएल १०:१७–१९ पढ्नुहोस् ।

परमप्रभु इस्राएलका परमेश्वरले नै तिनीहरूका निम्ति राजा चुन्नुभएको भनेर शमूएलले सबै मानिसहरूलाई थाहा दिए । जब एक-एक गरी हरेक कुलको नाम बोलाइयो, तब परमेश्वरले बेन्यामीनको कुललाई चुन्नुभयो । अनि, बेन्यामीनको कुलबाट परमेश्वरले कीशलाई चुन्नुभयो, अनि, कीशका सन्तानहरूबाट परमेश्वरले शाऊललाई चुन्नुभयो । तर तिनी कहाँ थिए त? कसैले पनि तिनलाई भेट्टाउन सकेनन् । तिनी कहाँ थिए भन्ने कुरा के परमप्रभु इस्राएलका परमेश्वरलाई थाहा थियो? पदहरू २२–२४ पढ्नुहोस् ।

**सोच्नुहोस्:** के अग्लो र फूर्तिलो हुनु नै राजामा हुनुपर्ने गुणहरू हो? शाऊल एकदमै नम्र बनिरहेका थिए? यदि तिनी त्यसरी नै नम्र र आज्ञाकारी बनिरहे भने, के परमेश्वरले तिनलाई आशिष् दिन सक्नुहुन्थ्यो? हो, उहाँले तिनलाई आशिष् दिन सक्नुहुन्थ्यो । जब मानिसहरूले नम्र बन्ने अठोट गर्दछन्, के उहाँले तिनीहरूलाई आशिष् दिनुहुन्छ?

## अधिक अध्ययनका निम्ति:

१ शमूएल ८–१०; पेट्रिआर्कस् एण्ड प्रोफेटस्, पेज ५८९–६१२; द बाइबल स्टोरी, भोल्युम ३, पेज १६०–१६९ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्र:

# पहिला मेरो बाइबल

पहिलो वर्ष

अध्याय–४, पाठ–१०

# राजा शाऊल घमण्डी हुन्छन्

## आइतबार

१ इस्राएलीहरूले राजाको माग गरेका थिए, किनकि तिनीहरूको राष्ट्र अरू राष्ट्रहरू जस्तै होस् भन्ने तिनीहरूले चाहेका थिए । के परमेश्वरले तिनीहरूलाई आफ्नै इच्छा अनुसार गर्न दिनुभयो? हो, तिनीहरूले इच्छा गरेका कुराहरू तिनीहरूलाई दिनुभयो । तिनीहरूको राजाको नाउँ शाऊल थियो ।

त्यस भेलामा, जहाँ शाऊललाई मानिसहरूको सामु परिचित गराइएको थियो, त्यहाँ शमूएलले मानिसहरूलाई राजाको कामकाजको विषयमा बताइदिए । त्यसपछि तिनले मानिसहरूलाई आ-आफ्नो घर जान दिए । १ शमूएल १०:२५, २६ पढ्नुहोस् ।

तर सबैजना खुशी थिएनन्, र शाऊललाई त्यो कुरा थाहा थियो । प्रत्येक कुलले आफ्नै कुलको राजा माग गरेका थिए, र प्रत्येक कुलले एक-अर्कामा कानेखुशी गर्दै थिए । किन परमेश्वरले सानो कुलबाट राजा चुन्नुभयो त? किन परमप्रभुले यहूदा र एफ्राईम कुलबाट राजा चुन्नुभएन, जुन कुल धेरै नै ठूलो र शक्तिशाली कुल थियो? किन सानो कुल बेन्यामीनको मानिसलाई राजा अभिषेक गर्नुभयो त? पद २७ पढ्नुहोस् ।

शाऊल नम्र बनिरहे, र सम्पूर्ण कामहरू परमेश्वरको जिम्मामा छोडिदिए ।

अनि अम्मोनीहरू इस्राएलको एउटा शहर याबेश-गिलादको बिरूद्ध युद्ध गर्न तयारी गरिरहेको समाचार फैलियो । समाचारवाहकहरू शाऊलको गिबामा आएर समाचार दिए । जब तिनीहरू शाऊलको शहरमा आइपुगे, तब शाऊलले के गरे? १ शमूएल ११:४–७ पढ्नुहोस् ।

शाऊलले आफ्नो समय व्यर्थ फालेनन्, होइन र?



**याद गर्नुपर्ने पदहरू:**

"होमबलि र बलिदानभन्दा बेसी परमप्रभुले आज्ञापालन नै रूचाउनु हुन्न र? आज्ञापालन बलिदान भन्दा उत्तम हो, र उहाँको वचन मान्नु भेंडाको बोसो भन्दा असल हो ।"

— १ शमूएल १५:२२

शाऊलले तुरून्तै याबेश-गिलादका मानिसहरूलाई सहायता गर्न सबैतिरका इस्राएली सेनाहरूलाई समाचार पठाइदिए । हजारौं हजार इस्राएली सेनाहरू जम्मा भए, र तिनीहरूले शत्रुहरूलाई एकदिनमै परास्त गरे । पद ११ पढ्नुहोस् ।

**सोच्नुहोस्:** शाऊलले पवित्र आत्माको आज्ञालाई पालन गरिरहेको कुरामा के तपाईंले ध्यान पुऱ्याउनु भएको छ? त्यसकारण इस्राएलीहरूले विजय हासिल गरेका थिए । जब हामी परमेश्वरमाथि भरोसा गर्ने र उहाँको आज्ञा पालन गर्ने निश्चय गर्छौं, तब के हामी प्रत्येकको हृदयभित्र शक्तिशाली पवित्र आत्माले वास गरेका हुन्छन्? हो, के यो कुरा चाखलाग्दो छैन र?

## सोमबार

२ इस्राएलीहरू हर्षित थिए । नयाँ राजाको साथमा तिनीहरूले पहिलो पटक लडाईमा विजय हासिल गरे । परमेश्वरले बेन्यामीनको सानो कुलबाट शाऊललाई राजा चुन्नुहुँदा, उनको कुरा काट्ने मानिसहरूलाई इस्राएलीहरूले सम्झे । त्यस्ता मानिसहरूलाई सजाय दिनुपर्छ भनी तिनीहरूले सोचे । तर शाऊलले के भने? १ शमूएल

११:१२, १३ पढ्नुहोस् ।


शाऊल अझै नम्र बनिरहेका थिए । कति राम्रो कुरा! परमप्रभुले नै तिनीहरूलाई जिताइदिनु भएको कुरा शाऊललाई थाहा थियो ।

शमूएलले शाऊललाई पहिले नै राजा अभिषिक्त गरिसकेका थिए । राजाको निम्ति तिनलाई चुनिएको कुरा सबै मानिसहरूलाई थाहा थियो । तर त्यस हर्षको दिनका लागि कुनै उत्सव मनाइएको थिएन । त्यसैले शमूएलले मानिसहरूलाई एकै साथ भेलामा बोलाए ।

यस समय तिनीहरू गिलगालमा जम्मा भए । बितेका समयमा गिलगालमा धेरै घटनाहरू भइसकेका थिए । यो ठाउँ त्यहीं थियो, जहाँ इस्राएलीहरूले यर्दन नदी तरेपछि, पहिलोपल्ट छाउनी हालेका थिए, र कनानको भूमिमा प्रवेश गरेका थिए । यो ठाउँ त्यहीं थियो, जहाँ मन्न झर्न रोकिएको थियो । त्यहाँबाट तिनीहरू यरिहोतिर अघि बढ्दै गए, र परमेश्वरले पर्खालहरूलाई ढाल्नु भएको दृष्यहरूको अवलोकन गरे । यो ठाउँ त्यही थियो, जहाँ लोभी आकानले आफ्नो पालभित्र प्वाल खनेर यरिहोबाट लुटेर ल्याइएका मालहरू लुकाएर राखेका थिए ।

त्यस भेलामा, शमूएलले मानिसहरूको सामुन्ने यसो भनेर सोधे, "म चाहिँ वृद्ध भएको छु, र मेरो कपाल फुलिसकेको छ । म त मेरो बालककालदेखि नै तिमीहरूको अगुवा भएको छु, मेरो विरूद्धमा कसैलाई केही भन्नु छ कि?" तिनीहरूले शमूएललाई उत्तरमा के भने त? १ शमूएल १२:४ पढ्नुहोस् ।

अनि परमेश्वरले तिनीहरूका निम्ति गर्नुभएका आश्चर्यमय कामहरूको बारेमा शमूएलले याद दिलाए । परमप्रभु इस्राएलका परमेश्वरमाथि भरोसा गर्ने र उहाँको आज्ञा मान्ने प्रतिज्ञालाई तिनीहरूले धेरै पटक तोडेकोकुरा पनि शमूएलले इस्राएलीहरूलाई याद दिलाए, र अब, तिनीहरूले परमेश्वर लाई राजा चुन्नुको सट्टामा एउटा मानिस लाई राजा अभिषेक गर्ने इच्छा गरेका थिए । तिनीहरूले आफ्नो राष्ट्रलाई अरू राष्ट्रहरू झैं बनाउने चाहना गरेका थिए । इस्राएलका परमेश्वरले नै तिनीहरूका निम्ति राजा चुन्नुभएको थियो । यदि तिनीहरूका राजा र तिनीहरूले केवल साँचो परमप्रभुको मात्र सेवा गरे भने मात्र उहाँले तिनीहरूलाई आशिष् दिन सक्नुहुनेछ । पदहरू १३–१५ पढ्नुहोस् ।



तिनीहरूले इस्राएलका परमेश्वरबाट आशिष नपाएको कुरा स्वीकारे, र तिनीहरूले आफ्नो निम्ति प्रार्थना गरिदिन शमूएललाई अनुरोध गरे । के शमूएलले तिनीहरूको निम्ति प्रार्थना गरिदिने प्रतिज्ञा गरे? पदहरू २३–२५ पढ्नुहोस् ।

सोच्नुहोस्: के शमूएलले क्षमा माग्ने बारेमा र तिनीहरूप्रति साँचो प्रेम देखाए? के त्यो गर्नु सहज छ त?

## मंगलबार

**३** राजा शाऊल आफैं र तिनका छोरा जोनाथान बाहेक, उनका कुनै पनि सेनाहरूसित तरवार अथवा भाला थिएन । कारण यो थियो, कि जब दुष्ट र निर्दयी पलिश्तीहरूले तिनीहरूमाथि शासन गर्दै थिए, तब तिनीहरूले इस्राएलीहरूलाई कुनै हतियार बनाउन र हतियार किनबेच गर्ने अनुमति दिएका थिएनन् । १ शमूएल १३:१९, २० पढ्नुहोस् ।

शाऊल राजा अभिषेक भएको धेरै समय नबित्दै, तिनका छोरा जोनाथानले पलिश्तीहरूको एउटा गढमा आक्रमण गरे, र लडाईंमा विजयी पाए । त्यसले पलिश्तीहरूलाई धेरै नै आक्रोशित पारे, र तिनीहरूले इस्राएलीहरूसित युद्धको घोषणा गरिहाले । जब शाऊलले पलिश्तीहरूको योजनाको बारेमा थाहा पाए, तब तिनले तुरून्तै आफ्ना फौज तयार पारे ।

इस्राएलीहरूलाई तिनीहरूको परमप्रभुको सहायताको खाँचो परेको कुरा शाऊलले बुझेका थिए, र युद्ध गर्न जानुअघि, आफ्ना फौजको निम्ति इस्राएलका परमप्रभुसित प्रार्थना गरिदिने प्रतिज्ञा गरेका थिए । शाऊलले शमूएललाई सात दिनसम्म प्रतिक्षा गरे ।

जब शाऊलका फौजले प्रतिक्षा गरे, तब तिनीहरू डराइरहेका थिए । पलिश्ती सेनाहरूको साथमा धेरै घोडाहरू र रथहरू थिए, अनि फेरि तिनीहरूसित भाला र तरवारहरूको साथमा हजारौं हजार सेनाहरू छन् भन्ने कुरा इस्राएलीहरूलाई थाहा थियो । तिनीहरूले के गर्न लागे त? पदहरू ६–८ पढ्नुहोस् ।

अब शाऊललाई परमेश्वमाथि भरोसा छ भन्ने कुरा देखाउनलाई उत्तम मौका थियो । तिनले आफ्नो फौजलाई ढाडस दिनुपर्थ्यो । परमप्रभु इस्राएलका परमेश्वरले तिनीहरूलाई सहयोग गर्न गइरहनु भएको थियो; तिनीहरू भयभीत हुनुपर्ने आवश्यकता थिएन । तर त्यसको सट्टामा, शाऊल आफै डराइरहेका थिए । शाऊलले केही त्यस्तो काम गरे, जुन काम कुनै विशेष अगुवाले मात्र गर्न मिल्थ्यो । त्यो काम के थियो त? पद ९ पढ्नुहोस् ।

अन्तमा, शमूएल आइपुगेपछि, शाऊलले कस्तो वहाना बनाए त? पदहरू १०–१२ पढ्नुहोस् ।

सोच्नुहोस्: आज्ञाको उल्लङ्घन गरी सकेपछि बहाना बनाउनु भनेको, आदम र हव्वाले पाप गरेपछिको पहिलो घटना हो, होइन र? के त्यो सहज छ, र त्यसो गर्नु स्वभाविक हो?

## बुधबार


**४** केवल विशेष अगुवाले मात्रै होमबलि चढाउनु पर्ने कुरा प्रत्येक इस्राएलीहरूलाई थाहा थियो । अब, तिनीहरूका राजा शाऊलले धेरै नै महत्वपूर्ण नियमलाई उल्लङ्घन गरेको कुरा तिनीहरूलाई थाहा भयो । त्यसले गर्दा परमेश्वरको विधि-विधानलाई मान्नु पनि त्यत्ति महत्वपूर्ण रहेनछ भनी तिनीहरूले सोच्न सक्छन् ।

शाऊलको कुरा सुनेपछि, शमूएलले तिनलाई के भने? १ शमूएल १३:१३, १४ पढ्नुहोस् ।

आज्ञाको उल्लङ्घन गरेर बहाना बनाउनुको सट्टामा, परमप्रभुमाथि भरोसा राखेको भए, त्यो शाऊलको निम्ति धेरै नै राम्रो हुनेथियो! इस्राएलीहरूलाई परमप्रभुमाथि सधैं भरोसा राख्ने र भक्तिसाथ उहाँको मात्र सेवा गर्ने राजाको आवश्यकता थियो ।

अब शाऊलका धेरैजसो सेनाहरूले उनलाई छोडेर गइसकेका थिए । केही सेनाहरू चट्टानको बीचमा, कोही झाडीमा र कोही ओडारमा लुकेर बसे, र कोही-कोही चाहिँ यर्दन नदी तरेर पारिपट्टि गए । तिनीहरूमध्ये दुईजना राजा शाऊल र छोरा जोनाथान बाहेक अरू सबैजना डराउन थाले ।

शाऊलका छोरा जोनाथान आफ्ना पिता जस्तो थिएनन् । जोनाथानले परमेश्वरलाई प्रेम गर्ने र भक्तिसाथ उहाँको मात्र सेवा गर्ने गर्दथे, र अब, परमेश्वरले तिनको हृदयमा एउटा योजना राखिदिनुभयो । जब जोनाथानले आफ्ना हतियार बोक्ने विश्वासी जवानलाई त्यस योजनाको बारेमा बताए, तब तिनले उनकै योजनालाई पछ्याउने निश्चय गरे । १ शमूएल १४:६, ७ पढ्नुहोस् ।



शुरुमा जोनाथानले परमेश्वरसित एउटा चिन्ह मागे । तिनले पलिश्तीहरूसँगको युद्धका लागि परमेश्वरको योजनालाई पछ्याइरहेको कुराको सुनिश्चित गर्नु थियो । पदहरू ८–१० पढ्नुहोस् ।

जब पलिश्ती सेनाहरूले केवल दुईजना मात्र सेनाहरू देखे, तब तिनीहरू हाँसे, र तिनीहरूको गील्ला गरे । इस्राएलीहरू आफूहरू लुकेको प्वालबाट निस्कँदैछन् भनी तिनीहरूले भने । पदहरू ११, १२ पढ्नुहोस् ।

तर जोनाथानले परमप्रभुसँग मागेका चिन्ह नै शत्रुहरूले बोलेका थिए । तिनीहरू चूपचापसँग कसैले नदेख्ने गरी चार हात-खुट्टा टेक्दै चट्टानमाथि चढे । परमप्रभु इस्राएलका परमेश्वर तिनीहरूका साथमा हुनुहुन्छ भन्ने कुरा तिनीहरूलाई थाहा थियो, र तिनीहरू डराएनन् ।

**सोच्नुहोस्:** शत्रुका पूरै सेनाहरूसँग युद्ध गर्न कसरी परमेश्वरले केवल दुईजना सेनालाई मात्र उपयोग गर्नुभयो? जब हामी उहाँमाथि भरोसा गर्छौं, र उहाँको मात्र आज्ञा पालन गर्छौं, तब हामीलाई सहयोग गर्नका निम्ति उहाँमा केही कुरा पनि असम्भव छैन भन्ने कुरा के परमप्रभु परमेश्वरले प्रमाणित गरेर देखाइरहनु भएको थियो?

## बिहीबार

**५** जोनाथान र उनको हतियार बोक्ने सैनिक शत्रुहरूको छाउनीतिर बढ्दै थिए । शुरूमा, जब शत्रुहरूले तिनीहरूलाई देखे, तब शत्रुका सेनाहरूले तिनीहरूको गील्ला गरे । तर जब तिनीहरू माथि चढे, तब के भयो? १ शमूएल १४:१३ पढ्नुहोस् ।

के त्यहाँ जोनाथान र उनको हतियार बोक्ने सैनिक दुईजना मात्रै थिए त? अँहँ, होइन । तिनीहरूलाई सहयोग गर्नको निम्ति स्वर्गदूतहरू तिनीहरूको साथमा थिए । सेनाहरू घोडा र रथहरूको साथमा आए झैं, जमिन नै काँप्न थाल्यो । पदहरू १४, १५ पढ्नुहोस् ।

पारिपट्टि मैदानमा, जहाँ शाऊलले सेनाहरू जम्मा पारेका थिए, ती सबै सेनाहरू अझै पनि तिनकै साथमा थिए । शाऊलका अङ्गरक्षकले देखे, कि पलिश्तीहरू आफू-आफूमै लडाईं गरी तितर-वितर हुँदै भागिरहेका थिए ।

जोनाथन र उनको अङ्गरक्षक त्यहाँ नभएको कुरा सेनाहरूले शाऊललाई बताए ।

तिनीहरूले युद्ध गरिरहेका होलान् भन्ने सोचेर शाऊल तिनीहरूलाई सहायता गर्नका लागि गए । तर शुरूमा, तिनले के गर्नुपर्ने हो, सो को बारेमा परमप्रभुलाई सोध्न तिनले पूजाहारीलाई अनुरोध गरे ।

तर शाऊल परमप्रभुको उत्तरको प्रतिक्षामा बसेनन् । पारीपट्टि मैदानमा पलिश्तीहरू बीच खैलाबैला मच्चीरहेको थियो, र शाऊल आफ्ना सेनाहरूको साथमा रणभूमितिर हुइँकिए, जहाँ पलिश्तीहरू आफू-आफूमै लडाईं गरिरहेका थिए, अब तिनीहरूसँग को मिल्न आए त? पदहरू १९–२२ पढ्नुहोस् ।

खाना खान छोडेर भए पनि शत्रुहरूलाई खूब खेद्नुपर्छ भनी राजा शाऊलले हुकुम गरे, तर जोनाथनले के गरे त? पदहरू २४–२७ पढ्नुहोस् ।

परमेश्वरले त्यो मह त्यहाँ राखिदिनु भएको थियो । यदि सेनाहरूलाई त्यो मह चाख्न अनुमति दिइएको भए, सेनाहरूमा केही बल आउँथ्यो, र लडाईं जारी नै रहन्थ्यो; र पलिश्तीहरूको झन् ठूलो संहार हुन्थ्यो । तर तिनीहरू भोकले साह्रै नै शिथिल

बनेका थिए ।

राजा शाऊलले सेनाहरूलाई केही नखानू भनी आज्ञा गरेको बारेमा जोनाथनलाई केही पनि थाहा थिएन । तर जब तिनले मह चाखेको कुरा शाऊलले थाहा पाए, तब जोनाथानले मृत्युदण्ड भोग्नुपर्नेछ भन्ने कुरा शाऊलले बताए । त्यो सही निर्णय होइन भनी सेनाहरूलाई थाहा थियो । परमेश्वरले जोनाथन र उनका अङ्गरक्षकद्वारा असाधारण आश्चर्यमय काम गर्नुभयो, किनकि तिनीहरूले परमप्रभुको शक्तिमाथि भरोसा राखेका थिए । शाऊलले जोनाथनलाई कुनै चोट पुऱ्याउन सेनाहरूले अनुमति दिएनन् ।



शाऊललाई आफूले गर्नुपर्ने कर्तव्यको बारेमा बोध भयो । तिनले दुई लाख भन्दा बढी सेनाहरूको साथमा अमालेकीहरू सित युद्ध गर्न भनी निस्के, र त्यस युद्धमा इस्राएलीहरू नै विजयी भए । धेरै नै हर्षका साथ शाऊल आफ्ना सेनाहरूका साथमा फर्के ।

तर परमेश्वर खुशी हुनुहुन्नथ्यो । उहाँ किन खुशी हुनुहुन्नथ्यो त? १ शमूएल १५:१०, ११ पढ्नुहोस् ।

अर्को बिहान, जब शमूएल चाँडै उठे, तब तिनले बडो दुःख महसुस गरिरहेका थिए । तिनले शाऊलसँग कुरा गर्नुपर्ने जरूरी थियो । तिनले उनलाई भेट्न जानुअघि, शाऊलले फेरि परमेश्वरको आज्ञा उल्लङ्घन गरेको कुरा शमूएलको कानमा पऱ्यो । शाऊलले जे गरिरहेका थिए, त्यो नै परमेश्वरको आज्ञाको विपरीत हो भनेर के राजा शाऊलले स्वीकारे? अथवा के तिनले फेरि बहानाहरू बनाउन थाले? पदहरू १३-२८ पढ्नुहोस् ।

**सोच्नुहोस्ः** राजा अभिषेक हुनु अघिदेखि नै, आफ्नै मार्गमा हिंड्ने राजा शाऊलको आदत थियो, र केही सोचविचार नगरिकनै कामहरू गर्ने गर्थे । राजा अभिषेक भएपछि, केही समयसम्म तिनी नम्र र आज्ञाकारी बनिरहे । अनि, विस्तारै-विस्तारै आफ्नो पुरानै आदतहरूलाई अपनाउँदै जान थाल्यो । के त्यो गर्नु सहज छ त?

**सोच्नुहोस्ः** त्यसदिन, कसले इस्राएलीहरूलाई बचाउनु भयो? पद २३ पढ्नुहोस् । शाऊलले त्यस्तो खाले कामहरू गर्दै थिए, जुन कामले गर्दा परमप्रभु इस्राएलका परमेश्वरले तिनलाई आशिष् दिन सक्नुभएन । यदि तिनले परमप्रभु इस्राएलको परमेश्वरको आज्ञालाई नमानिरहेको भए, तिनले कसको आज्ञालाई मान्दै थिए त?

## शुक्रबार

६

शाऊलले परमेश्वरको आज्ञालाई उल्लङ्घन गर्दै थिए, र आफ्नै इच्छा अनुसारको कामहरू गर्ने निर्णय गर्दै थिए । त्यसले गर्दा शमूएल विचलित भए, किनकि तिनले शाऊललाई प्रेम गर्थे । परमेश्वरले पनि शाऊललाई प्रेम गर्नुहुन्थ्यो । अब परमप्रभुले भन्नु भए बमोजिम आज्ञा पालन गर्नका लागि शाऊललाई अर्को एउटा मौका दिनेछु भनी परमप्रभुले शमूएललाई भन्नुभयो ।

दुष्ट र निर्दयी अमालेकीहरूले अझै परमेश्वरलाई घृणा गर्दथे, र जुनबेला पनि तिनीहरूले परमेश्वरका जनहरूलाई दुःख दिएर सताउने गर्थे । तिनीहरूमा कुनै किसिमको बदलाव् आउने छैन भन्ने कुरा परमेश्वर जान्नुहुन्थ्यो । अब इस्राएलीहरूले अमालेकीहरूलाई सर्वनाश पार्ने समय भएको थियो । तिनीहरूको साथमा भएका कुनै पनि थोकहरू बाँकी रहने छैनन् ।

## अधिक अध्ययनका निम्तिः

१ शमूएल ११–१५; पेट्रिआर्कस् एण्ड प्रोफेटस्, पेज ६१२–६३१; द बाइबल स्टोरी, भोल्युम ३, पेज १७०–१८५ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्रः

# पहिला मेरो बाइबल

पहिलो वर्ष

अध्याय–४, पाठ–११

# परमेश्वरले चुन्नुभएको एउटा नयाँ राजा



## आइतबार

१ शाऊलले अमालेकीहरूसित युद्ध जितेका थिए, र तिनी निकै नै खुशी थिए । तर शमूएल धेरै नै दुःखी थिए, र अब उनलाई शाऊलसित कुरा गर्नु थियो ।

शाऊलले शमूएललाई भेट्दाखेरि "परमेश्वरले भन्नुभए बमोजिम मैले उहाँको आज्ञा पालन गरेको छु ।" भनेर भने । के तिनले सत्य कुरा नै बोलिरहेका थिए? अँहँ, थिएनन् ।

अमालेकीहरूको साथमा भएका सम्पूर्ण थोकहरू नष्ट गर्न परमेश्वरले भन्नुभएको थियो । तर शाऊलका सेनाहरूले शत्रुहरूको भेंडा-बाख्राहरूको ज्यान बचाइराखेका थिए । तिनीहरूको बहाना यो थियो, कि परमेश्वरलाई होमबलि चढाउनका लागि ती पशुहरूलाई बचाइ राखिएका हुन् । सेनाहरूले बलिदानको निम्ति ती पशुहरू राख्न चाहेको हुन सक्थ्यो, ताकि आफूहरूले पालिराखेका पशुहरूलाई मार्न आवश्यक नपर्ने थियो ।

परमेश्वरलाई पशुहरूको आवश्यकता छैन भनी शमूएलले शाऊललाई याद दिलाए । केवल उहाँको आज्ञा पालन गर्नु आवश्यक थियो । कुनै थोकहरू भन्दा पनि आज्ञा पालन गर्नु धेरै नै महत्वपूर्ण कुरा थियो । अहिले शाऊलले अझै पनि आज्ञाको पालन गर्न सिकेका थिएनन्, र परमेश्वरले आफ्ना जनहरूको निम्ति अर्को राजा चुन्न गइरहनु भएको थियो । १ शमूएल १५:२२, २३ पढ्नुहोस् ।

त्यस कुराले शाऊलको मनमा डर उत्पन्न गराइदियो । तुरुन्तै तिनले आफूले गरेका पापहरूलाई स्वीकारे । तर सधैं झैं तिनले बहाना मात्र बनाउन खोजेका थिए । पदहरू २४, २५ पढ्नुहोस् ।

**याद गर्नुपर्ने पदहरू:**

"मेरो अर्ती सुन र बुद्धिमान् होओ, त्यसको अवहेलना नगर ।"

— हितोपदेश ८:३३

जब शमूएल फर्केर जान लागे, तब शाऊल निराश बन्न थाले, र शमूएललाई रोक्न तिनले उनको खास्टो ताने । जब खास्टो च्यातियो, तब शमूएलले उनलाई के भने? पदहरू २७, २८ पढ्नुहोस् ।

जब तिनी आफ्नो घर रामामा फर्केर गए, तब शमूएल एकदमै दुःखी थिए । उनले शाऊलको बारेमा नसोचिकन बस्नै सकेनन् । शमूएलले शाऊललाई प्रेम गर्थे, र तिनले परमेश्वरको आज्ञालाई पालन गर्नेछन् भनी शमूएलले आशा गरेका थिए । परमेश्वर पनि दुःखी हुनुभयो । तर शाऊलले आफ्नो हृदयलाई परिवर्तन गर्ने छैनन् भन्ने कुरा परमेश्वर जान्नुहुन्थ्यो । परमेश्वरले शमूएललाई के भन्नुभयो त? १ शमूएल १६:१ पढ्नुहोस् ।

**सोच्नुहोस्:** अरू थोकहरू भन्दा पनि हामी सधैं शैतानबाट स्वतन्त्र र खुशी रहौं भनी परमेश्वर चाहनुहुन्छ, होइन र? आज्ञा पालन गर्नु कत्तिको महत्वपूर्ण छ भन्ने कुरा सिक्नका लागि तपाईंका आमा-बुबाहरूले तपाईंलाई सहयोग गरिरहनु भएको कुरामा के तपाईं खुशी हुनुहुन्न र?

## सोमबार

**२** शुरूमा परमप्रभुले भन्नु भए बमोजिम गर्न शमूएल डराएका थिए । उनले परमेश्वरलाई के भने, र परमेश्वरले उनलाई कसरी उत्तर दिनुभयो त? १ शमूएल १६:२, ३ पढ्नुहोस् ।

शमूएलले सधैं आज्ञा पालन गर्न सिकेका थिए, र परमेश्वरले उनलाई सधैं सुरक्षा दिनुहुन्छ भनी मनमा विश्वास राखेका थिए । जब उनी बेथलेहेम पुगे, तब शहरका मानिसहरू निराश भए । शमूएलले तिनीहरूलाई के भने? पदहरू ४, ५ पढ्नुहोस् ।

शमूएलले विशेष होमबलिका निम्ति यिशै र तिनका छोराहरूलाई किन निम्तो दिएको हो भनी यिशैले अचम्म मानेको हुनुपर्छ । तर यिशै आफू र आफ्ना सात ओटा छोराहरूको साथमा गए । केवल उनका कान्छो छोरा मात्र गएनन्, किनभने उनले आफ्ना भेंडाहरूको रखवाली गर्नुपर्थ्यो ।

होमबलिपछि विशेष भोजन ग्रहण गर्नु अघि, शमूएलले यिशैका छोराहरूलाई एक-एक गर्दै नियाल्न थाले । शुरूमा उनले अग्लो र सुन्दर एलीआवलाई देखेर मनमनै विचार गरे । उनलाई देखेर परमेश्वरले शमूएललाई शाऊलको बारेमा याद दिलाउनुभयो । जब शमूएलले उनलाई एकटक लाएर हेरे, तब उनले के सोचिरहेका थिए? तर परमेश्वरले के भन्नुभयो? पदहरू ६, ७ पढ्नुहोस् ।

परमेश्वरले भन्नुभएको कुराहरू लाई याद गर्नु हाम्रो निम्ति धेरै नै महत्वपूर्ण छ । यिशैका सबै छोराहरू भलाद्मी देखिए तापनि, जब शमूएलले एकपछि अर्को गर्दै नियाल्दै गए, तब पनि परमेश्वरले निरन्तर रूपमा त्यही कुरा दोहोऱ्याएर भनिरहनु भएको थियो । पद १० पढ्नुहोस् ।



शमूएल छक्क परिरहेका थिए । यिशैका छोराहरूमध्येबाट एक जना कोही राजा हुनेछन् भनी परमेश्वरले भन्नुभएको थियो । के गलत भइरहेको थियो त? किन परमेश्वरले तिनीहरूमध्येबाट एकजनालाई चुन्नुभएन त? पछिल्लो छोरालाई हेरिसके पछि, शमूएलले यिशैलाई के भने त? पद ११ पढ्नुहोस् ।

**सोच्नुहोस्:** जब कोही व्यक्ति अग्लो, सुन्दर, फूर्तिलो र चलाक देखिन्छन्, तब तिनी कोही महत्वपूर्ण व्यक्ति हुनुपर्छ भनी के हामी सोच्ने गर्छौं? यदि त्यो व्यक्ति तुच्छ र स्वार्थी छ भने के होला त? कस्ता खालका गुणहरूले व्यक्तिको व्यक्तित्व झल्किन्छ? केही नामहरू भन्नुहोस् ।

## मंगलबार

**३** यिशैको छोराहरूमध्येबाट कोही एकजना राजा अभिषेक हुनेछन् भनेर परमेश्वरले शमूएललाई भन्नुभएको थियो । तर तिनका प्रत्येक छोराहरू उनको अगाडि आई उभिएपछि परमेश्वरले भन्नुभयो, "होइन, त्यो होइन ।" अनि त्यहाँ अर्को एकजना छोरा उपस्थित रहेनछन् भनी शमूएललाई थाहा भयो, र उनले तिनलाई बोलाउन पठाए । उनको नाउँ दाऊद थियो ।



दाऊदको काम चाहिँ भेंडाहरूको रखवाली गर्नु थियो । त्यो काम त्यत्ति सहज थिएन । उनले ती भेंडाहरू मध्ये एउटा भेंडा पनि यताउता टहलि रहेको नहोस् भनी सुनिश्चित गर्नु पर्थ्यो, र ती भेंडाहरूमध्ये कुनै पनि भेंडालाई जङ्गली पशुहरूले नलैजाओस् भनी सुनिश्चित गर्नका लागि राम्रोसँग ध्यान राख्नुपर्थ्यो ।

परमेश्वरले दाऊदलाई विशेष किसिमको कला दिनुभएको थियो, र जब उनले भेंडाहरूको रखवाली गर्थे, तब उनले आफ्नो कलाको उपयोग गर्न मन पराउँथे । दिनप्रतिदिन जब उनले परमेश्वरले सृजेका रूखहरू, डाँडाहरू र आकाशमाथि रहेका ताराहरू र अरू अचम्म लाग्दा प्रकृतिहरूलाई हेर्थे, तब उनले कविताहरू लेख्न शुरू गर्थे । आफैंले गीतहरू बनाउँथे, र आफैंले वीणा बजाउँथे ।

दाऊदले लेखेका गीतहरूलाई भजनसंग्रह भनिन्छ । हाम्रो बाइबलमा उनले रचेका भजन गीतहरू छन् । त्यहाँ खेतमा उनले आफ्नो वीणा बजाउँथे, र आफूलाई इच्छा लागेसम्म गाउँथे, र उनको सोर एकदम सुरिलो थियो । तिनले धेरै राम्रोसँग वीणा पनि बजाउँथे ।

जब यिशैको समाचारवाहकले दाऊदलाई भेट्यो, तब तिनलाई चाँडै आउनका लागि भन्यो, किनभने शमूएलले उनलाई भेट्न चाहिरहेका थिए । दाऊदले अचम्म मानेको हुनपर्छ । किन परमेश्वरका एउटा महत्वपूर्ण अगमवक्ता र न्यायकर्ताले उनीसँग

कुरा गर्न चाहिरहेका छन् भनी दाऊदले कल्पनै गर्न सकेनन् ।

तर उनी आदरपूर्वक शमूएलको अगाडि तुरुन्तै हाजिर भए । जब शमूएलले दाऊदलाई हेरे, तब त्यस समय परमप्रले के भन्नुभयो? अनि शमूएलले के गरे त? १ शमूएल १६:१२, १३ पढ्नुहोस् ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

**सोच्नुहोस्:** शमूएलले दाऊदलाई अभिषेक गरे । यदि तपाईं दाऊद हुनुभएको भए, तपाईंले कस्तो महसुस गर्नुहुन्थ्यो होला भन्ने तपाईं सोच्नुहुन्छ?

## बुधबार

**४** जब कसैलाई अभिषेक गरिन्छ, त्यो कुनै विशेष कारणको निम्ति गरिन्छ भन्ने कुरा यिशैको परिवारलाई थाहा थियो । तर शमूएलले आफू किन बेथलेहेममा आएको हुँ भन्ने कुरा तिनीहरूलाई बताएका थिएनन्, र दाऊदलाई अभिषेक गरेपछि, उनले कसैलाई खबर नगरिकन आफ्नो घर रामामा फर्केर गए ।

दाऊद भेंडाबाख्राको रखवाली गर्नका लागि गए । कुनै दिन परमेश्वरको निम्ति विशेष काम गर्न परमेश्वरले उनलाई चुन्नुभएको छ भन्ने कुरा दाऊदलाई थाहा भइसकेको थियो । उनले पहिलेको भन्दा धेरै समय प्रार्थनामा बिताउन थाले, भेंडा-बाख्राहरूको सक्दो राम्रो तरिकाले हेरचाह गरे । परमप्रभुले इच्छा गर्नुभए बमोजिम उहाँको महत्वपूर्ण कामको निम्ति तयार रहने इच्छा गरे । यदि तपाईं त्यहाँ हुनुभएको भए, उनले आफ्नो वीणा बजाउँदै महिमा र प्रशंसाको मीठो भजनहरू गाएको तपाईंले सुन्न सक्नुहुन्थ्यो ।

दाऊदले आफू र आफ्ना भेंडा-बाख्राहरूको सुरक्षाको निम्ति एउटा लट्ठी र घुयेंत्रो आफ्नो साथमा राखेका थिए । उनले जङ्गली जनावरहरूलाई मार्न अथवा तर्साउनका लागि त्यसलाई प्रयोग गर्थे । एकदिन एउटा सिंह आयो, र एउटा पाठोलाई टपक्क टिपेर लान थाल्यो । दाऊदले आफ्नो लट्ठी र घुयेंत्रोले आफ्नो पाठोलाई सुरक्षितसाथ सिंहको आक्रमणबाट बचाए । जब सिंहले पाठोलाई आक्रमण गऱ्यो, र मार्न खोज्यो, तब दाऊदले पाठोलाई सिंहको मुखबाट छुट्टाए, र सिंहलाई मारि दिए । अर्को पटक पनि त्यसरी नै एउटा भालुसँग उनको टक्कर भयो ।

शमूएलले दाऊदलाई अभिषेक गरेपछि, परमप्रभुका आत्मा विशेष रूपले दाऊदमा आउनुभयो भनेर बाइबलले बताउँदछ । १ शमूएल १६:१३ पढ्नुहोस् । दाऊद बहादुर भए तापनि, यदि परमेश्वरले उनलाई सहायता नगर्नुभएको भए, उनले सिंह र भालुलाई जे गरेका थिए, त्यो कार्य गर्न उनको वशको कुरा थिएन भन्ने कुरा उनलाई थाहा थियो ।

दाऊदको महिमा र प्रशंसाका भजनहरूको दुईटा पदहरू किन नपढ्ने त? भजनसंग्रह २३; २८:७ पढ्नुहोस् ।

**सोच्नुहोस्:** कुनै दिन ठ्याक्कै त्यहीं इलाकामा, जहाँ दाऊदले बगालको रखवाली गर्थे, त्यहाँ गोठालाहरूको निम्ति स्वर्गदूतहरूले घन्किने बाजा-गाजाका साथ र तुरहीका साथमा भजनहरू गाउनेछन् । तिनीहरूले के-को बारेमा भजनहरू गाइरहेको हुनेछन् त? लूका २:८–१४ पढ्नुहोस् ।

## बिहीबार


**५** पवित्र आत्माले दाऊदलाई सहयोग गरिरहनु भएको थियो, किनकि उनले परमप्रभुलाई प्रेम गर्थे, उहाँमाथि भरोसा गर्थे, र उहाँको विधि-विधानको पालना गर्ने अठोट गरेका थिए । तर शाऊललाई के भइरहेको थियो? १ शमूएल १६:१४, १५ पढ्नुहोस् ।

के परमेश्वरका स्वर्गदूतहरू नराम्रा हुन्छन् त? अँहँ, हुँदैनन् । नराम्रा स्वर्गदूतहरू कहाँबाट आउँदछ? हो, शैतानबाट आउँदछ । यदि परमेश्वरले शाऊललाई सताउनका लागि शैतानका दूतहरूलाई अनुमति नदिएको भए, शैतानले परमेश्वरलाई यसो भन्न सक्थ्यो, कि "तपाईं असल हुनुहुन्न । शाऊलले मेरो आज्ञा मान्ने निर्णय गरेको छ । उनी मेरो मानिस हो । उनलाई परीक्षामा पार्न मलाई अनुमति देऊ ।"

पमरेश्वर असल हुनुहुन्न भनी शैतानले कहिल्यै पनि भन्न सक्दैन । शैतानका दूतहरूले हामीलाई परीक्षामा पार्दा परमेश्वरले रोक्नुहुन्न, र शैतानका दूतहरूले शाऊललाई परीक्षामा पार्दा पनि उहाँले रोक्नुभएन; शाऊलले शैतानको आज्ञालाई मान्ने अठोट गरिरहेका थिए ।

परमप्रभु सधैं असल हुनुहुन्छ । उहाँले हामीलाई दीर्घकालसम्म सुरक्षित र खुशी राख्न चाहनु भए तापनि, शैतानको आज्ञा पालन गर्न उहाँले हामीलाई कहिल्यै पनि करमा पार्नुहुन्न ।

अब शाऊलले कुनै दिन आफू राजाको पदबाट हट्नुपर्नेछ भन्ने कुरालाई विचार गर्दै थिए । त्यो दु:खको घडी कहिले आउला भनी चिन्ता गरिरहे । उनले परमेश्वरको आज्ञाको उल्लङ्घन गरेकाले साँचो रूपले दु:खी हुनुको सट्टामा, उनले यसरी सोच्न थाले, कि जब उनी अमालेकीहरूसित युद्ध गर्न गए, त्यतिबेला उनले आफ्नो बहादुरी देखाएकाले परमेश्वरले भन्नुभए बमोजिम तिनले नगरेकोमा उहाँले त्यसको मतलव नगर्नु पर्ने थियो । त्यसकारण शाऊल झन् झन् परमेश्वरको विरोधी बन्न



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

थाले ।

कुनै कुनै दिनहरू अरू दिनहरूभन्दा खराब हुँदै गइरहेको थियो । कहिलेकाहीँ शाऊलले हठी भएर व्यवहार गर्थे । उनको जीवनमा नैराश्यता छाइरहेकाले कुनै व्यक्तिसँग कुरा गर्ने इच्छा गरेनन् । उनका चाकरहरूले उनलाई एउटा राम्रो सल्लाह दिए । चाकरहरूले के सल्लाह दिए त? पद १६ पढ्नुहोस् ।

के शाऊलले सहमति जनाए? पद १७ पढ्नुहोस् । परमेश्वरले उनका चाकरलाई कुनै एउटा निपुर्ण व्यक्तिको बारेमा सम्झना दिलाउनुभयो । ती व्यक्ति को थिए त? चाकरले त्यस व्यक्तिको बारेमा भनेको कुनै ६ वटा कुराहरू के तपाईंले याद गर्न सक्नुहुन्छ? पदहरू १८, १९ पढ्नुहोस् ।

**सोच्नुहोस्:** यदि कसैले तपाईंको मित्र वा तपाईंको शिक्षकहरूलाई तपाईंको बारेमा सोधे भने, तिनीहरूले तपाईंको बारेमा के बताउलान्? तपाईंले येशूलाई प्रेम गर्नुहुन्छ भनी के तिनीहरूले बताउलान्? तपाईं आज्ञाकारी हुनुहुन्छ भनेर के तिनीहरूले बताउलान्? तपाईं हँसिलो व्यक्ति हुनुहुन्छ, र दयालु र सहयोगी पनि हुनुहुन्छ भनेर के तिनीहरूले बताउलान्?

## शुक्रबार

**६** राजा शाऊलको निम्ति वीणा बजाएर गीतहरू गाइदिनका निम्ति दाऊदलाई बोलाइएको छ भनी जब समाचार वाहकहरूले खबर दिन आए, तब त्यस बखत यिशैको पूरै परिवारले अचम्म मानेको हुनुपर्छ ।

चाँडै नै, राजा शाऊलको निम्ति वीणाको साथमा केही उपहारहरू पनि लिएर जान दाऊद तयार भए । १ शमूएल १६:२० पढ्नुहोस् ।

जब दाऊदले वीणा बजाए, तब शाऊलले त्यसलाई औधि मन पराए । उनी चिन्तित, क्रोधित र निराश हुनुको सट्टामा, त्यसले उनलाई आनन्दित महसुस गरायो ।

अब पद २३ पढ्नुहोस् । के तपाईंलाई त्यसको अर्थ याद छ? के परमेश्वरबाट हानिकारक आत्माहरू आउँदछन्? परमेश्वरको इच्छा विपरित कुनै पनि कुराहरू सम्भव छैन भन्ने कुरालाई हामीले याद गर्नु जरूरी छ । यदि हामीले परमेश्वरमाथि भरोसा र उहाँको आज्ञा पालन गरिरहेका छौं भनेदेखि, जस्तोसुकै परिस्थिति आइपरे तापनि, अथवा हामीले मृत्युलाई अँगाल्न परे तापनि, हामीले भय मान्नुपर्ने कुनै आवश्यकता छैन । तर शाऊल एक सुरले आफ्नै मार्गमा हिँडिरहेका थिए, र साँच्चै नै, परमेश्वरले उनलाई त्यसो गर्न अनुमति दिनुभयो, किनभने उहाँको आज्ञा पालन गर्नलाई उहाँले हामीलाई करकापमा पार्न सक्नु भए तापनि, उहाँले त्यसो गर्नुहुन्न । त्यस कुराले उहाँलाई दु:खी बनाए तापनि, दुष्टात्माहरूले शाऊललाई सताउँदा उहाँले रोक्नुभएन । हाम्रो छनोटप्रति परमेश्वरले हस्तक्षेप गर्नुहुन्न ।

दाऊदले राजा शाऊलसँग धेरै समय बिताउँथे । तर समय-समयमा घर फर्कने अनुमति पाएकोमा तिनी खुशी देखिन्थे । जब तिनले बगालको रखवाली गर्थे, तब तिनले शाऊलको याद गरिरहन्थे । दुष्टात्माहरूले शाऊललाई समस्याहरू निम्त्याई रहेका थिए, र शाऊललाई शान्ति छैन भन्ने कुरा दाऊदलाई थाहा थियो । उनले आफ्नो वीणा बजाएर महिमा र प्रशंसाका भजनहरू गाएर दुष्टात्माहरूलाई धपाइदिन्थे, र त्यसले गर्दा दाऊद खुशी थिए ।

**सोच्नुहोस्:** तपाईं झैं, जब दाऊद बालक थियो, तब उनले परमेश्वरमाथि भरोसा गर्ने र उहाँको आज्ञा पालन गर्न सिकेका थिए । उनलाई यस बारेमा थाहा नभए तापनि, हरेक दिन उनले परमेश्वरको निम्ति महत्वपूर्ण अगुवा भएर काम गर्न सिकिरहेका थिए ।

## अधिक अध्ययनका निम्ति:

१ शमूएल १६; पेट्रिआर्कस् एण्ड प्रोफेटस्, पेज ६३१–६४४; द बाइबल स्टोरी, भोल्युम ३, पेज १८५–१९२ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्र:

# पहिला मेरो बाइबल

पहिलो वर्ष

अध्याय–४, पाठ–१२

# दाऊद र गोल्यत

**याद गर्नुपर्ने पदहरू:**

"तँ त मसँग लड्न तरवार, भाला र बर्छा लिएर आएको छस्, तर म तँसँग लड्न तैंले विरोध गरेको इस्राएलका फौजहरूका परमेश्वर, सर्वशक्तिमान् परमप्रभुको नाउँमा आएको छु ।"
– १ शमूएल १७:४५

## आइतबार

१ शाऊलले पलिश्तीहरूसँग फेरि युद्ध गरिरहेका थिए, र दाऊदका तीन जना दाजुहरू सेनामा भर्ती भएका थिए । दाऊद आफ्ना भेंडाहरूको हेरचाह गर्नका निम्ति घर फर्केर गएका थिए ।

एकदिन, पिता यिशैले दाऊदलाई छाउनीमा गएर आफ्ना दाजुहरू कुशलै छन् कि छैनन् भनेर बुझ्नलाई पठाए । १ शमूएल १७:१७, १८ पढ्नुहोस् ।

इस्राएलीहरूलाई शत्रुहरूबाट बचाउनका निम्ति स्वर्गदूतले दाऊदलाई काम अह्राएका थिए, तर त्यो कुराको बारेमा कसैलाई थाहा थिएन । जसरी दाऊदले बिहान सबेरै भेंडाहरू कसैको जिम्मा लगाएर गए, सायद स्वर्गदूतहरूले भनेका कुराहरूप्रति दाऊद चिन्तित बनिरहेका थिए ।


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

जब उनी छाउनीमा पुगे, तब उनले के गरे? पदहरू २०–२२ पढ्नुहोस् ।

जब दाऊद आफ्ना दाजुहरूसित बातचित गर्दै थिए, तब अचानक सबैजना शत्रुहरूबाट डराएका झैं पछि हट्न थाले । किन होला त? पदहरू २३, २४ पढ्नुहोस् ।

यदि तपाईंले पदहरू ४–१० पढ्नुभयो भने, गोल्यत कस्तो खालको मानिस थियो भनी तपाईंले थाहा पाउन सक्नुहुन्छ । उनी अग्लो थिए । उनी कस्तो देखिन्थे भनी हामी एकचोटि कल्पना गरौं ।

शुरूमा, उनी नौ फीट अग्लो र मजबुत व्यक्ति थिए । उनको शिरमा काँसाको टोप थियो, र धातुबाट बनेको माछाको कत्ला झैं देखिने काँसाको झिलम त्यसले लगाएका थिए । भाला वा बर्छाले त्यसलाई कुनै असर गर्दैनथ्यो । त्यस धातुको झिलमको तौल लगभग साठी किलो (सय पाउण्ड) जति थियो । तिनको खुट्टामा काँसाको झिलम थियो । भालाको टुप्पाको तौल लगभग सात किलो (तेह्र पाउण्ड) जति थियो । उनको तरवार ठूलो थियो, र उनका सुरक्षाकर्मीहरूले उनको ढाल बोकेर उनको अघि-अघि हिँड्थे । शाऊल र उनको साथमा रहेका सबै सेनाहरू उनीसँग डराएका थिए । पद २४ पढ्नुहोस् ।

**सोच्नुहोस्:** सात वा आठ वर्षको एउटा सानो बालक जवान युवकको साथमा उभिंदा कस्तो देखिन्छ होला, त्यसरी नै जब दाऊद गोल्यतको अघि उभिए, तब त्यहाँका सबै सेनाहरू गोल्यतको अगाडि कति सानो देखिन्थे होलान् ? सबैजना गोल्यतसँग डराउनु अचम्मको विषय थिएन! यदि तपाईं त्यहाँ हुनुभएको भए, के तपाईं पनि डराउनु हुन्थ्यो होला भन्ने तपाईंलाई लाग्छ?

## सोमबार

२ हरेक दिन बिहान र बेलुका गरेर चालीस दिनसम्म गोल्यत जोसँग लड्न पनि तयार भएर बस्थे, तर सबै जना उनीसँग डराएका थिए । १ शमूएल १७:८, १६ पढ्नुहोस् ।

उनले इस्राएलीहरूसँग के शर्त राखेका थिए? पदहरू ९, १० पढ्नुहोस् ।

मजबुत गोल्यतसँग लडेर त्यसलाई मार्न साहस गर्ने व्यक्तिलाई प्रचुर इनाम दिनेछु भनी राजा शाऊलले प्रस्ताव राखेका थिए । तर कसैले पनि त्यसलाई मार्न साहस गर्न सकेनन् । पद २५ पढ्नुहोस् ।

जब दाऊदले गोल्यतको कुरा सुने, तब तिनले आफ्ना कानले सुनेका कुरालाई विश्वासै गर्न सकेनन् । त्यो मान्छेले आफूलाई के ठानेको थियो? कसरी उनले परमेश्वरलाई सराप्ने साहस गर्न सक्यो, र कसरी उहाँका जनहरूको गील्ला गर्ने साहस गर्न सक्यो? त्यसका निम्ति कुनै व्यक्तिले केही कदम चाल्नुपर्ने आवश्यकता देखिन्थ्यो ।

मानिसहरूसँग दाऊदले कुरा गरिरहेको बेला उनको जेठा दाजु एलीआवले सुने, र उसको कुराले उनी खुशी थिएनन्, र रिसले चूर भए । पद २८ पढ्नुहोस् ।

वास्तवमा, एलीआव इर्ष्यालु थिए । बेथलेहेममा शमूएल भेट् गर्न आएको समयलाई उनले बिर्सेका थिएनन्, र शमूएलले दाऊदलाई बढी इज्जत र सम्मान दिएका थिए । आफू ठूलो भएको नाताले उनको सानो भाइको सट्टामा उनले सम्मान पाउनुपर्थ्यो भनी एलीआवले सोचेका थिए । तर दाऊदले आफ्ना दाजुसित बहस गर्न चाहेनन् । तिनले आफ्नो दाजुलाई कुनै नराम्रो हानि गरेका थिएनन् । गोल्यतले देखाइरहेको व्यवहारप्रति तिनी निराश बन्नुको पनि केही राम्रो कारणहरू छन् भन्ने कुरा दाऊदलाई थाहा थियो । पद २९ पढ्नुहोस् ।

जब दाऊदले अरू केही सिपाहीहरूसँग बातचित गरे, तब त्यहाँको अवस्थाको बारेमा सबैजनाले एउटै कुरा भनिरहेका थिए । अनि जसले गोल्यतलाई मार्न सक्छ, त्यसलाई राजाले प्रचूर इनाम दिने घोषणा गर्नुभएको कुरा पनि सिपाहीहरूले बताए । पद ३० पढ्नुहोस् ।

**सोच्नुहोस्:** दाऊदले गोल्यतलाई किन मार्न चाहेका थिए त? के राजा शाऊलले प्रचूर इनाम दिने घोषणा गरेकाले त्यो इनाम पाउन उनले गोल्यतलाई मार्न चाहेका हुन् त?

## मंगलबार

**३** जब दाऊदले भनेका कुराहरू राजा शाऊलको कानमा पुग्यो, तब राजाले तिनलाई बोलाउन पठाए । गोल्यतले साहस गरे झैं दाऊदले बोलेको कुराहरूले पनि उनमा त्यस्तै खालको जोश, जाँगर र साहसीपन देखिन्थ्यो । तिनले राजालाई भने, "चिन्ता नगर्नुहोस्, म गोल्यतसँग एक्लै लड्नेछु ।" १ शमूएल १७:३२ पढ्नुहोस् ।

शाऊलले जवान युवक दाऊदलाई हेरेर टाउको हल्लाए । एउटा मजबुत व्यक्तिसँग भीड्नका लागि एउटा जवान युवकले आँट गरेको देखेर राजा शाऊलले विश्वासै गर्न सकेनन् । राजा शाऊलले दाऊदलाई कस्तो जवाफ दिए? पद ३३ पढ्नुहोस् ।

तर दाऊदले हिम्मत हारेका थिएनन् । तिनले एउटा सिंह र भालुलाई मारेको कुरा पनि शाऊललाई बताए । तर सिंह र भालुलाई मार्नका लागि कसले सहयोग गर्नुभएको थियो भनेर तिनले बताए? र गोल्यतलाई मार्नलाई कसले तिनलाई सहयोग गर्नुहुनेछ त? पद ३७ पढ्नुहोस् ।


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

अन्तमा, मजबुत व्यक्ति गोल्यतसँग लड्नलाई राजा शाऊलले दाऊदलाई अनुमति दिए । तर तिनको साथमा आफ्ना सेनाहरू पठाइदिन राजाले आफ्ना चाकरहरूलाई हुकुम दिए । त्यसैले राजाले तिनलाई आफ्नै लबेदा पहिराइदिए, अनि झिलम लगाएर काँसाको टोप तिनको शिरमा लगाइदिए । अनि दाऊदले शाऊलको तरवार झिलममाथि कसिदिए, तर तिनी अनकनाए, किनभने तिनको ती लगाउने बानी थिएन ।

सबैजनाले हेरिरहेको हुनुपर्छ । तर दाऊद धेरै टाढा पुग्नु अघि, तिनी फेरि फर्कर शाऊलकहाँ आए । साँच्चै नै, दाऊदले आफ्नो मनलाई बद्लेछन्, र गोल्यतसँग लड्ने प्रयास गर्ने छैनन् होला भनेर सबैले सोचेका थिए । तर के तिनी फर्कर आउनुको वास्तविक कारण त्यही नै थियो त? पद ३९ पढ्नुहोस् ।

अब, तिनले अलिकति सजिलो महसुस गरे । जब तिनले एउटा सानो खोला तरे, तब तिनी त्यहाँ रोकिए । किन होला त? पद ४० पढ्नुहोस् ।

अब दाऊद हतार गर्दै निडर भएर गोल्यत भएको ठाउँनेर गए, परमप्रभुले भन्नु भए बमोजिम तिनले उहाँको आज्ञा पालन गरिरहेको कुरा दाऊद आफूलाई थाहा थियो ।



हरेक सिपाहीहरू निराश भइरहेको हुनुपर्थ्यो, र जब तिनीहरूले दाऊदतिर हेरे, तब सबैजना खुशीले उत्तेजित भए ।

**सोच्नुहोस्:** परमेश्वरका जनहरूलाई बचाउन स्वर्गदूतले तिनलाई भनेका कुराहरू दाऊदले याद गरिरहेका होलान् भनी के तपाईंलाई लाग्छ? भजनसंग्रह ३४:७ पढ्नुहोस् । के त्यो प्रतिज्ञा तपाईंलाई मनपर्छ?

## बुधबार

**४**

अन्तमा, कुनै एउटा व्यक्ति आफूसँग लड्नलाई आइरहेको गोल्यतले देख्यो । तर जब दाऊद गोल्यत भएतिर अगाडि बढ्दै थिए, तब गोल्यतले आफ्नो आँखाले देखेका कुरालाई विश्‍वासै गर्न सकेनन् । के इस्राएलीहरूले गोल्यतलाई मूर्ख बनाउने कोशिस गर्दै थिए त? जो व्यक्ति लड्नको लागि आइरहेको थियो, त्यो व्यक्ति एकदम जवान थियो, र तिनले आफ्नो लट्ठी र घुयेंत्रोले लड्न आइरहेको थियो । १ शमूएल १७:४१, ४२ पढ्नुहोस् ।

त्यो मजबुत गोल्यतले आफ्ना देवताको शपथ खाएर दाऊदलाई सरापेको सबैजनाले सुनिरहेका थिए । पदहरू ४३, ४४ पढ्नुहोस् ।

अनि दाऊदले पनि स्पष्ट र ठूलो सोरले जवाफ फर्काएको पनि अरूहरूले सुने । पद ४५ पढ्नुहोस् ।

मजबुत गोल्यतको देवताहरू र उनको धम्कीदेखि दाऊद डराएका छैनन् भन्ने कुरा गोल्यत र उनका मानिसहरूलाई थाहा होस् भनी दाऊदले सोचेका थिए । गोल्यतले दाऊदलाई शुरूमा जे भनेका थिए, त्यही कुरा गोल्यत आफैंले भोग्नुपर्‍यो । सबैभन्दा असल कुरो चाहिँ यही हो, कि शत्रुहरूको संहार गर्नलाई परमेश्वरलाई कुनै तरवारको आवश्यकता पर्दैन, न त भालाको आवश्यकता पर्दछ, र यो कुरा सारा संसारले देख्नेछन् । उहाँ नै सर्वशक्तिमान् हुनुहुन्छ । उहाँले नै शत्रुहरूलाई नाश गर्नुहुन्छ । पदहरू ४६, ४७ पढ्नुहोस् ।

अहिले, गोल्यत रिसले चूर हुन पुगे । तिनले आफ्नो काँसाको टोप एक ठाउँमा राखेर जङ्गली पशुले झम्टिन गए झैं



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

दाऊदतिर कुद्दै गयो ।

जब दाऊद साहसी भई गोल्यत भएतिर कुद्दै गए, तब तिनले आफ्नो झोलाबाट एउटा ढुङ्गा निकालेर घुयेंत्रोमा राखे । अनि तिनले गोल्यतलाई जोडले प्रहार गरे । घुयेंत्रो हावामा घुम्दै घुम्दै छिटो-छिटो गयो । अनि ढुङ्गा हावामा तीव्र गतिमा गयो, र त्यो ढुङ्गा गोल्यतको निधारमै गाडियो, जुन ठाउँमा दाऊदले निशाना लगाएका थिए ।

गोल्यत एकछिन अडियो । तिनले अन्धाले जस्तै आफ्ना हातहरू फर्फराए, अनि एउटा ठूलो रूख जमिनमा ढले झैं, त्यो घोप्टो परेर भुइँमा लोट्यो । पदहरू ४८, ४९ पढ्नुहोस् ।

तर गोल्यत अझै मरेको थिएन, र दाऊदले एक सेकेण्ड पनि समय खेर फालेनन् । लगातार तिनले त्यस दुष्ट र मजबुत गोल्यतको तरवार म्यानबाट थुतेर त्यसलाई खतम गरेर त्यसको शिर काटिदिए । पदहरू ५०, ५१ पढ्नुहोस् ।

**सोच्नुहोस्:** त्यो ढुङ्गा निशाना लगाएकै ठाउँमा प्रहार होस् भनेर के स्वर्गदूतहरूले मद्दत गरे होलान् भन्ने तपाईंलाई लाग्छ? परमेश्वरले नै दाऊदलाई सहयोग गर्नुभएको कुरा दाऊदलाई थाहा थियो भनी के तपाईंलाई लाग्छ? घमण्डी गोल्यत ठूलो र मजबुत हुँदा पनि के त्यसले परमेश्वरलाई केही फरक पार्‍यो? हितोपदेश १६:१८ ले के भन्दछ?

## बिहीबार

**५**

जब दाऊदले दुष्ट गोल्यतलाई मारे, तब पलिश्तीहरू र इस्राएलीहरू दुबै पक्षले अचम्म माने । गोल्यत मारिनेछन् भनेर कसैले कल्पना पनि गरेका थिएनन् । गोल्यतको सट्टामा दाऊद नै मारिनेछन् भनेर सबैजना सुनिश्चित थिए ।

अब, दुबै पक्षबाट ध्वनिहरू उठे । पलिश्तीहरू भयभीत भएकाले ठूलो सोरले कराउँदै आ-आफ्नो प्राण जोगाउन त्यहाँबाट भागे । इस्राएलीहरूले पलिश्तीहरूलाई पक्रँदै खेद्दै गरेकाले पलिश्तीहरू तितर-वितर हुँदै भागदौड गरिरहेका थिए ।

शत्रुहरूलाई खेदेर फर्कंदा इस्राएलीहरूले के गरे त? १ शमूएल १७:५३ पढ्नुहोस् ।

दाऊद साहसका साथ गोल्यत भएतिर अगाडि बढ्दै गरेको शाऊलले देखेका थिए । त्यही समयमा शाऊलले दाऊदको बारेमा धेरै कुराहरू जान्न चाहेका थिए । तिनले दाऊदलाई पहिलेदेखि नै चिन्दथे, तर तिनी को थिए, र कहाँबाट आएका थिए भन्ने कुरामा त्यति ध्यान पुर्‍याएका थिएनन् । जब तिनले आफ्ना सेनापति अबनेरलाई तिनको बारेमा सोधे, तब त्यससमय अबनेरले तिनको बारेमा के बताए त? पदहरू ५५, ५६ पढ्नुहोस् ।

युद्ध सकिएपछि, अबनेरले दाऊदलाई राजा कहाँ ल्याए । पदहरू ५७, ५८ पढ्नुहोस् ।

शाऊलले दाऊदसित कुरा गरिरहेको बेला शाऊलका छोरा जोनाथनले सुनिरहेका थिए, र जोनाथान खुशी भए, किनभने तिनी पनि दाऊदले झैं सारा हृदयले परमेश्वरलाई प्रेम गर्थे, र उहाँमाथि भरोसा राख्थे । परमेश्वरले जोनाथनद्वारा पनि आश्चर्यमय कामहरू गर्नुभएको थियो । जब तिनी र तिनका

अङ्गरक्षक चट्टानमाथि चढिरहेका थिए, तब परमेश्वरले तिनीहरूको सहायताका लागि स्वर्गदूतहरू पठाउनु भएको थियो । त्यसपछि शत्रुहरू भागेका थिए, जसरी दाऊदले गोल्यतलाई मार्दा पनि शत्रुहरू भागेका थिए ।

शाऊलले दाऊदलाई सेनामा भर्ती गराएर आफूसितै राख्ने योजना बनाएको कुरा जब शाऊलका छोरा जोनाथनले थाहा पाए, तब तिनी दाऊदसित घनिष्ठ सम्बन्ध गाँस्न आतुर भए । तिनीहरू एक-अर्काको असल मित्र बन्नेछन् भन्ने कुरा जोनाथनलाई थाहा थियो । १ शमूएल १८:१, २ पढ्नुहोस् ।

**सोच्नुहोस्:** अरूले प्रशंसा गर्ने किसिमले जब दुई व्यक्ति मिलेर काम गर्दछन्, तब तिनीहरू एक-अर्कामा धेरै इर्ष्यालु पनि बन्न पुगेका हुन्छन् । जोनाथन दाऊदप्रति इर्ष्यालु बन्नुको सट्टामा, तिनले उनलाई आफूलाई झैं प्रेम गरे भन्ने कुरालाई तपाईंले कसरी सोच्नुभएको छ? तिनीहरू दुबै जनाको हृदयमा को हुनुहुन्थ्यो?

## शुक्रबार


६

गोल्यतको मृत्यु भइसकेको थियो ; राजा शाऊलले दाऊदलाई आफूसितै बस्न आग्रह गरेका थिए; र त्यस कुराप्रति शाऊलका छोरा जोनाथन पनि खुशी नै थिए । तिनी आफू दाऊदसित आत्मामा एक हुन सक्छन् भन्ने कुरा जोनाथनलाई थाहा थियो, किनकि दुईटैले परमेश्वरलाई प्रेम गर्थे, र उहाँमाथि भरोसा राख्थे ।

गोल्यतलाई मारेर दाऊद राष्ट्रिय नायक बनिसकेको कुरा जोनाथनलाई थाहा थियो । तर तिनले दाऊदप्रति इर्ष्या गरेका छैनन् भन्ने कुरा कसरी देखाइरहेको थियो? १ शमूएल १८:४ पढ्नुहोस् ।

दाऊद, जसले गोल्यतलाई मारेका थिए, जो चाहिँ अहिलेको राजाको परिवारको एक हिस्सा बन्न पुगेका छन्, त्यसलाई नै परमेश्वरले अर्को राजाको निम्ति चुन्नुभएको थियो भन्ने कुरा शाऊललाई थाहा थिएन । शाऊललाई दाऊदमाथि पूरा भरोसा थियो, र त्यस्तो बहादुर र आज्ञाकारी सिपाही आफ्नो साथमा हुँदा तिनी धेरै नै खुशी थिए । पद ५ पढ्नुहोस् ।

तर एकदिन, जब राजा शाऊल र दाऊद आफूहरूलाई



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

समस्या निम्त्याइरहेका पलिश्तीहरूलाई युद्धमा पराजित गरेर फर्किरहेका थिए, तब एउटा त्यस्तो घटना घट्यो, जुन घटनाले शाऊललाई दाऊदप्रतिको विश्वास कम भयो । पदहरू ६, ७ पढ्नुहोस् ।

अचानक एउटा भयानक र हानिकारक आत्माले शाऊलको मन-मस्तिष्कमा एउटा अगमवाणी बोल्यो, र शाऊलले दाऊदप्रति डाह गर्न थाल्यो । राजा शाऊलभन्दा पनि दाऊद धेरै प्रख्यात बन्न पुगेको कुरा स्वाभाविक लाग्थ्यो । त्यसकारण, त्यसबेलादेखि राजा शाऊलले के गर्ने सोचे त? पदहरू ८, ९ पढ्नुहोस् ।

**सोच्नुहोस्:** परमेश्वरले हाम्रो चुन्ने शक्तिलाई कहिल्यै पनि खोस्नुहुन्न, होइन र? तर जब तपाईं इर्ष्यालु बन्न खोज्नुहुन्छ, तब शैतानलाई आफ्नो हृदयमा पस्न दिनलाई तपाईं आफैंले ढोका खोलिदिनु हुन्छ, र इर्ष्यालु व्यक्तिहरू कहिल्यै पनि खुशीसाथ रहन सक्दैनन् । कहिल्यै पनि इर्ष्यालु नबन्न सहायता गर्नुहोस् भनेर अहिले नै प्रभु येशूमा किन पुकारा नगर्ने त?

## अधिक अध्ययनका निम्ति:

१ शमूएल १७; १८:१–९; पेट्रिआँर्कस् एण्ड प्रोफेटस्, पेज ६४४–६५०; द बाइबल स्टोरी, भोल्युम ४, पेज ९–१३ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्र:

# पहिला मेरो बाइबल

पहिलो वर्ष

अध्याय–४, पाठ–१३

# डाहले कस्तो परिणाम ल्याउँदछ



**याद गर्नुपर्ने पदहरू:**
"कुनै-कुनै मित्रचाहिँ दाजुभाइ भन्दा नजिक टाँसिन्छ ।" – हितोपदेश १८:२४

## आइतबार

**१** दाऊदले मजबुत व्यक्ति गोल्यतलाई मारेका थिए । शाऊलले दाऊदलाई आफ्नो सेनाको महत्वपूर्ण सेना नियुक्त गरेका थिए, तर शाऊलको निर्णयप्रति कसैले अचम्म मान्नुपर्ने आवश्यकता थिएन!

तर जब धेरै मानिसहरूले शाऊललाई भन्दा दाऊदको बढी प्रशंसा गर्ने गरेको कुरा राजा शाऊललाई थाहा भयो, तब के भयो त? १ शमूएल १८:८, ९ पढ्नुहोस् ।

अब, शाऊलको मन-मस्तिष्कमा पहिले भन्दा धेरै शैतानका हानिकारक आत्माहरूले भरिए, र यस समय दाऊदले बजाएका वीणाहरू र उनले गाएका गीतहरूले तिनलाई कुनै सन्तुष्टि भएन । शाऊलले दाऊदबाट मुक्त हुन चाहेका थिए । शाऊलले के गरे त? पदहरू १०, ११ पढ्नुहोस् ।

अब शाऊल डराएका थिए । परमेश्वरले दाऊदलाई सुरक्षा पनि दिइरहनुभएको थियो, र आशिष् पनि दिइरहनु भएको थियो । तर उहाँले शाऊललाई लामो समयसम्म सुरक्षा दिन सक्नु भएन, र आशिष् पनि दिन सक्नुभएन । पद १२ पढ्नुहोस् ।

कसरी त्यस्तो नराम्रो कुराहरू भइरहेको थियो त? के परमेश्वरले शाऊललाई त्याग्नु भएको थियो? अथवा शाऊलले परमेश्वरलाई त्यागेको थियो? कुन ठीक हो?

अब राजा शाऊल दाऊदसँग डराउन थाले, जो चाहिँ तिनको एउटा असल र ईमान्दार सेना थिए । त्यसैले शाऊलले के गरे त? पद १३ पढ्नुहोस् ।

**सोच्नुहोस्:** परमेश्वरको आज्ञाकारी पुत्र बन्न र उहाँमाथि भरोसा गर्न के परमप्रभुले शाऊललाई धेरै पल्ट मौका दिनुभएको थियो? के शाऊलले अझै पनि सही छनोटहरू गर्न सक्थे? हो, परमप्रभुले शाऊललाई प्रेम गर्नुभयो, तर उहाँलाई प्रेम गर्न र उहाँको आज्ञाहरू पालन गर्नका लागि के उहाँले कसैलाई करकापमा पार्नुहुन्छ र?

## सोमबार

**२** राजा शाऊलले आफ्नो एउटा असल र ईमान्दार सिपाही दाऊदलाई मार्ने षड्यन्त्र रचेका थिए, र त्यो कुरा दाऊदलाई थाहा भइसकेको थियो । तर परमप्रभुले तिनलाई सुरक्षा दिइरहनुहुन्छ भन्ने कुरा दाऊदलाई थाहा थियो, र तिनले राजा शाऊलको मनको कुराहरू बुझेको भए तापनि, तिनी अझै पनि शाऊलप्रति बफादारी बनिरहेका थिए । दाऊदले निरन्तर रूपमा परमेश्वरमाथि नै भरोसा गरिरहे । १ शमूएल १८:१४ पढ्नुहोस् ।

शाऊल कृतज्ञ हुनुपर्थ्यो; तर त्यसको सट्टामा तिनले कस्तो महसुस गरिरहेका थिए त? इस्राएलका मानिसहरूले कस्तो महसुस गरिरहेका थिए त? पदहरू १५, १६ पढ्नुहोस् ।

शाऊलको इर्ष्यालुपन झन् बढ्दै गयो । तिनले अरू थोकको इच्छा गर्नुभन्दा पनि दाऊदबाट छुटकारा पाउनको निम्ति होसियारी अपनाउनु पर्ने कुरा तिनले सोचे । तिनले गर्न गइरहेको कामप्रति धेरै होसियार हुनुपर्छ भन्ने कुरा तिनलाई

थाहा थियो । मानिसहरूले दाऊदलाई धेरै नै मन पराउँथे । त्यसैले दाऊदलाई मार्ने षड्यन्त्रको बारेमा मानिसहरूलाई थाहै नदिइकन कदम चाल्नुपर्छ भनी शाऊलले विचार गरे । दाऊद तिनका शत्रुहरूसित युद्ध गर्न गएको बेलामा तिनकै शत्रुहरूद्वारा दाऊद मारिओस् भनी शाऊलले इच्छा गरे ।

अनि शाऊलले अर्को योजनाको बारेमा विचार गरे । दाऊदबाट छुटकारा पाउनको निम्ति तिनले दाऊदलाई आफ्नै छोरीसित विवाह गर्नलाई राजी बनाउने र छोरीको सहयोगद्वारा आफ्नो योजनालाई सफल पार्ने सोचे । तर शाऊलको छोरीले तिनलाई सहयोग गर्नुको सट्टामा दाऊदलाई नै सहयोग गरिन् । के मूर्ख शाऊल दाऊदको ठूलो शत्रु बनिरहेका थिए? हो, शाऊल दाऊदको ठूलो शत्रु नै बनिसकेका थिए । पदहरू २८, २९ पढ्नुहोस् ।


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

अन्तमा शाऊलले आफ्नो योजनालाई गोप्य नराख्ने विचार गरे । तिनले छोरा जोनाथन र आफ्ना चाकरहरूलाई बोलाए, र शाऊलले उनीहरूलाई के भने? १ शमूएल १९:१ पढ्नुहोस् ।

जोनाथनले अचम्म मानेको हुनुपर्छ । तिनका पिताले तिनका असल मित्रलाई कुनै कारणविना नै मार्ने योजना बनाइरहेका थिए । त्यसबारेमा दाऊदलाई सतर्क गराउनुपर्छ भनी जोनाथनले विचार गरे । अनि तिनले पितासँग दाऊदलाई मार्न खोज्नुको कारण जान्ने कोशिस गरे । पदहरू २, ३ पढ्नुहोस् ।


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

अर्कोदिन, जब जोनाथनले पिता शाऊलसँग बातचित गरे । दाऊद कति आज्ञाकारी छन्, र परमेश्वरले तिनलाई कति धेरै आशिष् दिनुभएको छ भन्ने बारेमा जोनाथनले पिता शाऊललाई याद दिलाए । दाऊद तिनको आफ्नै ज्वाइँ भएको कुरा पनि जोनाथनले पितालाई याद दिलाए । के राजा शाऊल छोरा जोनाथनको कुरामा सहमत भए होलान् त? पदहरू ४–६ पढ्नुहोस् ।

**सोच्नुहोस्:** के जोनाथन एउटा साँचो र आज्ञाकारी मित्र बनिरहेका थिए त? के दाऊदले अझै परमप्रभुमाथि नै भरोसा गरिरहेका थिए?

## मंगलबार

**३** आफ्ना पितासँग कुरा गरिसकेपछि, अब दाऊदले कुनै कुराको चिन्ता गर्नुपर्ने आवश्यकता छैन भनी जोनाथन ढुक्कसाथ बसे । शाऊलले तिनलाई मार्ने मौका हेर्ने छैनन् भनी जोनाथनले दाऊदलाई सुनाए, र दाऊद पहिले झैं शाऊलको सेवामा लागे । १ शमूएल १९:६–८ पढ्नुहोस् ।

तर शाऊलको हृदयभित्र कुनै पनि कुरा बद्लेको थिएन । तिनको मनमा पहिले भन्दा झन् बढी घृणा र इर्ष्या जागृत हुन पुगेको थियो । राजा शाऊल निकै ठूलो समस्यामा छन् भनी तिनका चाकरहरूलाई थाहा भयो, र वीणा बजाएर शाऊललाई आनन्दित तुल्याउन उनका चाकरहरूले दाऊदलाई बोलाए । के शाऊलले यो समय शान्तिको अनुभूति गरे त? पदहरू ९, १० पढ्नुहोस् ।

शाऊलकी छोरी दाऊदकी पत्नी मीकलले त्यहाँ भइरहेका कुराहरूलाई महसुस गर्दै थिइन् । के तिनले पिता शाऊललाई सहयोग गरिन् कि तिनले आफ्नो पति दाऊदलाई सहयोग गरिन्? पदहरू ११, १२ पढ्नुहोस् ।

पिता शाऊलले गर्न आँटेका कामको बारेमा मीकलको सोंच सही थियो । तिनले दाऊदलाई त्यत्तिखेरै भाग्नलाई मद्दत गरिन् । दाऊदलाई पक्रन भनी शाऊलले पठाएका सेनाहरूसँग छल गर्न मीकलले कुनै चाल चालिन्, र तिनले सेनाहरूलाई केही कुरा भनिन्, जुन कुरा साँचो थिएन । पदहरू १३, १४ पढ्नुहोस् ।

अब शाऊल रिसले झन् चूर बन्न पुगे । दाऊद सुतिरहेको भए तापनि खाटै समेत उचालेर ल्याउन शाऊलले चाकरहरूलाई हुकुम गरे । मीकलले छल गरेकी थिइन् भनी जब शाऊलले थाहा पाए, तब दाऊदलाई सहयोग गरेकोमा मीकललाई खूब गाली गरे । अब शाऊलले दाऊदबाट छुटकारा पाउनको निम्ति पहिलेभन्दा झन् होसियारी अपनाउनुपर्छ भन्ने सोचे ।

त्यसरात, दाऊद भागेर शमूएलकहाँ बस्न गएको कुरा जब शाऊलले थाहा पाए, त्यत्तिखेरै तिनले दाऊदलाई पक्रन भनी तुरुन्तै समाचारवाहकहरू पठाए । तर दाऊदलाई कुनै किसिमको हानि नोक्सानीबाट जोगाउन परमप्रभुले तिनीहरूलाई रोक्नुभयो । समाचारवाहकहरूलाई तीन पल्ट पठाएर पनि केही सीप नलाग्दा दाऊदलाई पक्रनका लागि शाऊल आफैं गए । तर परमेश्वरले दाऊदलाई सुरक्षा दिनुभयो, र शाऊलले तिनलाई मार्न सकेनन् ।

**सोच्नुहोस्:** तिनलाई मार्ने कोशिसको निम्ति शाऊललाई कुनै पनि कुराले छेक्ने छैनन् भन्ने कुरा दाऊदलाई राम्रोसँग थाहा थियो । के दाऊदले निरन्तर रूपमा परमेश्वरमाथि नै भरोसा राखिरहे होलान् त? के तपाईंले आफ्नो सुरक्षाको निम्ति निरन्तर रूपमा परमप्रभु परमेश्वरमाथि भरोसा राख्नुहुन्छ?

## बुधबार

**४** जब दाऊद शमूएल भएको ठाउँबाट गए, तब तिनी आफ्नो प्रिय मित्र जोनाथनलाई भेट्न गए । शाऊलले


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

तिनलाई किन मार्ने उद्देश्य बनाएको हो भन्ने कुरा दाऊदले जोनाथनबाट बुझ्न चाहे । १ शमूएल २०:१ पढ्नुहोस् ।

शाऊलले छोरा जोनाथनलाई नसोधिकन दाऊदलाई कुनै हानि नोक्सानी गर्ने छैनन् भनेकाले जोनाथन ढुक्कसाथ बसेका थिए । कुनै पनि कुराको चिन्ता लिनु नपर्ने कुरा जोनाथनले दाऊदलाई सम्झाए । पद २ पढ्नुहोस् ।

दाऊद र जोनाथन घनिष्ठ मित्र थिए, तर त्यो कुरा शाऊललाई थाहा भएकाले शाऊलले छोरा जोनाथनलाई सत्य कुरा बताउँदैन भनी दाऊदले विचार गरे । अन्तमा, पिता शाऊल र दाऊद यी दुई मध्ये को चाहिँ सही छन् भन्ने कुरा जोनाथनले पत्ता लगाउन चाहे । त्यो निर्णय गर्नको लागि जोनाथनले के योजना बनाए त? पदहरू ३–७ पढ्नुहोस् ।

के भयो भनी दाऊदले कसरी थाहा पाउने भनेर दाऊद र जोनाथानले त्यसका लागि पनि योजना बनाए । औंसीको चाडपछि, जोनाथन आफ्ना चाकरहरूसित धणुवाण हान्ने अभ्यास गर्न खेतमा जानेछन्, र आवाज सुन्न सक्ने ठाउँमा दाऊद लुकेर बस्नेछन् । त्यतिबेला जोनाथनले चाकरहरूलाई बोलेका कुरालाई सुनेपछि, दाऊदले कुरा बुझ्नेछन् । अनि तिनीहरू सधैंका लागि आत्मामा एक हुने वाचा बन्धनमा बाँधिए, चाहे जस्तोसुकै परिस्थिति आइपरे तापनि केही फरक पर्ने छैन ।

औंसीको चाडको पहिलो दिनमा, दाऊद अनुपस्थित छन् भनी जब शाऊलले चाल पाए, तब तिनलाई लाग्यो, कि पक्कै पनि केही कारण हुनुपर्छ । तर चाडको दोश्रो दिनमा पनि दाऊदको ठाउँ खाली भएको तिनले देखे । शाऊलले त्यसको कारण जान्न चाहे । दाऊदलाई घर जान अनुमति दिएको थिएँ भनी जोनाथनले पिता शाऊललाई बताए । अनि शाऊल आफ्नै छोरासँग रिसले चूर हुन पुगे । पदहरू ३१–३३ पढ्नुहोस् ।

जोनाथनले अचम्म माने, र तिनी धेरै नै निराश बन्न पुगे । दाऊदले तिनलाई भनेका कुराहरू सबै सही थिए, र आफ्ना पिता शाऊलले दाऊदको भलो नचिताएको कुरा तिनले थाहा पाए । तिनी आफ्नो टेबिल छोडेर तुरुन्तै त्यहाँबाट निस्किहाले । पदहरू ३४, ३५ पढ्नुहोस् ।

अर्को बिहान, जोनाथन सानो ठिटासँग मैदानमा गए । दाऊद त्यतैतिर नजिकै लुकेर बसेका थिए, र सुनिरहेका थिए । जोनाथनले त्यो ठिटालाई बोलेको कुरा जब दाऊदले सुने, तब तिनको मन गह्रुँगो भयो । चाडमा के भएको थियो भन्ने कुरा दाऊदले बुझिहाले । पदहरू ३९–४२ पढ्नुहोस् ।

तिनीहरूले एक-अर्कालाई फेरि देख्न पाउनेछन् या छैनन् भन्ने कुरा तिनीहरूले बुझ्नै सकेनन् । जोनाथन आफ्नो घर फर्के, र अब एक्लो बनेका दाऊदले शाऊलको नजरबाट लुक्नुपर्छ भन्ने कुरा मनमा बुझिलिए ।

**सोच्नुहोस्:** के दाऊदले अझै पनि परमेश्वरमाथि नै भरोसा राखे होलान् त?

## बिहीबार

**५**

बाइबलीय कथाहरूको एउटा चाखलाग्दो पक्ष यो हो, कि त्यसमा लेखिएका कथाहरू सबै साँचो हुन् । अरू दन्त्य कथाहरू झैं त्यसमा लेखिएका कथाहरू बनावटी होइनन् । ती कथाहरूले सही छनोट, गलत छनोट र असल व्यक्तिहरूले गरेका गलत छनोटहरूको बारेमा बताउँदछ ।

दाऊदलाई निराश पार्न र पहिले झैं परमेश्वरमाथिको विश्वासलाई त्याग गराउन शैतानले सक्दो कोशिस गरिरहेको थियो भन्ने के तपाईंलाई लाग्छ? हो, शैतानले त्यही गरिरहेको थियो, र दाऊदले परमेश्वरलाई धेरै नै प्रेम गरे तापनि, कहिले काहिँ उनले परमेश्वरमाथि भरोसा गर्न बिर्सन्थे ।

दाऊदले जोनाथनसित बिदा भएर गएपछि तिनी नोवमा गए । सन्दूकलाई शिलोबाट त्यहाँ ल्याइएको थियो । दाऊद अझै पनि शाऊलका विशेष सहयोगी हुन् भनी त्यहाँका पूजाहारीहरूले सोचेका थिए । जब दाऊद त्यहाँ पुगे, तब पूजाहारीहरूलाई आफू शाऊलबाट भागेर आएको बताउनुको सट्टामा, शाऊलको एउटा गोप्य प्रवासी भएर आएको कुरा दाऊदले पूजाहारीहरूलाई बताए ।

जब पूजाहारीहरूले तिनलाई भोजन दिए, तब दोऐग भन्ने शाऊलका एकजना चाकरलाई दाऊदले त्यहाँ देखे । त्यसपछि दोऐगले दाऊदलाई देखेको भनेर शाऊललाई समाचार पठाइदिए, र पूजाहारीहरू दाऊदको पक्षमा भएकाले पूजाहारी र तिनका शाखा सन्तानलाई खतम पार्नलाई शाऊलले दोऐगलाई हुकुम गरे । पूजाहारीहरूका एउटा छोरा भाग्न सफल भए, तर त्यो बाहेक अरू सबैले आफ्नो ज्यान गुमाए । जब दाऊदले ती खबरहरू सुने, तब तिनले धेरै नै डर महसुस गर्न थाले । यदि तिनले केवल परमेश्वरमाथि भरोसा गरेका भए, र सत्य कुरा बताएका भए, ती पूजाहारी र तिनका परिवारहरू सबैको ज्यान बच्न सक्थ्यो!

त्यसपछि दाऊद कहाँ गए, र यो समय तिनको साथमा

को हुनुहुन्थ्यो? १ शमूएल २२:१, २ पढ्नुहोस् ।

दाऊद आफ्नो परिवारको बारेमा चिन्तित बन्नु स्वाभाविक नै थियो । शाऊलको तर्फबाट आफ्नो परिवारलाई कुनै किसिमको हानि नोक्सानी होस् भनी तिनले चाहेनन् । केही समयका लागि तिनीहरू कहाँ गएर बस्नु पर्थ्यो भनेर दाऊदले सोचे? पदहरू ३, ४ पढ्नुहोस् ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

मोआब त्यो ठाउँ हो, जुन ठाउँ दाऊदका हजुरआमा रूथको जन्मघर थियो । केही समयका लागि दाऊद र तिनका मानिसहरू पनि त्यहीं बसे । तर तिनी यहूदामै फर्कनुपर्छ भनी खबर गर्न परमेश्वरले उनीकहाँ अगमवक्ता पठाउनुभयो । दाऊदले परमप्रभुको आज्ञालाई पालन गरे । पद ५ पढ्नुहोस् ।

**सोच्नुहोस्:** यदि शाऊलले दाऊदलाई धपाउन छोडेका भए, दाऊद फेरि किन चिन्तित बन्न पुगे भन्ने कुरा बुझ्नलाई के सहज छ? इस्राएलको अर्को राजाको रूपमा दाऊदलाई अभिषेक गरिएको कुरालाई के परमेश्वरले बिर्सनुभएको थियो र?

## शुक्रबार

**६**

दाऊद इस्राएलीहरूको शत्रु हो भन्ने कुरा सोच्नलाई मानिसहरूलाई बाध्य बनाउन शाऊलले लाखौं पटक कोशिस गरे तापनि, त्यो कुरा सत्य होइन भनी इस्राएलीहरूलाई थाहा थियो । तर दाऊद र तिनका मानिसहरू कहाँ लुकिरहेका छन् भनेर जासूसी गरेर शाऊललाई खबर गर्नलाई त्यहाँ कोही न कोही हुन्थे । जब जोनाथनले जङ्गलमा दाऊद र तिनका मानिसहरू लुकिरहेको ठाउँ पत्ता लगाए, त्यतिबेला दाऊद धेरै खुशी भए! एकपल्ट फेरि तिनीहरूले आपसमा बातचित गर्ने मौका पाए, र परमेश्वरमाथि निरन्तर रूपमा भरोसा गरिरहन जोनाथनले तिनीहरूलाई प्रोत्साहन दिए । अनि जोनाथन आफ्नो घर फर्केर गए, तर दाऊद चाहिँ शाऊलको नजरबाट बच्नलाई लुकि नै रहे । १ शमूएल २३:१६–१८ पढ्नुहोस् ।

एक समय, शाऊलले दाऊदको खोजी गरिरहेका थिए । जब शाऊल डाँडामा उक्लँदै थिए, तब तिनले एउटा ओडार देखे । तिनले आफ्ना सेनाहरूलाई छोडेर एक्लै ओडारभित्र गए । ओडारको अँध्यारो भागको पल्लो कुनामा दाऊद र तिनका मानिसहरू लुकिरहेको तिनले चाल पाएनन् ।

जब दाऊदका सेनाहरूले शाऊललाई देखे, तब तिनीहरू उत्तेजित भए । यो समय शाऊललाई मार्ने पालो दाऊदको थियो । तर के त्यस्तो भयो त? १ शमूएल २४:४–७ पढ्नुहोस् ।

शाऊल ओडारबाट निस्केर जान थालेपछि, दाऊदले के गरे त? पदहरू ८, ९, १६–१८ पढ्नुहोस् ।

दाऊदले शाऊलको प्रतिज्ञामाथि भरोसा गर्ने जति इच्छा गरे तापनि, शाऊलले आफ्नो मनलाई चाँडै परिवर्तन गर्दछन् भन्ने कुरा दाऊदलाई थाहा थियो । त्यसैले तिनी र तिनका मानिसहरू अझै पनि शाऊलबाट लुकेरै बसे ।

जब दाऊदले शमूएल मरेको खबर पाए, तब तिनी निकै नै भाव विव्हल भए । तिनले शमूएललाई प्रेम गर्थे, जो चाहिँ तिनका पिता समान थिए । तर दाऊदले तिनको दाह-संस्कारमा जाने साहस गर्न सकेनन्, र शमूएल यस संसारमा रहेनन् भन्ने कुराले उनलाई नितान्त एक्लो महसुस गरायो ।

**सोच्नुहोस्:** दाऊदले एकपल्ट होइन, धेरैपल्ट शाऊललाई मार्ने मौका पाएका थिए । तर दाऊदले त्यसो नगर्ने प्रण गरेकोमा के तपाईं खुशी हुनुहुन्छ? शाऊलले आफू गलत छु भन्ने कुरा स्वीकार गरे तापनि, के तिनी साँच्चिकै दु:खी थिए होलान् भन्ने तपाईंलाई लाग्छ?

## अधिक अध्ययनका निम्ति:

१ शमूएल १८:९–१६; १९:१–२१:९; २२:१–२३; २४:१–२५:१; पेट्रिआर्कस् एण्ड प्रोफेटस्, पेज ६५०–६६४; द बाइबल स्टोरी, भोल्युम ४, पेज १४-४०।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्र:

*Unless otherwise stated, Nepali Scripture quoted in this publication is taken from the Nepali New Revised Version. Copyrighted by the Nepal Bible Society1997, 2006, 2009, 2012, 2016. All rights reserved. Used with permission.*



१. समयका उतार चढावहरू



२. गिदोनलाई बोलावट



३. स-साना परीक्षाहरू



४. शिमशोन




५. विश्वासी रूथ



६. हन्नाहको प्रार्थनाको सुनुवाई



७. शमूएलले परमेश्वरको बोलावट सुन्छन



८. स्वर्गदूतहरूद्वारा परमेश्वरको सन्दूकको रक्षा



९. अरूजस्तै हुने इच्छा




१०. राजा शाऊल घमण्डी



११. परमेश्वरले चुन्नुभएको एउटा नयाँ राजा



१२. दाऊद र गोल्यत



१३. डाहले कस्तो परिणाम ल्याउँदछ

वर्ष १

त्रैमासिक ४



# पहिला मेरो बाइबल

## पारिवारिक बाइबल कथा पाठहरु

760copy